२६३

# भक्तपुर

मासिक

Bhaktapur Monthly



# इन्जिनियरिङ्ग कलेजहरूको वार्षिकोत्सव




- बहुस्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि, २०७४
- कला, संस्कृति र सम्पदा संरक्षणमा भक्तपुर नपा
- सम्पदा निर्माणमा ईंटाको महत्व
- भक्तपुरका केही परम्परागत नाच
- नेपालमा शासन गर्ने लिच्छवि शासकहरु
- 'भक्तपुर' मासिक वर्ष ३५ को विषय सूची
- भक्तपुर नगरपालिकाका गतिविधिहरु

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #^✭cÆ !✭g}; ≢!#(✭lj=; ≢@)&%d≢; /✭A.D.2018

कार्यालय : कमलविनायक (वडा नं. १० को कार्यालय भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




(तस्बिर : इन्टरनेट)

Pp6f tl:a/

भुटेको धान ओखलमा राखेर चिउरा बनाउने पुरानो नेवारी परम्परा।


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**'अविद्याको अर्थ मानिसले दुःख बुझ्न नसक्नु, दुःख निरोधको उपाय जान्न नसक्नु र सत्यलाई बुझ्न नसक्नु नै हो ।'- गौतम बुद्ध**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नयाँ पुस्ताले राजनीति नगरे देशको स्थिति झन् खराब हुने | - | ३ |
| २) | जुनसुकै क्षेत्रमा पनि इमानदारी आवश्यक | - | ५ |
| ३) | भक्तपुर नपामा बोदेबर्साइन नपा, सप्तरीका प्रमुख | - | ६ |
| ४) | जनताको सेवा नै ठूलो धर्म | - | ६ |
| ५) | 'भक्तपुर नपा अपाङ्गता भएकाहरूको पक्षमा काम गर्दैछ' | - | ७ |
| ६) | स्थानीय तह बलियो भए जनता पनि बलियो हुने | - | ८ |
| ७) | भुजु पाटी पुनःनिर्माणको शिलान्यास | - | ९ |
| ८) | सल्लाघारी - सूर्यविनायक सफाइ कार्यक्रम | - | १० |
| ९) | नेपाल चिनाउने महत्त्वपूर्ण क्षेत्र भक्तपुर बन्ने विश्वास | - | ११ |
| १०) | सांस्कृतिक बाजाको प्रतियोगिताका लागि सांस्कृतिक गुरुहरूको भेला | - | १२ |
| ११) | वार्षिकोत्सवमा रोबोटिक्स प्रतियोगिता | - | १३ |
| १२) | सिद्धिलक्ष्मी मन्दिरको साँचो भनपालाई हस्तान्तरण | - | १४ |
| १३) | नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको प्रमाणपत्र वितरण तथा धन्यवाद ज्ञापन | - | १५ |
| १४) | तलातुँथी पाटी उद्घाटन | - | १६ |
| १५) | भक्तपुर नगरपालिकामा ब्यास नगरपालिकाको प्रमण्डल | - | १८ |
| १६) | भक्तपुर नपामा इटहरी उपमहानगरपालिकाका प्रमुख | - | १९ |
| १७) | भक्तपुर चिनियाँ पर्यटकहरुका लागि तीर्थस्थल | - | २० |
| १८) | प्राविधिक जनशक्ति उत्पादनमा ख्वप इञ्जिनियरिङ कलेजहरूको ठूलो योगदान छ | सुनिल प्रजापति | २३ |
| १९) | पूँजीवादविरुद्ध निरन्तर संघर्षको नीति आवश्यक | सुनिल प्रजापति | २४ |
| २०) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | - | २६ |
| २१) | मार्क्सको पुनःआगमन | प्रो.रणधीर सिंह | २९ |
| २२) | वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि, २०७४ ... | हरिराम सुवाल | ३४ |
| २३) | कला, संस्कृति र सम्पदा संरक्षणमा भक्तपुर नपा | विगोल | ३६ |
| २४) | सम्पदा निर्माणमा इँटाको ऐतिहासिक महत्त्व | ओम धौभडेल | ४० |
| २५) | विश्वको सबैभन्दा ठूलो चैत्य-बोरोबुदूर | रत्न सुन्दर शाक्य | ४१ |
| २६) | भक्तपुरका केही परम्परागत नाच (संक्षिप्त विश्लेषण) | पुरुषोत्तम लोचन श्रेष्ठ | ४७ |
| २७) | प्राचीन समयमा नेपालमा शासन गर्ने लिच्छवि शासकहरू | सह प्रा.डा. बलराम कायस्थ | ५५ |
| २८) | मधुमेह (Diabetes) | सुमि खर्बुजा | ५८ |
| २९) | सेनाको कब्जामा 'जेठो रानीपोखरी' | लीला श्रेष्ठ, मकर श्रेष्ठ | ६० |
| ३०) | सिद्धपोखरीको पुनःजीवन-थप जानकारी | श्यामसुन्दर | ६३ |
| ३१) | शहरी हरियाली र व्यवस्थापन | सविन ख्याजू | ६५ |
| ३२) | भक्तपुरको जनजीवन एक परिचय | न्हुछेरत्न बुद्धाचार्य | ६८ |
| ३३) | भक्तपुरमा जनै पूर्णिमाको महत्त्व | प्रा.डा.शिवप्रसाद धौभडेल | ७४ |
| ३४) | SKETCHES FROM NIPAL (31) | Henry Ambrose Oldfield | ७६ |
| ३५) | 'भक्तपुर' मासिक वर्ष ३५ को विषय सूची | - | ७८ |
| ३६) | 'नयाँ युग' को चर्चा (सम्पादकको पृष्ठ) | - | ८८ |


**साथमा**


ख्वप संस्कृति अध्ययन केन्द्रको घोषणा-८/पर्यटकको हराएको मोबाइल नगरवासीले भेट्टाए-९/वडा नं. ७ मा किसान भेला-१२/फोहोर मैला व्यवस्थापनसम्बन्धी अवलोकन भ्रमण-१७/नेपालभाषा लिपि, चिनियाँ भाषा र बगैंचा हेरचाह तालिम सम्पन्न-१७/समयमै पत्ता लागे क्यान्सर निको हुने-१९/स्वास्थ्य स्वयम्सेवकहरूले पैसा कमाउनेभन्दा जनताको सेवामा ध्यान केन्द्रित गर्नुपर्ने-२१/कानुन व्यवसाय नैतिकतासँग जोडिएको पेशा-२१/भक्तपुर नगरपालिकाको बजार अनुगमन-२२/चिनियाँ नीतिकथा:असन्तोष-३९/बसिबियाँलो-४२/नगरपालिकाको केही गतिविधि (रंगीन पृष्ठ)-४३/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-५९/तपाईंको भान्साः लसुनले लखेट्छ यी रोग-६४/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ कार्तिक महिनाको प्रतिवेदन-६७/ल्हासा प्वा सरस्वतीस्थानको परिचय-प्रेमप्रसाद काफ्ले-७१/मौलिकतामा हस्तक्षेप-७३/पाटी विवरण- वडा नं. २ (साविक वडा नं.१० र १५)-७५/नेपालको संविधान २०७२, भाग-२८, अन्य आयोगहरू (३८)-७७/कार्तिक महिनाको पर्यटक तथ्याङ्क-८७ ।

### इन्जिनियरिङ कलेजहरूको वार्षिकोत्सव सम्पन्न

# नयाँ पुस्ताले राजनीति नगरे देशको स्थिति झन् खराब हुने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको १७ औं र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको १० औं वार्षिकोत्सव समारोह (मंसिर १३-१४ गते) सम्पन्न भयो ।

समारोहको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले जताततै प्रधानमन्त्रीको फोटो टाँस्दैमा सरकारको अस्तित्व राम्रो नहुने र सत्तासीन सरकारहरूले राजनीतिलाई ख्यालठट्टाको विषय बनाइरहेको आरोप लगाउनुभयो ।

अध्यक्ष बिजुक्छेंले नाफा र कमिसन खानको निम्ति विश्वविद्यालय र कलेजहरू सञ्चालन गर्नु गलत भएको बताउँदै पूँजीवादी व्यवस्थामा संघर्ष गर्न गाह्रो हुने तर नेपाल मजदुर किसान पार्टीले सैद्धान्तिक संघर्ष कहिल्यै नछोड्ने बताउनुभयो ।


प्रमुख अतिथि नारायणमान बिजुक्छें

अध्यक्ष बिजुक्छेंले भन्नुभयो –'शासक दलका नेताहरूको काम-कारबाहीले गर्दा युवाहरूमा राजनीतिप्रति वितृष्णा जागेको छ । यसको जिम्मेवार ती शासक दलका नेता-कार्यकर्ताहरू नै हुन् । नयाँ पुस्ताले राजनीति गरेन भने देशको स्थिति झन् खराब हुँदै जानेछ ।'


सांसद प्रेम सुवाल

कार्यक्रममा बोल्दै नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा देशभरिका विद्यार्थीहरूले कम शुल्कमा गुणस्तरीय शिक्षा पाइरहेको बताउँदै देशको सन्तुलित विकास गर्न र भ्रष्टाचारको विरोधमा आफूहरू सधैं अग्रसर भइरहने बताउनुभयो ।

उहाँले सरकारको नीति तथा कार्यक्रम, बजेट र विधेयकहरू संविधानउन्मुख नभएको बताउँदै सरकारमा गएका नेताहरूका कारण देशमा भ्रष्टाचार र अनियमितता बढिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षाको महत्त्व बुझ्दै विभिन्न विषयका कलेजहरू सञ्चालन गरी शैक्षिक जगतमा पाइला हालेको



प्रमुख सुनिल प्रजापति

स्मरण गर्दै स्थानीय सरकार बलियो भए जनता पनि बलिया हुने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका विगतका दिनहरूदेखि नै एनजीओ र आईएनजीओप्रति सचेत हुँदै काम गरेको बताउँदै प्रमुख प्रजापतिले आफ्नो खुट्टामा उभेर बाँच्ने मानिस स्वाभिमान भएर बाँच्न सक्षम हुने बताउनुभयो ।



सांसद सुरेन्द्रराज गोसाईं

प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाईंले देशका अरु शैक्षिक संस्थानभन्दा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको सौन्दर्य र गौरव विशिष्ट रहेको चर्चा गर्दै प्रदेश सरकारको अस्तित्व राजनीतिक बुँख्याचाको रूपमा प्रस्तुत भएको बताउनुभयो ।



सांसद सूजना सैंजु

प्रदेश ३ का अर्को सांसद सृजना सैंजुले महिलाले पद पाउँदैमा समानता आउँछ भन्ने भ्रम भएको देशमा व्याप्त बलात्कारको घटनाले प्रमाणित गर्दैछ भन्दै बलात्कारी र अपराधीलाई संरक्षण गर्ने सरकार जनतालाई अस्वीकार्य रहेको बताउनुभयो ।



उपप्रमुख रजनी जोशी

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सांस्कृतिक नगर भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा स्थापना गर्ने भक्तपुर नपाको लक्ष्य रहेको बताउनुभयो ।



डीन प्रा.डा. त्रिरत्न बज्राचार्य

इञ्जिनियरिङ अध्ययन संस्थानका डीन प्रा.डा. त्रिरत्न बज्राचार्यले भक्तपुरमा ख्वप ई. कलेजको स्थापना नभएको भए धेरै विद्यार्थी इञ्जिनियरिङ शिक्षाबाट बञ्चित हुने बताउँदै इञ्जिनियरिङ शिक्षाको गुणस्तर कायम गर्न नीतिगत व्यवस्थाहरू आवश्यक भएको बताउनुभयो ।



प्राध्यापक डा. प्रेमनाथ मास्के

इञ्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक डा. प्रेमनाथ मास्केले कलेजले आगामी दिनहरूमा गुणस्तरीय व्यवस्थापन, व्यवस्थित पुस्तकालय र अनुसन्धानात्मक शिक्षालाई जोड दिनुपर्ने बताउनुभयो ।



प्राचार्य सुजन माक

कार्यक्रममा ख्वप इ. कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इञ्जिनियरिङ कलेजका प्राचार्य सुनिल दुवालले कलेजको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।



प्राचार्य सुनिल दुवाल

उक्त वार्षिकोत्सव समारोहमा ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा १० वर्षभन्दा बढी सेवा गरेका शिक्षक तथा कर्मचारीहरूलाई प्रमुख अतिथि बिजुक्छेंले कदर पत्र प्रदान गर्नुभएको थियो ।

वार्षिकोत्सवको अवसरमा कलेजले ३१ वटा रोबोट र विद्यार्थीहरूद्वारा प्रस्तुत थेसिसको प्रदर्शनी गरिएको थियो ।

सफाइ अरुको लागि होइन हाम्रो आफ्नै लागि हो ।

# जुनसुकै क्षेत्रमा पनि इमानदारी आवश्यक

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङमा शैक्षिकसत्र २०७५/७६ मा भर्ना भएका विद्यार्थीहरूको स्वागत एवं अभिमुखीकरण कार्यक्रम कार्तिक २९ गते कलेजमा सम्पन्न भयो ।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले जुनसकै स्थान वा क्षेत्रमा काम गरे पनि विद्यार्थीहरूले सेवा गर्ने भावनाका साथ इमानदारीपूर्वक काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले शिक्षा र स्वास्थ्य व्यापारीहरूको हातमा गइरहेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, 'भनपाबाट सञ्चालन हुने मेडिकल कलेजमा विकृति र विसङ्गति हुनेछैन । रु. १०–१५ लाखमा गुणस्तरीय चिकित्सा शिक्षा उपलब्ध हुनेछ ।' 'परीक्षामा नक्कल गर्ने मानसिकता त्यागी लगनशील भई अध्ययनमा जोड दिनु आवश्यक छ', अध्यक्ष रोहितले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले जनताको चाहनाअनुसार मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालन गर्ने बताउनुभयो । 'सबै स्थानीय तहले शिक्षामा जोड दिनु आवश्यक छ । मन्त्री र सरकारमा गएका पार्टीका नेताहरूले स्थानीय निकायले शिक्षामा हातहाल्नु हुन्न भनी अभिव्यक्ति दिनु आपत्तिजनक छ । राजनीति राम्रो भएमा देश र समाजको पनि हित हुन्छ', उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष आर्किटेक्ट रजनी जोशीले सुनौलो भविष्यको लागि विद्यार्थीहरू चिन्तनशील, अध्ययनशील र सृजनशील हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल इञ्जिनियरिङ परिषद्का अध्यक्ष ई. डिल्लीरमण निरौला, इञ्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक डा. शशिधरराम जोशीले पनि बोल्नुभएको थियो ।

ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माक र ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले कलेजको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा जिन्सी शाखा प्रमुख राजन जतिले पनि बोल्नुभएको थियो ।



# भक्तपुर नपामा बोदेबर्साइन नपा, सप्तरीका प्रमुख

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग सप्तरी जिल्लाको बोदेबर्साइन नपाका प्रमुख अतेशसिंह यादवले मंसिर १८ गते भेट गर्नुभयो ।



भेटको सामुहिक तस्बिर

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नपाको सन्तुलित विकासको लागि योजनावद्ध तरिकाले अगाडि बढिरहेको र पर्यटकको बसाई लम्ब्याउन पर्यटकमैत्री कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको बताउँदै देशभरिका विद्यार्थीले अध्ययन गरिरहेको नगरपालिकाद्वारा सञ्चालित कलेजले सस्तो र गुणस्तरीय शिक्षा दिइरहेको बताउनुभयो ।

इञ्जिनियरिङ शिक्षामा ख्वप ई. कलेज उदाहरणीय रूपमा अगाडि बढिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा नगरपालिका स्वयंले सञ्चालन गर्ने गरी कार्य अगाडि बढिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो –'भक्तपुर नगरपालिकाले विदेशी सहयोगविनानै सम्पदा संरचना र विकास निर्माणको कार्य गरिरहेको छ र विश्वविद्यालय सञ्चालनको लागि स्वीकृति चाहिएको हो, आर्थिक सहयोग होइन ।' देश एनजीओ/आइएनजीओको कारण बिग्रिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले देशमा साम्प्रदायिक दंगा फैलाउने काममा पनि एनजीओ/आइएनजीओहरूको भूमिका रहेको बताउनुभयो ।

नयाँ पुस्तालाई स्थानीय ठाउँ, चाडपर्व र अन्य विषयवस्तुको जानकारी दिन स्थानीय पाठ्यक्रम लागु गरेको जानकारी गराउनुहुँदै उहाँले भक्तपुर नगरपालिकालाई पारदर्शिताको नमुना नगरपालिकाको रूपमा विकास गरिरहेको बताउनुभयो ।

भेटमा बोदेबर्साइन नपाका प्रमुख यादवले सप्तरी सानो तर धेरै समस्या भएको जिल्ला भएको र अधिकांश युवाहरू वैदेशिक रोजगारीको लागि विदेशिंदा खेतीयोग्य जमिन बाँझो भएको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाबाट शिक्षा, सम्पदा संरक्षण, स्वास्थ्य र सरसफाइबारे सिक्न चाहेको बताउनुभयो ।

उहाँले एनजीओ र आइएनजीओहरू कार्यकर्ता पाल्ने संस्थाको रूपमा विकास भइरहेको बताउनुहुँदै विकास निर्माणका काममा ठेक्कापट्टा दिनु गलत हुने बताउनुभयो ।

उक्त भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोरा र वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांको पनि उपस्थिति थियो ।

# जनताको सेवा नै ठूलो धर्म

'जनताको सेवा गर्ने जस्तो ठूलो धर्म केही छैन ।'

उक्त कुरा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले मंसिर १८ गते हनुमानघाट रामायण भजनको ३२ औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन मन्तव्यमा बताउनु भएको हो ।

प्रमुख प्रजापतिले पुर्खाले बनाएको सम्पत्तिले नयाँ पुस्ताको सेवा गरिरहेको र हाम्रो मौलिक पहिचान गुमाउने कार्यबाट हामी सचेत हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले हनुमानघाट परिसर सुधार गर्न गुरुयोजना तयार गरिरहेको जानकारी गराउनुहुँदै पवित्र र धार्मिक तीर्थस्थलको रूपमा परिचित हनुमानघाटको सुधारमा नगरवासीको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो । प्रमुख प्रजापतिले नगरवासी सचेत भए मात्र सिङ्गो समाज सचेत हुने बताउनुहुँदै अनुशासित समाज निर्माणमा भक्तपुर नपा अरु नपाभन्दा फरक र विशेष ढङ्गले अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको फोहोर व्यवस्थापनको लागि उपचारपोखरीका व्यवस्थापनको कार्यबारे अध्ययन अगाडि बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशी आकर्षणका प्रमुख विषय यहाँको सम्पदा र सरसफाइ नै रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले समाजको सेवाको निम्ति खोलिएको संस्थाले एकीकृत योजनाहरू बनाउँदै अगाडि जानुपर्ने र सांस्कृतिक एवम् धार्मिक महत्त्व बोकेको हनुमानघाट परिसरको व्यवस्थापन र सुधारको कार्य अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति बलराम प्रजापति, संगीतकार बद्रीनारायण ताम्राकार र पुजारी कविता शर्माले पनि बोल्नुभएको थियो ।

# 'eQmk'/ gkf ckfË tf ePsfx¿ sf]k|Ifdf sfd ub}5'




भक्तपुर नगरपालिकालाई अपाङ्गमैत्री नगरको रूपमा विकास गर्न लागिपरेको कुरा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले २७ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा मंसिर १७ गते आयोजित कार्यक्रममा बताउनुभयो ।

उक्त कुरा अपाङ्गता समन्वय समिति, भक्तपुरको आयोजनामा भएको कार्यक्रममा प्रमुख प्रजापतिले अपाङ्गता भएका विद्यार्थीको सम्मान तथा प्रतिभा प्रदर्शनी कार्यक्रमको उद्घाटन गर्दै बताउनु भएको हो ।

यस वर्षको मूल नारा 'अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण तथा समावेशीता, समानताको सुनिश्चितता' र 'मलाई गणना गर, समावेश गर' रहेको छ ।

अपाङ्गता कसैको रहर होइन भन्नुहुँदै अपाङ्गता भएको व्यक्तिले अवसर पाएको खण्डमा जस्तोसुकै चुनौतिको सामना गर्न पनि सक्षम भएको प्रमुख प्रजापतिले बताउनुभयो । उहाँले भक्तपुर नपाले स्थानीय समन्वय समिति गठन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्रको आधारमा सेवा सुविधा दिने प्रयासमा रहेको र शारीरिक रूपमा अशक्त व्यक्तिहरूलाई समावेश गरी नगरपालिकाले आफ्नो कार्य अगाडि लाने बताउनुभयो ।

विदेशी सहयोगमा चल्ने सरकारी र गैरसरकारी संस्थाको सहयोगले स्वतन्त्र र सार्वभौम रूपले काम गर्न बाधा पुग्ने बताउनुहुँदै प्रमुख प्रजापतिले सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि निःशुल्क शिक्षा र स्वास्थ्योपचारको बन्दोबस्त गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो – 'राज्यको नारा राम्रा र कर्णप्रिय मात्र भएर पुग्दैन । विकास मन्त्री र सांसदको निर्वाचन क्षेत्र केन्द्रित होइन गरिब जनता केन्द्रित गरी सरकारले नीति–नियमहरू बनाउनु आवश्यक छ ।'

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले अपाङ्गता भएका व्यक्तिहरू शिक्षाबाट बञ्चित हुन नहुने र उनीहरूको हितको निम्ति आवश्यक छलफल र योजनालाई ध्यानमा राखी काम गर्ने बताउनुभयो ।

मस्कुलर डिस्ट्रोफीका अध्यक्ष हिमालयश्वरलाल मूलले सहयोगको लागि सरकारको मुख ताक्दा असफलतामात्र हात लाग्ने बताउँदै काठमाडौंको वीर अस्पतालमा मस्कुलर डिस्ट्रोफी रोग पहिचान हुने मेसिनको आवश्यकता भएको र शारीरिक अशक्त व्यक्तिले सस्तो र सुलभ उपचार पाउनुपर्ने बताउनुभयो ।

समानताको लागि आवाज संस्थाका अध्यक्ष रमा ढकालले स्थानीय सरकारले अपाङ्गता भएको व्यक्तिलाई पनि समावेश गर्नुपर्ने र उनीहरूको व्यक्तित्व विकासको निम्ति सीपमूलक तालिमहरू आवश्यक रहेको बताउनुभयो ।

सी.बी.आर.का पूर्व अध्यक्ष तथा आर.सी.आर.डी.का अध्यक्ष सूर्यभक्त प्रजापतिले अपाङ्गता भएका बालबालिकाको लागि समानतामूलक व्यवहार आवश्यक भएको बताउनुभयो ।

उच्च शिक्षा हासिल गरेका अपाङ्गता भएका विद्यार्थीहरूलाई भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले सम्मान पत्र प्रदान गर्नुभएको कार्यक्रममा सुस्त मनस्थिति कल्याणका बालबालिकाद्वारा गीत, नृत्य, गजल प्रस्तुत गरेका थिए ।

# स्थानीय तह बलियो भए जनता पनि बलियो हुने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राजनीति जनताको सेवाको निम्ति हो, व्यक्तिगत फाइदा, नाफा र सुविधा उपभोगको लागि नभएको बताउनुभयो।



अन्तरवार्ता दिँदै प्रमुख प्रजापति (दायाँ)

एभीन्युज टेलिभिजनका प्रस्तोता राजन कुइँकेलसँगको अन्तरवार्ता (मंसिर १४ गते) मा बोल्दै प्रमुख प्रजापतिले पर्यटकीय महत्त्व बोकेको भक्तपुर नगरपालिका यहाँको सम्पदा पुन:निर्माण, फोहोर व्यवस्थापन र भक्तपुर नगरको मौलिकता जोगाउन आफूहरू सक्षम भएको बताउनुभयो।

उहाँले स्थानीय तह बलियो भए जनता पनि बलियो हुने बताउँदै नगरवासीहरूलाई सुविधा दिने हिसाबले नगरपालिकाले काम गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले विश्वविद्यालय सञ्चालनको अनुमति पाएको खण्डमा देशकै लागि सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने नमुना विश्वविद्यालय निर्माण गर्ने सोचले अगाडि बढेको बताउनुभयो।

सम्पदा पुन:निर्माणजस्तो संवेदनशील र देशको गौरवसँग जोडिएको कार्य ठेक्कापट्टामा गराउनु गलत भएको बताउनु हुँदै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न देशमा विदेशी सहयोगको नाउँमा हुने हस्तक्षेप स्वीकार्य नहुने बताउनुभयो।

एक प्रश्नको उत्तरमा उहाँले भन्नुभयो– 'आधुनिकता चाहने नगरवासीहरूको लागि एकीकृत जग्गा आवास योजना पनि भक्तपुर नगरपालिकाले सञ्चालन गरेको छ। साथै पुरानो नगरको स्वरूप र मौलिकतालाई पनि ध्यानमा राखेका छौं। पुरानो क्षेत्रभित्र बसोबास गर्ने नगरवासीहरूलाई मौलिक स्वरूपमा घर बनाएमा घरको मोहदामा लाग्ने इँटा, काठ र झिँगटीमा खर्च मध्ये ३५ प्रतिशत अनुदानको व्यवस्था गरेका छौं।'

# ख्वप संस्कृति अध्ययन केन्द्रको घोषणा

शताब्दीपुरुष तथा संस्कृतिविद् सत्यमोहन जोशीबाट वीरशैव जङ्गम सङ्ग्रहालय तथा ख्वप संस्कृति अध्ययन केन्द्रको घोषणा तथा उद्घाटन कार्यक्रम पानसमा दीप प्रज्ज्वलन गरी सम्पन्न भयो। उक्त कार्यक्रम जङ्गम प्रतिष्ठान, जङ्गम मठ भक्तपुरको आयोजनामा मंसिर १० गते भएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुर्खाको सम्पत्ति संरक्षण गरेर पहिचान गर्नु र त्यसको सम्बर्धन गर्नु हाम्रो दायित्व भएको बताउनुभयो।

उहाँले भन्नुभयो – 'भक्तपुर नगरपालिकाले प्राप्त प्रमाणका आधारमा सम्पदा पुन:निर्माण तथा जीर्णोद्धारको कार्यलाई अगाडि बढाइरहेको छ। साथै भनपाले भक्तपुरमा सांस्कृतिक सङ्ग्रहालय खोल्न अध्ययन गरिरहेको छ।'

भक्तपुरमा सांस्कृतिक सङ्ग्रहालय निर्माण हुनु देशकै प्रतिष्ठा भएको बताउँदै प्रमुख प्रजापतिले भक्तपुरमा आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्ने राम्रो माध्यम भएको बताउनुभयो।




प्रमुख प्रजापति मन्तव्य दिँदै

कार्यक्रममा इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुर नगर आफैमा खुल्ला आकासमुनिको सङ्ग्रहालय भएको बताउँदै ख्वप संस्कृति अध्ययन केन्द्रले देशको प्रतिष्ठा बढाउन मद्दत पुग्नु बताउनुभयो।

# भुजु पाटी पुन:निर्माणको शिलान्यास

भक्तपुर नगरपालिका वडा नं. ३ बाराहीस्थानस्थित भुजु पाटी पुन:निर्माणको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मंसिर १६ गते एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका सम्पदा संरक्षण र लोप भएका सम्पदाहरूको उत्खनन गर्ने कार्यमा लागेको बताउनु हुँदै संरक्षण कार्यमा नगरवासीहरूको सहयोगको अपेक्षा राख्नुभयो । सम्पदा पुनर्निर्माण कार्य गुणस्तरीय हुनुपर्ने भएकोले सो कार्य ठेक्कापट्टाभन्दा पनि जनश्रमदान र अमानतबाट गरिनुपर्ने बताउनुभयो ।



प्रमुख प्रजापति पाटी शिलान्या पछि मन्तव्य दिँदै (इन्सेट) र सडक निर्माण स्थल अवलोकन गर्दै

उहाँले सार्वजनिक ठाउँ संरक्षणको लागि सामुहिक भावना विकास गर्नुपर्ने र नगरपालिका साझा संस्था भएकोले उपभोक्ता समितिमार्फत् यस्ता कार्य गर्दा जनता लाभान्वित हुनेमा विश्वस्त भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका सुन्दर नगर बनाउन प्रयासरत रहेको बताउनुहुँदै नगरवासीको शारीरिक तन्दुरुष्टी र विकासको लागि खेलकुद तथा फिटनेस सामग्रीको व्यवस्था गरिरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले पुर्खाले सिर्जना गरी छोडेर गएका सम्पदाहरू संरक्षण गरेर अन्य नगरपालिकाका जनप्रतिनिधिहरूलाई समेत सिक्नका लागि भक्तपुर उदाहरणीय बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा–३ का वडाध्यक्ष राजकृष्ण गोराले पुर्खाले सिर्जना गरेका सम्पदाले भरिपूर्ण भक्तपुर नगरलाई पर्यटकीय आकर्षणको केन्द्रविन्दु बनाउन र समग्र आर्थिक प्रगतिका लागि वडावासीको सहयोग र जनश्रमदानको महत्त्वपूर्ण योगदान हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सम्पदा संरक्षणमा अग्रज पुस्ताले गरेको मेहनत र त्यागको भावना नयाँ पुस्तामा पनि हस्तान्तरण गर्न सके समाज निकै अगाडि बढ्ने बताउनुभयो ।

कार्यक्रममा नगरकार्यपालिका सदस्य सुनिता अवाल र उपभोक्ता समितिका अध्यक्ष रामसुन्दर खाताखोले पनि बोल्नुभएको थियो ।

## पर्यटकको हराएको मोबाइल नगरवासीले भेट्टाए

भक्तपुर भ्रमणमा आएका चिनियाँ पर्यटकको मंसिर ५ गते हराएको मोबाइल भक्तपुर नगरपालिकाका एक नगरवासीले भेट्टाएर बुझाउन ल्याएको छ । होटल एम्बासाडरमा बस्ने चिनियाँ पर्यटकलाई उक्त मोबाइल बुझाउन सोही साँझ भक्तपुर नगरपालिकाको पर्यटक सेवा केन्द्रले महानगरीय प्रहरी परिसरका प्रहरी निरीक्षक कृष्ण श्रेष्ठलाई हस्तान्तरण गरियो ।



# सल्लाघारी - सूर्यविनायक सफाइ कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत मंसिर १५ गते भक्तपुर नगरपालिकाको पश्चिम सिमाना सल्लाघारी जस्तिको पुलदेखि सूर्यविनायक भुलाँचासम्मको अरनिको राजमार्ग तथा सर्भिस ट्र्याकको सरसफाइ सम्पन्न भयो।



उक्त सरसफाइ कार्यक्रममा कर्मचारीहरू विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक, विभिन्न सहकारी, संघसंस्था, प्रहरी र सेनाको उल्लेख्य सहभागिता रहेको थियो ।

सफाइ कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले सूर्यविनायकदेखि सल्लाघारी जस्तिको पुलसम्मको एकै पटक चार ठाउँबाट सबै स्थानमा सफा गर्ने दोश्रो पटकको योजना भएको बताउँदै नगरवासीहरूमा सचेतना जगाई नगरवासीहरू आफै उत्साहित भई सरसफाइ कार्यक्रम सफल बनाएकोमा धन्यवाद दिनुभयो ।

उहाँले भक्तपुर नगरभित्र रहेको विद्यालयले एक विद्यालय एक सम्पदा सरसफाइ कार्यक्रम पनि विद्यालय आफै उत्साहित भई निरन्तरता दिई सफलता पूर्वक सम्पन्न गरिरहेको बताउँदै विदेशी आएर सफाइ गर्ने होइन हामी हाम्रो ठाउँमा हामीले नै सफा गर्नुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले हरेक कार्य राष्ट्रिय गैर सरकारी संस्था (एनजिओ) र अन्तराष्ट्रिय गैर सरकारी संस्था (आईएनजिओ)को भर नपरी स्वावलम्बी भई आफैले गर्नुपर्ने बताउँदै देशको नमुना नगरको रूपमा विकास गर्न शिक्षा, स्वास्थ्य र खेलकुदमा अगाडि बढिरहेको साथै विश्व विद्यालयसमेत खोलेर नमुना बनाउने सोच रहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले समृद्ध नगरपालिका बनाउने जनप्रतिनिधिहरूको सोच र ऐतिहासिक धरोहरमा धनी यस नगरको अनुकरणीय कार्य देशभरका नगरपालिकालाई मार्ग निर्देशन तथा अध्ययन गर्ने स्थलको रूपमा विकास भइरहको बताउँदै सुरक्षित र समृद्ध नगर बनाउने जनप्रतिनिधिहरूको पहलमा सहयोग गर्ने बताउनुभयो ।

उहाँले नगरको पार्किङ्को व्यवस्थामा पनि ध्यान दिनुपर्ने बताउँदै सरसफाइ कार्यक्रममा उत्कृष्ट व्यवस्थापन र परिचालन भएको साथै सचेतनाको सूचना प्रवाह गर्ने माध्यम प्रमाणित भएको बताउनुभयो।



कार्यक्रममा वडाध्यक्षत्रय रविन्द्र ज्याख्व, कुमार चवाल, राजकृष्ण गोरा र वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# नेपाल चिनाउने महत्त्वपूर्ण क्षेत्र भक्तपुर बन्ने विश्वास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कला, संस्कृति र सम्पदाले भरिएको भक्तपुर नगरलाई इटालीको रोम जस्तै मानिन थालेको बताउनुभयो।

भनपा ९ नं. वडास्थित वाकुपति चाँगुनारायण मन्दिर परिसरमा मंसिर १५ गते आयोजित विशेष कार्यक्रममा प्रमुख प्रजापतिले पुर्खाले सिर्जना गरी छोडेर गएका सम्पदाहरू संरक्षणमात्र गर्नसके पनि संसार साम् नेपाललाई चिनाउने महत्त्वपूर्ण क्षेत्र भक्तपुर बन्ने विश्वास व्यक्त गर्नुभयो।




कार्यक्रममा मञ्चासिन प्रमुख प्रजापति लगायत

वाकुपतिनारायण मन्दिर परिसरमा चतुर्मास कथा वाचन कार्यक्रमको समापनमा उपस्थित ज्येष्ठ नागरिक, महिला एवं स्थानीय जनताको भेलामा बोल्दै उहाँले भन्नुभयो, अग्रज पुस्ताको अनुभव र नयाँ पुस्ताको ऊर्जाको संयोजनले कठिन कार्य पनि सफलतापूर्वक टुंगिन्छ।

प्रमुख प्रजापतिले उमेरले साठी कटे पनि मन्दिर परिसर संरक्षण कार्य तथा सुनको छाना छाउन उपभोक्ता समितिमा बसी उत्साहपूर्वक लागिरहनु हुने ज्येष्ठ नागरिकहरूप्रति सम्मान व्यक्त गर्दै समाजको हितमा अहिले गरेको योगदान भविष्यमा स्वर्णाक्षरको इतिहास सरह हुने धारणा राख्नुभयो।

उहाँले सम्पदा संरक्षणमा अग्रज पुस्ताले गरेको मिहिनेत र त्यागको भावना नयाँ पुस्तामा पनि हस्तान्तरण गर्न सके समाज निकै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले भक्तपुरमा जनस्तरबाट नै सम्पदा संरक्षण कार्यहरू तीव्रताका साथ भइरहेको उल्लेख गर्दै उपभोक्ता समितिमार्फत कार्य हुँदा दिगो, बलियो र आत्मीय हुने चर्चा गर्नुभयो। वडाध्यक्ष ज्याख्वले आधुनिक प्रविधिको विकाससँगै नयाँ पुस्तामा नागरिक भावना र सामाजिक उत्तरदायित्वबोधको भावनामा कमी आएको उल्लेख गर्दै अग्रज पुस्ता र नयाँ पुस्ताबीच अनुभव साटासाट गर्ने कार्यक्रम हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर इँटा व्यवसायी संघका अध्यक्ष नातीभाइ हेम्बा र भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले वाकुपतिनारायण मन्दिरमा सुनको छाना छाउने कार्य प्रशंसनीय भएको चर्चा गर्दै त्यस कार्यमा आफूहरूबाट सहयोग प्रदान गर्ने वाचा व्यक्त गर्नुभयो।

संस्कृतिविद् ओम धौभडेलले वाकुपतिनारायण मन्दिरको ऐतिहासिक तथा साँस्कृतिक पक्षबारे जानकारी दिँदै उपत्यकाका नेवारहरूमा साँस्कृतिक तथा धार्मिक उदारता रहेको बताउनुभयो। हरेक धर्मलाई सकारात्मक रूपमा स्वीकार गर्ने र प्रकृति एवं आफूले प्रयोग गर्ने हरेक चिजको सम्मान गर्ने सनातन धर्मलाई निरन्तरता दिने नेवार समुदायमा धर्मको नाममा विदेशीहरूले चलखेल गरिरहेकोमा सचेत रहन उहाँले आग्रह गर्नुभयो।

२०७२ सालको विनाशकारी भूकम्पमा क्षति पुगेको मन्दिरमा झिँगटीको छानामा पानी चुहिन थालेपछि मर्मतको क्रममा हाल तामाको छाना छाइसकेको छ भने अब मन्दिरमा सुनको छाना छाउन उपभोक्ता समितिमार्फत सर्वसाधारणहरूमा आर्थिक सहयोग लिने क्रम जारी छ। यस अवधिमा हालसम्म नगद रु. ५५ लाख र तामाको छानावापत रु.७ लाख गरी कूल ६२ लाख रुपैंया जनस्तरबाट आर्थिक सहयोग प्राप्तभइसकेको र छाना छाउन अझै पनि सहयोगको आवश्यकता रहेको समितिका सचिव कुसीले जानकारी दिनुभयो।

उपभोक्ता समितिका अध्यक्ष आशाकाजी प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कथा वाचक जीवनराज राजोपाध्याय, लक्ष्मीप्रसाद प्रजापतिले पनि बोल्नुभएको थियो।

# सांस्कृतिक बाजाको प्रतियोगिताका लागि सांस्कृतिक गुरुहरूको भेला




सांस्कृतिक गुरूहरूको भेला कार्यक्रममा प्रमुख सुनिल प्रजापतिलगायत

'संस्कृतिकर्मीहरू समाजका सम्मानित व्यक्तित्व भएको र आफूमा भएको सीप नयाँ पुस्तामा हस्तान्तरण गर्न सके संस्कृति जोगिन्छ।'

उक्त कुरा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले मंसिर ९ गते आयोजित सांस्कृतिक गुरूहरूको भेलामा बताउनु भएको हो। भक्तपुर नपाले गतवर्ष झैं यसवर्ष पनि सांस्कृतिक बाजाको प्रतियोगिता गर्ने तयारी गरिरहेको छ।

नगरपालिकाको सभाकक्षमा भएको भेलामा उहाँले जनताको सल्लाह, सुझाव र चुनावमा व्यक्त गरेको प्रतिबद्धताअनुसार नगरपालिकामा काम भइरहेको बताउँदै पैसाभन्दा प्रतिष्ठा ठूलो हुने भएकोले संस्कृतिकर्मीहरू समाजका सम्मानित व्यक्तित्व भएको बताउनुभयो।

सफा र उदाहरणीय नगर बनाउन नगरवासीको सहयोग र सुझाव अपरिहार्य भएको विचार राख्दै प्रमुख प्रजापतिले नगरको विकास निर्माण कार्य गुणस्तरीय र कम लागतमा समयमै सम्पन्न गर्ने उद्देश्यले टोल–टोलमा उपभोक्ता समिति गठन गरी कार्य भइरहेको छ भन्नुभयो।

सीपयुक्त व्यक्ति कहिल्यै भोको बस्न नपर्ने भएकोले नगरपालिकाबाट युवाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा वडाध्यक्षहरू रविन्द्र ज्याख्व, राजकृष्ण गोरा र लक्ष्मीप्रसाद ह्यौमिखालगायतले बोल्नुभएको थियो।



सांस्कृतिक गुरूहरूको भेला कार्यक्रमका सहभागीहरू

# वडा नं. ७ मा किसान भेला

भक्तपुर नगरपालिका वडा नं. ७ कार्यालयको आयोजनामा कार्तिक ३० गते किसान भेला तथा गहुँको बीउ वितरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले नगरवासीहरूमा कृषि बीउ वितरण गर्नुको उद्देश्य बीउको प्रयोगबारे विस्तृत जानकारी दिने रहेको बताउँदै नपाबाट वितरित बीउको उचित सदुपयोग गर्न अनुरोध गर्नुभयो।

कृषि विज्ञ सविन ख्याजुले काउली बालीमा लाग्ने गाठे रोग र गहुँ बालीमा लाग्ने विभिन्न रोगको बारे प्रशिक्षण दिँदै तरकारी बाली लगाउँदा राम्रो बीउ हेरीमात्र प्रयोगमा ल्याउनुपर्ने बताउनुभयो।

कार्यक्रममा ७ नं. वडा सदस्य हरिरत्न गोर्खाली र कृषक समूहका संयोजक हेरा ख्याजुले पनि बोल्नुभएको थियो।

# वार्षिकोत्सवमा रोबोटिक्स प्रतियोगिता



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति प्रतियोगिताको उद्घाटन गर्नुहुँदै

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको १७ औं र ख्वप कलेज अफ इन्जिनियरिङको १० औं वार्षिकोत्सवको अवसरमा कलेजका विद्यार्थीहरूबीच रोबोटिक्स प्रतियोगिताको आयोजना गरिएको छ। उक्त कार्यक्रमका प्रमुख अतिथि कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले Line Tracking Robot को Button थिचेर मंसिर ९ गते प्रतियोगिताको उद्घाटन गरी अवलोकन गर्नुभयो। उहाँले विद्यार्थीहरूको शैक्षिकस्तर वृद्धि गर्न त्यस्ता कार्यक्रमहरू गरिराख्नुपर्ने बताउनुभयो। प्रतियोगितामा Line Tracking Robot मा ३७ वटा, Manual Akhada Robot मा २६ वटा र Automatic Akhada Robot मा १४ वटा विद्यार्थीसमूहले भाग लिएको आयोजकले जनाएको छ।

सोहीदिन कलेजमा कार्यरत कर्मचारीहरू एवं प्रयोगशाला सहायकको बढुवापत्र एवं नयाँ नियुक्त शिक्षकहरूलाई नियुक्तिपत्र दिने कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा प्रमुख प्रजापतिले अनुभव र अध्ययनबीचको तुलना गर्दा अनुभव महत्त्वपूर्ण हुन्छ भन्नुभयो।

शिक्षक कर्मचारीले मर्यादालाई पालना गरी काम गर्न निर्देशन गर्नुहुँदै उहाँले कार्य क्षमताको आधारमा बढुवा, नियुक्ति तथा सरुवा हुनु राम्रो पक्ष भएजस्तै काम नगर्ने शिक्षक कर्मचारीहरू दण्डको भागीदार पनि हुन्छ, शिक्षक कर्मचारीहरू सुविधामुखी मात्र बन्नुहुन्न र अधिकारको साथै आफ्नो कर्तव्य तथा जिम्मेवारी अझ राम्रोसँग पूरा गर्नुपर्छ भन्नुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले देशको लागि पुऱ्याएको योगदानले नेपालको विभिन्न स्थानीय निकायका प्रमुख, उपप्रमुखलगायतका टोलीहरूले भक्तपुर नगरपालिका र भनपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूको अवलोकन भ्रमण भैरहेको बताउनुभयो। यसको श्रेय शिक्षक-कर्मचारीहरूलाई जान्छ, यसको पछाडि कलेज तथा भनपा छन् र त्यसलाई सहयोग गर्ने नेपाल मजदुर किसान पार्टी भएको बताउनुहुँदै उहाँले शिक्षक कर्मचारीले आफ्नो कार्यसम्पादन गुणस्तरीय बनाउनुपर्छ भन्नुभयो। भक्तपुर नगरपालिकाले १०० शैय्याको अस्पताल बनाउन लागिपरेको बताउँदै उहाँले अरुले गर्न नसकेको काम गरेर उदाहरणीय काम गर्न सक्षम हुनुपर्छ भन्नुभयो।

भक्तपुर नगरपालिकाले गरेको करको व्यवस्था, कलासंस्कृतिको जगेर्ना, शिक्षा र शिशुस्याहारको व्यवस्थालाई अरु स्थानीय निकाय र नेपाल सरकारसमेतले अंगाली अगाडि बढेकोले भनपाको कदम न्यायोचित छ उहाँले थप्नुभयो।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई.सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई.सुनिल दुवाल, उपप्राचार्यहरू द्वय ई.रविन्द्र फोजू, ई.रत्नशोभा प्रजापती र प्रशासन प्रमुख सन्जय मानन्धरले कलेजको उद्देश्यपूर्तिको लागि सम्पूर्ण शिक्षक तथा कर्मचारीहरू दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिनुभयो।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिंगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# सिद्धिलक्ष्मी मन्दिरको साँचो भनपालाई हस्तान्तरण

भक्तपुर दरबार क्षेत्रस्थित सिद्धिलक्ष्मी मन्दिरको साँचो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई मंसिर ७ गते एक कार्यक्रममा हस्तान्तरण गर्नुभयो ।





संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले भक्तपुर नगरपालिका प्रमुख प्रजापतिलाई सिद्धिलक्ष्मी मन्दिरको साँचो हस्तान्तरण गर्नुहुँदै

२०७२ साल वैशाखमा गएको विनाशकारी भूकम्पबाट पूर्ण क्षति भएको उक्त मन्दिर नेपाल सरकार, भक्तपुर नगरपालिका र पुरातत्त्व विभाग भक्तपुरको संयुक्त सहकार्यमा निर्माण सम्पन्न भएको थियो । उक्त मन्दिर पुरातत्त्व विभागको बजेटबाट निर्माण सम्पन्न गरिएको हो ।

पुन:निर्माण सम्पन्न भइसकेको सिद्धिलक्ष्मी मन्दिरको उद्घाटन समारोहमा बोल्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले सम्पदा संरक्षण, सम्बर्द्धन र पुन:निर्माण कार्यमा भक्तपुर नगरपालिकाले उल्लेखनीय कार्य गरेको बताउँदै पुन:निर्माण कार्यमा आवश्यक सहयोग गर्न नेपाल सरकार र मन्त्रालय तयार रहेको प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साँस्कृतिक नगर भक्तपुरमा अवस्थित सम्पदा हाम्रो साझा सम्पत्ति भएको बताउँदै भक्तपुर नगरपालिकाले सम्पदा र अरु निर्माण कार्य ठेक्कापट्टाभन्दा पनि अमानत र उपभोक्ता समितिमार्फत निर्माण गर्न जोड दिएको बताउनुभयो ।

ठेकेदारको सानो गल्ती र सानो स्वार्थका कारण हाम्रो सम्पदाको अस्तित्वमा आँच पुग्ने बताउँदै प्रमुख प्रजापतिले मौलिकता नै हाम्रो पहिचान भएको कुरामा जोड दिनुभयो ।

कार्यक्रममा पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहालले भक्तपुरका सम्पदा पुन:निर्माणमा भक्तपुर नगरपालिकासँग सहकार्य गरेको बताउनुभयो ।

कार्यक्रममा ई. मोहनकृष्ण श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको प्रमाणपत्र वितरण तथा धन्यवाद ज्ञापन

भक्तपुर नगरपालिकाको आयोजनामा सफलतासाथ सम्पन्न गरेको भक्तपुर नगरपालिकाव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता (कार्तिक ११–१७ गते)को प्रमाणपत्र वितरण,




सिंहावलोकन र धन्यवाद कार्यक्रम मंसिर ७ गते भनपा सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले अनुशासित युवा तयार गर्न र युवाहरूलाई प्रोत्साहनको निम्ति खेलकुद प्रतियोगिताको आयोजना गरेको बताउनुभयो। उहाँले निजी र सरकारी विद्यालयबीचको भेद हटाउन र सबैलाई समान रूपमा प्रतिस्पर्धामा अगाडि बढाउन भक्तपुर नगरपालिकाले युवा केन्द्रित गतिविधिहरूलाई प्राथमिकता दिएको बताउनुभयो।

जनता शक्तिशाली हुन्छ, तिनीहरूलाई एकाकार गरी काम गर्न आवश्यक रहेको बताउँदै प्रमुख प्रजापतिले देशको अरु नगरपालिकाको तुलनामा भक्तपुर नगरपालिकाले उदाहरणीय कार्य गरेको र भक्तपुर नपाले देशलाई शिक्षा, खेलकुद, सांस्कृतिकलगायत विभिन्न क्षेत्रबाट योगदान गरिरहेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले खेल सम्पन्न गर्न मद्दत गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो भने युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेल मैदानको स्तरोन्नति गर्ने र आत्मरक्षाको निम्ति आवश्यक तालिमहरू विद्यार्थीहरूलाई दिने योजना रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले खेलकुद क्षेत्रको उन्नतिको निम्ति भक्तपुर नगरपालिकाले आगामी दिनहरूमा अझ राम्रो काम गर्दै जाने बताउनुभयो। उहाँले खेलकुदसम्बन्धी क्यालेन्डरको व्यवस्था गरी तालिका बनाएर खेलकुद प्रतियोगिता आयोजना गर्न सके अझ प्रभावकारी हुने बताउनुभयो।

कार्यक्रममा वडा नं. ४ का वडाअध्यक्ष कुमार चवाल र वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो।

कार्यक्रममा भनपा प्रमुख प्रजापतिले विभिन्न खेलकुद संघका प्रशिक्षक तथा निर्णायकहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो। साथै प्रतियोगिताको लागि



प्रमाणपत्र प्रदान गर्दै प्रमुख प्रजापति (बायाँ)

ठाउँ उपलब्ध गराएका भक्तपुरका विभिन्न विद्यालयलाई पनि प्रशंसा पत्र वितरण गर्नुभयो।

# तलातुँथी पाटी उद्घाटन








प्रमुख प्रजापति रिबन काटेर तलातुँथी पाटीको उद्घाटन गर्दै

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट भनपा वडा नं. ९ स्थित तलातुँथी पाटी एक कार्यक्रमबीच मंसिर ७ गते उद्घाटन सम्पन्न भयो ।

उद्घाटन मन्तव्यमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको रकम जनताको बीचैमा खर्च हुन सकेमात्र नगरवासीहरूलाई फाइदा पुग्ने बताउँदै ठेकेदारीमा हुने काम र उपभोक्ता समितिले गर्ने कामको गुणस्तरमा भिन्नता हुने हुँदा भक्तपुरका सम्पदा उपभोक्ता समितिमार्फत् पारदर्शी ढङ्गले नै अगाडि बढाइरहने विचार व्यक्त गर्नुभयो ।

पुरानो शैलीमै घर निर्माण गर्ने नगरवासीलाई घरको मोहडामा लाग्ने इँटा, काठ र झिँगटीमा लाग्ने खर्चको ३५ प्रतिशत नगरपालिकाले अनुदान दिने प्रावधान रहेको जानकारी गराउँदै प्रमुख प्रजापतिले मौलिक भाषा, संस्कृति र सम्पदाको संरक्षण नै हाम्रो मुख्य दायित्व भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले सम्पदा पुनःनिर्माणमा नगरवासीहरूको साथ र सहयोग आवश्यकता रहेको बताउँदै उपभोक्ता समितिमा बनेका सम्पदा बलियो र कम लागतमा सम्पन्न हुने बताउनुभयो ।

तलातुँथी पाटी पुनःनिर्माण उपभोक्ता समितिको आयोजनामा भएको उक्त कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष आशकुमार प्रजापतिले पाटीको कार्य विवरण र प्रतिवेदन प्रस्तुत गर्दै पाटी पुनःनिर्माणको लागत इष्टिमेट रकम रु. २५ लाख १० हजार ९३२।७७ रहेकोमा कूल खर्च रु. २१,३९,५९५।९७ रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा सदस्य छोरीमैंया सुजखु, अनुगमन समितिका संयोजक ज्ञानसागर प्रजापति, कोषाध्यक्ष सुमित्रा प्रजापतिलगायतले बोल्नुभएको थियो ।

# kmf]xf]/ d}nf Joj:yfkg ;DaGwL cWoog e|d0f

भक्तपुर नगरपालिकाको एक टोलीले कार्तिक २६ र २७ गते नवलपरासीको बायो ग्यास प्लान्ट र स्याङ्जाको खिलुङ्ग कालिका एग्रो फार्मको अध्ययन भ्रमण गऱ्यो।




अवलोकन र जानकारी लिंदै टोली

उक्त अध्ययन भ्रमणमा भक्तपुर नगरपालिकाका वडाअध्यक्षहरू श्यामकृष्ण खत्री, महेन्द्र खायमली, रविन्द्र ज्याख्व र कार्यपालिका सदस्यद्वय सुनिता अवाल र सरिना द्योला, ख्वप कलेज वातावरण विज्ञान संकायका शिक्षकद्वय पुन भैल र सुशिला ग्वाछा, 'भक्तपुर' मासिक पत्रिकाका सहायक सम्पादक कृतिका प्रजापतिको सहभागिता रहेको थियो ।

भक्तपुर नगरपालिकाको फोहोरको उचित व्यवस्थापन र फोहोरलाई वैकल्पिक ऊर्जाको रूपमा प्रयोग गर्नु भ्रमणको उद्देश्य थियो। सो अवलोकन भ्रमणमा नगरपालिकाको फोहोरलाई कुहिने र नकुहिने व्यवस्थित संकलन गरी कुहिने फोहोरलाई जैविक ऊर्जा (बायोग्यास) र प्रांगारिक मल उत्पादनको माध्यमबाट फोहोरको दिगो व्यवस्थापनका प्रविधिहरूको अवलोकन गरियो।

वातावरण तथा पर्यटन समितिका संयोजक रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकामा अहिले पनि ल्यान्ड फिलमै फोहोरको व्यवस्थापन भइरहेको हुँदा नगरभित्रको फोहोर व्यवस्थापनलाई वैज्ञानिक तरिकामा अगाडि लान र फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन विभिन्न जिल्लाको उपयुक्त प्रोजेक्ट अध्ययनको लागि अवलोकन भ्रमण गरेको बताउनुभयो।

# g]kfnefiff lnlk, lrlgofF efiff / au}+f x]/rfx tflnd ;DkGg

भक्तपुर नपाद्वारा सञ्चालित नेपालभाषा रञ्जना लिपि तथा प्रचलित लिपिसम्बन्धी प्रशिक्षण, चिनियाँ भाषा कक्षा तथा नर्सरी व्यवस्थापन एवं बगैँचा हेरचाहसम्बन्धी तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण कार्तिक २५ गते एक कार्यक्रमबीच सम्पन्न भयो। सोही कार्यक्रममा एड्भान्स सिलाइ तालिमको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नगरवासीहरूलाई आत्मनिर्भर बनाउने तथा समाजको प्रगतिमा योगदान गर्ने हेतुले नगरपालिकाले विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो।

नेपाली युवाहरूमा विदेश मोह बढेकोमा चिन्ता व्यक्त गर्दै प्रमुख प्रजापतिले ज्ञान र सीप जहाँ गएर पनि सिक्न सकिन्छ तर आफूले सिकेको सीप र ज्ञान देश र समाजको हितमा उपयोग गर्नुपर्छ भन्नुभयो।

उहाँले देशको राजनैतिक व्यवस्था पूँजीवादी भएकोले युवाहरूमा भविष्यप्रति निराशा उत्पन्न भएको उल्लेख गर्दै निराशाको अन्तिम परिणाम आत्महत्या हुने भएकोले संघर्षशील भावनाको विकास गर्नुपर्नेमा जोड दिनुभयो।

उपप्रमुख रजनी जोशीले काठमाडौं उपत्यकाको कला, संस्कृति र रीतिरिवाज विशिष्ट भएको उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धनका लागि युवाहरू सक्रिय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

वडाअध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिका सबै नगरवासीहरूको साझा संस्था भएकोले नगरको विकास तथा नगरवासीहरूको हितमा सबै एकजुट हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा वडाअध्यक्ष राजकृष्ण गोरा, लक्ष्मीप्रसाद ह्यौँमिखा र कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले नगरपालिकाले सञ्चालन गर्दै आएका विविध तालिमहरूबारे जानकारी दिनुभयो।

प्रशिक्षकहरू आशाकुमार चिकंबञ्जार, राजेन्द्र चवाल र रमिन्द्र सुवालले पनि कार्यक्रममा बोल्नुभएको थियो।

# भक्तपुर नगरपालिकामा ब्यास नगरपालिकाको प्रमण्डल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग व्यास नगरपालिका, तनहुँका प्रमुख वैकुण्ठ न्यौपानेको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले कार्तिक २८ गते भेट गर्‍यो।



उहाँले भन्नुभयो, 'भक्तपुर नपाले नगरभित्रका निजी र सामुदायिक विद्यालयबीच शैक्षिक गुणस्तरको दूरी कम गर्ने प्रयास गरिरहेको छ।'

भूकम्पले क्षति भएको भक्तपुरको सम्पदा पुनःनिर्माण कार्य नपाकै स्रोतबाट भइरहेको र नपाले सञ्चालन गरिरहेको सम्पदालगायत अन्य विकास निर्माण कार्यहरू उपभोक्ता समितिमार्फत स्थानीय स्रोत र जनशक्ति परिचालन गरिरहेको उहाँले बताउनुभयो।

ब्यास नगरपालिकाका प्रमुख न्यौपानेले ब्यास नगरपालिका सांस्कृतिक विविधतायुक्त नपा भएको जानकारी दिँदै सामुदायिक स्कूलहरूको व्यवस्थापन, ऐतिहासिक, पर्यटकीय, धार्मिक र सार्वजनिक स्थानहरूको संरक्षणलगायत व्यवस्थित सहरीकरणलाई उच्च प्राथमिकता राखी कार्य गरिरहेको बताउनुभयो।



भेटको सामुहिक तस्बिर

भेटको क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सांस्कृतिक सम्पदा र पर्यटनलाई प्राथमिकतामा राखी कार्य गरिरहेको बताउँदै नपाद्वारा सञ्चालित विकास निर्माणका कार्यहरूबारे जानकारी गराउनुभयो।

भेटमा भनपाका उपप्रमुख रजनी जोशी, वडाअध्यक्ष उकेश कवां, इञ्जिनियर ओमहरि था श्रेष्ठ र इञ्जिनियर दिलभक्त जयनाले नगरपालिकाको विविध पक्षबारे जानकारी गराउनुभएको थियो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।

# भनपामा इटहरी उपमहानगरपालिकाका प्रमुख

भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले देश र जनताको नि:स्वार्थ सेवा गर्ने नेपाल मजदुर किसान पार्टीको सिद्धान्तअनुसार स्थानीय जनताहरूलाई परिचालन गरी नगर र नगरवासीहरूको सेवा गरिरहेको छ ।

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले इटहरी उपमहानगरपालिका सुनसरीका प्रमुख द्वारिकलाल चौधरीको नेतृत्वमा आएको प्रतिनिधि मण्डलसँग मंसिर ३ गतेको भेटमा बताउनुभएको हो ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति इटहरी उपमहानगरपालिका प्रमुख द्वारिकलाल चौधरीको प्रतिनिधि मण्डलसँग

भनपाले विकास निर्माण र सम्पदा संरक्षण कार्य उपभोक्ता समितिमार्फत आर्थिक अनुशासन कायम राखी पारदर्शी ढंगले गर्दै आएको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

नगरको सरसफाइ, पर्यटन शुल्क संकलनलगायतका कार्यहरू नगरपालिका आफैले कर्मचारी परिचालन गरी गर्दै आएको र नगरवासीहरूलाई विभिन्न सीपमूलक-दक्षता अभिवृद्धि, खेलकुद र विभिन्न भाषाको तालिम प्रदान गरिरहेको जानकारी दिनुभयो ।

उहाँले भनपाले स्वायत्तताको सिद्धान्त र स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय सरकारको अभ्यास गरिररहेको जानकारी गराउँदै सम्पदा संरक्षण कार्यमा पुरातत्त्व विभागसँग समन्वय गरी स्थानीय तहबाटै परम्परागत सीप र शैलीअनुसार भक्तपुर दरबार क्षेत्रको राष्ट्रिय कला सङ्ग्रहालय पुनर्निर्माण गर्न सहमति भएको जानकारी गराउनुभयो ।

प्रमुख प्रजापतिले राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूकै कारण विभिन्न क्षेत्रमा समस्याहरू देखापरेको बताउँदै युगोस्लाभिया र सोभियत संघ पतनको इतिहासको चर्चा गर्नुभयो ।

भेटमा इटहरी उपमहानगरपालिकाका प्रमुख चौधरीले इटहरी उपमहानगरपालिकाको परिचय गराउँदै नगरको व्यवस्थित विकासको लागि भनपाको आवास योजनाहरू र कलेज सञ्चालनसम्बन्धी अनुभवबाट सिक्न चाहेको बताउनुभयो ।

दुई नगरका प्रमुखहरूबीच नगरपालिका सञ्चालनसम्बन्धी विभिन्न विषयमा अनुभव आदानप्रदानबारे छलफल भएको भनपा स्रोतले जनाएको छ ।

# समयमै पत्ता लागे क्यान्सर निको हुने

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले क्यान्सर रोग पनि समयमै पत्ता लागे निको हुने हुँदा यो रोगको जोखिमबाट बच्न समय-समयमा स्वास्थ्य परीक्षण गर्नुपर्ने बताउँदै स्वादिलोभन्दा स्वस्थ खानालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा मंसिर ३ गते सम्पन्न महिलाहरूको स्तन तथा पाठेघर परीक्षणसम्बन्धी स्वास्थ्य शिविरको रिपोर्ट वितरण कार्यक्रममा बोल्दै उपप्रमुख जोशीले खेतमा प्रयोग हुने किट्नाशक विषादीको प्रयोगले पनि महिलाहरूमा क्यान्सरको जोखिम रहेको बताउँदै भक्तपुर नगरपालिकाले ठूला रोगको लागि प्रतिविरामी १० हजार आर्थिक सहयोग दिइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले परिवारको एकजनामात्र विरामी भए पूरै परिवारलाई आर्थिक भार पुग्ने हुँदा आफ्नो स्वास्थ्यप्रति सजग हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडा सदस्य जितेन्द्र मुनंकर्मी, भक्तपुर क्यान्सर अस्पतालका राजाराम तजले, स्वास्थ्यकर्मी देविका दनेखु, १० नं. वडाका वडा सचिव गोविन्दराम थुसालगायतले क्यान्सर रोग, त्यसको जोखिमबारे आ-आफ्नो विचार राख्नुभएको थियो ।

## चीनका संस्कृति तथा पर्यटनमन्त्री लुओ शुकाङको भक्तपुर भ्रमण

# भक्तपुर चिनियाँ पर्यटकहरुका लागि तीर्थस्थल

जनवादी गणतन्त्र चीनका संस्कृति तथा पर्यटनमन्त्री लुओ शुकाङ (Luo Shugang) को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्र र टौमढी क्षेत्रको कार्तिक २९ गते अवलोकन भ्रमण गऱ्यो।

प्रतिनिधिमण्डललाई भनपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहाललगायतले भक्तपुर दरबार क्षेत्रमा फूलको गुच्छा, ढाकाको खास्तो र भादगाउँले कालोटोपी प्रदान गरी स्वागत गर्नुभएको थियो।

प्रतिनिधिमण्डलले राष्ट्रिय कला सङ्ग्रहालय, तलेजु मन्दिर परिसर र टौमढी क्षेत्रको रुचिपूर्वक अवलोकन गर्नुका साथै २०७२ सालको विनासकारी भूकम्पले यहाँका सम्पदाहरूमा पुऱ्याएको क्षतिको विषयमा जिज्ञासा राखेको थियो।

भनपाका प्रमुख प्रजापतिले भक्तपुरको सामान्य परिचय दिँदै भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरूको बारेमा प्रतिनिधिमण्डललाई जानकारी गराउनुभएको थियो।



भनपाका प्रमुख प्रजापतिले प्रतिनिधिमण्डललाई भक्तपुरको चिनोको रूपमा मयूर झ्याल र भक्तपुर नगरपालिकाका प्रकाशनहरू प्रदान गर्नुभएको थियो। अतिथि मन्त्री लुओ शुकाङ्ले पनि मायाको चिनो प्रदान गर्नुभएको थियो।

अतिथि मन्त्री लुओले अतिथि पुस्तिकामा 'भक्तपुर विश्व सम्पदामा सूचिकृत सहर भएको र चिनियाँ पर्यटकहरूको लागि तीर्थस्थलको रूपमा रहेको' उल्लेख गर्नुभएको भक्तपुर नगरपालिका स्रोतले जनाएको छ।



# स्वास्थ्य स्वयम्सेवकहरूले पैसा कमाउनेभन्दा जनताको सेवामा ध्यान केन्द्रित गर्नुपर्ने

भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र, भक्तपुरको आयोजनामा मंसिर १९ गते 'महिला स्वास्थ्य स्वयम्सेविकाको सेवा, स्वस्थ समृद्ध राष्ट्र निर्माणमा टेवा' भन्ने नाराका साथ १५ औं राष्ट्रिय स्वयम्सेवक दिवस सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाजको समस्या राम्ररी बुझ्ने स्वयम्सेवक भनेका सामाजिक कार्यकर्ता हुन् र सामाजिक कार्यकर्ता राजनैतिक कार्यकर्ता भएर समाजको सेवाको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीले आफ्नो घोषणापत्रअनुसार घरदैलो नर्सिङ सेवा प्रारम्भ गरेको र नगरवासीको रोग पहिचान गरी त्यहीअनुरूप सहज स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपालिका अग्रसर हुने बताउनुभयो । जनताको अवश्यकताअनुसार स्वयम्सेविकाहरूले काम गर्नुपर्ने विचार राख्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीलाई स्वास्थ्य सेवा दिन प्रत्येक विद्यालय तथा कलेजमा नर्स वा डाक्टरमार्फत् निरन्तर सेवा दिने सोचका साथ अगाडि बढेको बताउनुभयो ।

समाजको तल्लो वर्ग र गरिब जनताको सेवा गर्ने लक्ष्य नगरपालिकाले बोकेको बताउनुहुँदै पैसा कमाउनेभन्दा जनताको सेवामा ध्यान केन्द्रित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले घरदैलो नर्सिङ सेवाले नगरवासीको सेवा, वडा–वडाको समस्या पहिचान र तथ्याङ्क संकलनको काम भइरहेको बताउनुभयो । उहाँले नगरवासीको स्वास्थ्य अवस्था बुझ्न र नपाको नीति तथा कार्यक्रम तर्जुमा गर्न पनि यो सेवाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

जनस्वास्थ्य केन्द्रका इन्चार्ज डा. रत्नसुन्दर लासिवाले स्वयम्सेविकाहरूले जनताको सेवा गरिरहेको र वडा नर्सिङ परिचालनको उद्देश्य समाजका ज्येष्ठ नागरिक, गर्भवती महिला, बालबच्चा तथा गरिब जनताको सेवा गर्नु रहेको स्पष्ट पार्नुभयो ।

कार्यपालिका सदस्यद्वय सुनिता अवाल र छोरीमैयाँ




सुजखूले नर्सिङ सेवा मानवीय धर्मसँग सम्बन्धित कार्य भएको हुँदा आ–आफ्नो क्षेत्रमा इमानदारीपूर्वक काम गर्नुपर्ने बताउँदै भक्तपुर नपा जनताको संस्था भएको कारण स्वयम्सेविकामा जनताको भावना बुझ्ने र त्यहीअनुसारको व्यवहार गर्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा महिला स्वयम्सेविका अध्यक्ष तारादेवी धन्छा, जमुना काफ्ले, कमलकेशरी शिल्पकार र रचना सुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले उत्कृष्ट तीन स्वयम्सेविका लक्ष्मीकेशरी तुईतुई, रहनशिला ग्वाछा र सरोजा अवाललाई प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

# sfgg Jo j ;fo g}t s tf ; F hf]8Psf]k]zf

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन व्यवसायीहरूले पैसाको निम्ति नभई आर्थिक अनुशासनमा बसी समाजमा इज्जतपूर्वक बाँच्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कानुन अध्ययन समाज नेपाल, भक्तपुर जिल्ला समितिको आयोजनामा मंसिर २० गते सम्पन्न लेखापढी व्यवसायी तयारी कक्षाको समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले कानुन व्यवसाय नैतिकतासँग जोडिएको पेशा भएको हुँदा जनताको स्तरअनुरूप जनताको वकिल भएर काम गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'प्रमाणपत्रको व्यावहारिक प्रयोग आवश्यक छ । प्रशिक्षार्थीहरूले स्वच्छ र सेवाभावले समाजको निम्ति अग्रसर भएर आफ्नो पेशालाई अगाडि बढाउनु आवश्यक छ ।'

कानुन अध्ययन समाज भक्तपुरका अध्यक्ष राधेश्याम सुवालले आफ्नो ज्ञानलाई व्यवहारिक रूपमा प्रयोग गरी सामाजिक अभियन्ताको रूपमा अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कानुन अध्ययन समाज नेपालका केन्द्रीय सदस्य शिवराज दाहालले लेखापढी व्यवसायीहरूलाई देशमा व्याप्त भ्रष्टाचार, अनियमित कार्य र कानुनी विपरीतका काम विरूद्ध लड्न आह्वान गर्नुभयो ।

कार्यक्रममा कानुन अध्ययन समाज नेपालका पूर्वअध्यक्ष विकल प्रजापति र राजाराम बासीले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले एकहप्ते लेखापढी व्यवसायी तयारी कक्षाका प्रशिक्षार्थी तथा प्रशिक्षकहरूलाई प्रशंसा पत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाको बजार अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा कमलविनायक, लान्चाफल्चा (भत्केको पाटी) र च्याम्हासिंहमा रहेका ५ वटा औषधी पसलहरूमा कार्तिक २९ गते अनुगमन गरियो । अनुगम गरिएका पाँचैवटा पसल दर्ता नभएको भेटियो ।

अनुगमनका क्रममा अधिकांश औषधी पसलहरू बिक्रीकर्ताको अनुमति, योग्यताको प्रमाण पत्र नभएको, पसल नगरपालिकामा दर्ता नभएको, म्याद नाघेका औषधि भेटिएको, सीसी क्यामेराको अनुमति पत्र नभएको, स्वीकृतिबिना क्लिनिक सञ्चालन भएको पाइयो । अनुगमन टोलीले अनुमति पत्र भएको व्यक्तिले मात्र पसल सञ्चालन गर्न र म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरेको थियो ।

अनुगमनमा समितिका सदस्यहरू भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय भक्तपुरका लुना श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका इन्द्र धिमिरे, जनस्वास्थ्य केन्द्र भनपाका रचना सुवाल, उद्योग वाणिज्य संघका सञ्जय जोन्छेको सहभागिता रहेको थियो ।

त्यस्तै कार्तिक ३० गते भक्तपुर नगरका विभिन्न स्थानमा रहेका भेटनरी औषधी पसलहरूको अनुगमन गरियो ।

अनुगमन टोलीले भेटनरी क्लिनिक समयमै दर्ता गर्न र सीसी क्यामेरा जडानको लागि जिल्ला प्रशासनमा स्वीकृति लिन सुझाब दियो । म्याद नाघेको औषधिहरू जफत गरी पसल दर्ताको लागि सुझाव दियो ।

अनुगमन टोलीमा पशु सेवा कार्यालयका उमेशलाल प्रधानको पनि सहभागिता रहेको थियो ।

## दुधपाटीमा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा दुधपाटीमा रहेको २० वटा पसलमा मंसिर १७ गते अनुगमन गर्दा आठ वटा दर्ता नभएको पाइयो ।

अनुगमनमा वडा निरीक्षक रामकृष्ण प्रजापतिका अनुसार दर्ता नभएका पसलहरूमा स्टेशनरी पसल, तन्दुरी पसल, प्लाइउड, किराना पसलहरू, सैलुन, चिया पसल र दही पसललाई दर्ता गर्न सुझाब दियो ।

त्यस्तै अनुगमन गर्दा म्याद नाघेका सामानहरू गुडपाक, क्याडबरी कोका, चाउमिन, हर्लिक्स, बेसन, स्विट कर्न, ओरेन्ज टांग, लेय्ज र जेरोज चिप, पापाया वास, काजु, बटर बिस्कुट, सानो स्लाइस र रियल बर्स्ट मिक्स फ्रुट, तथा बिग्रेको सामानहरू लेकर, ब्रिटानिया, लेय्ज र चिज्स्टिक जफत गरियो भने सम्बन्धितलाई पसलमा दर्ता प्रमाणपत्र देखिने गरी राख्न, पसल नविकरण गर्न, प्याकेजिङ्ग सामानमा लेबल राख्न, मूल्य सूची राख्न सुझाब दियो ।

अनुगमनमा समितिका सदस्यहरू रोशन मैंया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका इन्द्र घिमिरे, भनपा जनस्वास्थ्यका जमुना काफ्ले, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, पत्रकारहरू र भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी रहेको थियो ।

## औषधी पसलहरूको अनुगमन

त्यस्तै मंसिर १७ गते दुधपाटीका १० वटा औषधी पसलहरू अनुगमन गर्दा सम्बन्धित पसललाई भक्तपुर अस्पतालको बिमाको औषधि दिने पसल दर्ता नगरकोले दर्ता गर्न, बिमाको सबै औषधि उपलब्ध गर्ने व्यवस्था गर्न, क्लिनिक दर्ता नगरी संचालन नगर्न, क्लिनिकमा आउने डाक्टरहरूको नामावलीसहित बोर्ड राख्न, औषधि पसलमा अनुमति प्राप्त व्यक्तिमात्र बस्न, प्यान र भ्याट बिल प्रयोग गर्न, म्याद नाघेको पहिला निकाल्ने गरी व्यवस्थापन गर्न सुझाव दियो ।

त्यस्तै डोलेश्वर फर्मामा २०७५ वैशाख ३१ गते अनुगमन गर्दा नै दर्ता गर्न दिएको सुझाब पालना नभएकोले तत्काल पसल दर्ता गर्न र एक थरीको औषधि बट्टामा अर्को औषधि नराख्न, अल्फाज मेडिकल हलले पनि २०७५ वैशाख ३१ गतेदिएको सुझाबअनुसार पसल दर्ता नगरेकोले सोही दिन पसल दर्ता गर्न सुझाव दियो ।

अनुगमनमा समितिका सदस्यहरू रोशनमैंया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरीका रामशरण तामाङ, भनपा जनस्वास्थ्यका जमुना काफ्ले, जिल्ला प्रशासन कार्यालय र भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू र पत्रकारहरू सहभागी थिए ।

# प्राविधिक जनशक्ति उत्पादनमा ख्वप इञ्जिनियरिङ्ग कलेजहरूको ठूलो योगदान छ

• सुनिल प्रजापति

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले शिक्षाको महत्त्वलाई बुझेर शैक्षिक विकासतर्फ पाइला चालेको आज १९ वर्ष भयो। २०५६ सालमा ख्वप उमावि स्थापनासँगै भनपाले शिक्षाको जग हालेको थियो। विभिन्न शैक्षिक संस्थाहरू स्थापना गर्दै त्यो पाइला निरन्तर अगाडि बढ्दैछ। २०५८ सालमा ख्वप इञ्जिनियरिङ कलेज र २०६५ सालमा ख्वप कलेज अफ इञ्जिनियरिङको स्थापना गरी देशको लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन गरिरहेको छ। प्राविधिक जनशक्ति उत्पादनमा हाम्रा कलेजहरूको ठूलो योगदान छ।

नगरपालिकाले २ वटा इञ्जिनियरिङ कलेजसहित ६ वटा कलेज, १ वटा मावि र ६ वटा शिशुस्याहार केन्द्र सञ्चालन गर्दै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि मावि तहसम्मको जिम्मेवारी पनि नगरपालिकामा आयो। नगरभित्रका सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरूको व्यवस्थापन पनि नगरपालिकाले गर्दै आएको छ। देशमा शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गर्ने नगरपालिका भक्तपुरमात्रै हो भन्दा फरक पर्दैन।

यी कलेजहरू स्थापना गर्न जनप्रतिनिधिहरू, स्थानीय जनता र विशेषगरी नेपाल मजदुर किसान पार्टीका साथीहरूले निकै दुःख गर्नुभएको थियो। कलेजहरूको व्यवस्थापन, सञ्चालन र सुधारको निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्ने ती सहयोगी हातहरूलाई आजको यस अवसरमा म भक्तपुर नगरपालिका र कलेजहरूको व्यवस्थापन समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

कलेजहरूको भौतिक संरचनाहरू निर्माण गर्दा हामीले विदेशीको सहयोग लिएका छैनौं, यसमा सरकारको सहयोग पनि छैन। सम्पूर्ण लगानी नगरपालिकाकै छ। आफ्नो क्षमताअनुसार अगाडि बढ्ने मानिस कसैसामु झुक्नु पर्दैन र स्वाभिमानीपूर्वक बाँच्न सक्छ भन्ने मान्यताका साथ हामीले काम गर्दैछौं। हामीले कसै सामु सहयोगको लागि हात थापेनौं।

सरकारको गलत नीतिको कारण अहिले विद्यालय, कलेज, विश्वविद्यालयको भवन, पर्खाल, बगैंचा, पुस्तकालय, शौचालयजस्ता साना–तिना काम गर्नसमेत विदेशीको मुख ताक्ने बानीको विकास भएको छ। यसले हामीलाई परनिर्भरतातिर ढकेल्दै लानेछ। यो आर्थिक उदारीकरणकै परिणाम हो।

संविधानअनुसार स्थानीय तहलाई ऐन बनाउने अधिकार छ। तर कतिपय स्थानीय तहहरूमा विधेयकहरूका मस्यौदा गर्ने, विकासका योजनाहरू निर्माण गर्ने जस्ता कामहरूसमेत एनजीओ र आइएनजिओहरूले गर्ने गरेको समाचारहरू आइरहेका छन्। एनजिओ र आइएनजिओहरूले तयार गरेका विधेयकहरूलाई औपचारिक रूपमा पारित गर्ने र उनीहरूले बनाइ दिएको विकास योजनाहरूअनुसार काम गर्ने हो भने हामी कति स्वतन्त्र र स्वाभिमान छौं भन्नेतर्फ पनि प्रश्न उठ्न सक्छ। संघीयता कार्यान्वयनसँगै प्रदेशका मुख्यमन्त्रीहरूलाई घर भाडामा लिइ दिने र विदेशीकै खर्चमा योजना निर्माण गर्ने गरेको पनि सार्वजनिक जानकारीमा आएको छ। प्रदेश नं. ३ को नीति तथा योजना तर्जुमा अष्ट्रेलिया सरकारको सहयोगमा सञ्चालित डीएफएटी नाउँको आइएनजीओले गरेको र त्यो अष्ट्रेलियाका राजदूतको प्रत्यक्ष निर्देशनमा चल्ने गरेको बताइन्छ।

काठमाण्डौमा हुने युनिभर्सल पीस फाउन्डेसनको कार्यक्रममा सरकारले करोडौं खर्च गर्ने कुरा बाहिर आएको छ। एउटा आइएनजीओको लागि खर्च गर्ने त्यो पैसाले हाम्रा जस्ता कलजेहरू बन्न सक्छन्, ख्वप अस्पताल जस्ता संरचनाहरू निर्माण हुन सक्छन्। जनताको समस्याबारे सरकार संवेदनशील भएन।

विद्यालय, कलेज र विश्वविद्यालयको पाठ्यक्रम निर्माण गर्नेदेखि पाठ्यपुस्तक लख्नेसम्ममा तिनीहरू सक्रिय छन्। स्थानीय तहदेखि केन्द्रीय सरकारसम्ममा विदेशीका प्रभाव बढ्दो छ। यस्तो जटिल अवस्थामा हामी कसरी स्वाभिमानीपूर्वक बाँच्ने हो भन्ने चुनौती हाम्रो सामु खडा छ। भक्तपुर नगरपालिका विदेशी पैसाको भरमा चल्ने एनजिओ र आइएनजिओबारे अत्यन्त सचेत छ।

सरकारले कर्मचारीका छोराछोरीलाई छात्रवृत्तिमा पढाउने व्यवस्था गरेको छ। सुरेन्द्र पाण्डे अर्थमन्त्री हुँदा पास गरेको त्यो नीतिअनुसार हालसम्म २ हजार ८७७ जनाले छात्रवृत्तिमा पढिसकेको रेकर्ड छ। डाक्टर, इञ्जिनियर, नर्स, कृषि विज्ञानलगायत प्राविधिक भएका ती विद्यार्थीहरू कुन–कुन देशमा गएर काम गरिरहेका छन्। सरकारलाई पत्तो छैन। हामीले आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई त्यो सुविधा दिनु पर्नेमा जोड दियौं। हाम्रो सुझावलाई सरकारले बेवास्ता गऱ्यो। कति छात्रवृत्तिमा पढेका विद्यार्थीहरू आफ्नो जिम्मेवारीबाट भागे। त्यस्ता कर्तव्यच्यूतहरूलाई राज्यले कुनै कारबाही गरेको छैन।

हामीले ज्ञान र सीपको निम्ति शिक्षा हासिल गर्छौं। आफूले प्राप्त गरेको ज्ञान र सीप देशकै निम्ति प्रयोग गर्न आग्रह गर्छौं।

नेपालमा अहिले विभिन्न विषयका ९ वटा विश्वविद्यालयहरू छन्। ती विश्वविद्यालयहरू अधिकांशमा सामान्य शिक्षामात्रै दिने गरेको र अनुसन्धानमा साऱ्है कममात्रै लगानी हुने गरेको बताइन्छ। भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापनामा जोड दिंदैछ। सरकारले ख्वप विश्वविद्यालयको विधेयक पारित गरिदिएको खण्डमा हामीले नयाँ नयाँ अनुसन्धानमा हाम्रा विद्यार्थीहरूलाई केन्द्रित गराउनेछौं। श्रमसँग जोडिएका शिक्षा दिनेछौं। देशले फरक किसिमको विश्वविद्यालय पाउनेछ। नेपाल सरकारसँग ख्वप विश्वविद्यालय विधेयक पारित गरिदिन हामी आग्रह गर्दछौं।

# पूँजीवादविरुद्ध निरन्तर संघर्षको नीति आवश्यक

भाषा, कला र संस्कृति नै विभिन्न जातजातिको पहिचान हो। देशभित्र बोलिने सबै भाषा, संस्कृतिको संरक्षण गर्नु राज्यको जिम्मेवारी हो। समयमा राज्यले संरक्षण नगर्दा हाम्रा कैयौं भाषा र संस्कृति लोप भइसके, कतिपय लोपोन्मुख अवस्थामा छन्। अहिले नयाँ संविधानले सबै भाषालाई मान्यता दिएको छ। विद्यालयहरूमा आधारभूत तहसम्मको शिक्षा मातृभाषाबाट पढ्ने र पढाउने अधिकार प्राप्त भएको छ। अब कार्यान्वयनमा लाने विषय जनताकै हातमा छ किनभने स्थानीय तहलाई भाषा, कला-संस्कृतिको संरक्षणको अधिकार दिइएको छ।

भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गरी सबै विद्यालयहरूमा नेपालभाषा लिपि, संस्कृतिबारे अध्यापन गराउँदैछ। अझ भाषालाई अगाडि बढाउन नेपाल संवत् ११३९ को अवसरमा नेपालभाषाको **'ख्वप पौ'** प्रकाशित गरेको छ।

राजनीतिक आन्दोलन र भाषिक आन्दोलनलाई सँगसँगै लानुपर्ने हामीले पहिलेदेखि नै जोड दिंदै आयौं। कतिपय आफूलाई भाषा आन्दोलनका अगुवा ठान्नेहरूले राजनीति मन पराउँदैनन्। 'राजनीतिबाट विरक्त भएँ, संसदबाट केही हुँदैन' भनेर निराशा व्यक्त गर्छन्। हामी राजनीतिबाट भाग्यौं भने राजनीति पुरानै सामन्त र पूँजीपतिहरूको हातमा जानेछ। संसदबाट केही हुँदैन भनी



सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

हामीले छोड्नुको सिधा अर्थ हुन्छ – पुँजीपति वर्गको हातमा सजिलै छोड्नु। यो सही विचार होइन। हामीलाई क्रान्तिको लागि संसदको सीमित भूमिकाबारे थाहा छ, तर त्यसलाई उपयोग गर्न छोड्नु हुँदैन। पूँजीवादविरुद्ध निरन्तर संघर्षको नीति लिनुपर्छ।

कतिपय सांसदहरूले संविधान निर्माणका क्रममा नेपालको नाम फेर्ने समेत प्रस्ताव ल्याए। त्यो भारतीय विस्तारवादको निर्देशनमा आएको भनेर बुझ्न गाह्रो थिएन। त्यो प्रस्ताव देशलाई सिक्किम बनाउन चाहने नयाँ लेण्डुपहरूको थियो। त्यस्ता हरेक देशघाती र जनविरोधी प्रस्ताव, विधेयकहरूको नेमकिपाले निरन्तर विरोध गर्दै आयो। थ्रेसहोल्ड लागू गरेर नेमकिपाजस्तो देशभक्त पार्टीहरूलाई संसद बाहिर राख्ने प्रयास गरियो। विचारलाई कानुनले रोक्न सक्दैन। थ्रेसहोल्ड पछि पनि संसद र प्रदेश संसदमा नेमकिपाको प्रतिनिधित्व छ। ती ठाउँहरूमा हाम्रो वैचारिक संघर्ष चलिरहेको छ।

देशलाई अगाडि बढाउन र जनताले सुख पाउन राजनीति गर्नेहरू राम्रा हुनुपर्ने हो। नेता राम्रो भए कार्यकर्ताहरू राम्रा हुन्छन्, पार्टीका कार्यकर्ताहरू राम्रा भए जनताले सुख पाउँछन्। तर नेपालमा अहिले राजनीति गुण्डा, तस्कर र ठेकेदारहरूको हातमा जाँदैछ। चुनावमा करौडौं खर्च गरेर जितेकाहरू अहिले राज्यको ढुकुटीमा ब्रम्हलुट गर्दैछन्। यो देशको भविष्यको लागि राम्रो संकेत होइन।

देशमा संघीयताको कुरा उठेको र संवैधानिक रूपमा स्वीकार गरेको एक दशकभन्दा बढी भयो। अहिलेसम्म संघीयताको भावना र मर्मअनुसार काम हुनसकेको छैन। अन्तरिम संविधानमा सुरुमा संघीयता भन्ने थिएन। संविधान

अन्तमा, जनआन्दोलनबाट प्राप्त अधिकार कुनै पनि बहानामा खोस्न पाइँदैन। नेपाल शिक्षक महासंघबाट जारी विज्ञप्तिमा संविधानले मावि तहसम्म शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएकोमा संघ सरकारलाई दिनुपर्ने माग गरिएको छ। यो अत्यन्त आपत्तिजनक विषय हो।

संघ सरकारमा बसेकाहरू स्थानीय सरकार बलियो भएको चाहँदैनन्। स्वास्थ्य राज्यमन्त्रीले केही समय अघि भक्तपुरकै एउटा कार्यक्रममा 'शिक्षा र स्वास्थ्यको जिम्मा स्थानीय तहले लिन सक्दैन' भनेर बोल्नुभयो। आज नेपाल शिक्षक महासंघ त्यही आसयको माग गर्दै संविधान संशोधन गर्न बन्द हड्तालमा उत्रेको छ। शिक्षक महासंघ पेशागत हक हितको काम गर्ने संगठन हुनुपर्छ। जन अधिकार खोस्ने माग कडापि राम्रो होइन। महासंघ जन अधिकार खोस्ने सरकारको हतियार नबनोस्।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा ख्वप इन्जिनियरिङ कलेजको १७ औं र ख्वप कलेज अफ इन्जिनियरिङको १० औं वार्षिकोत्सव कार्यक्रममा २०७५ मंसिर १३ गते व्यक्त मन्तव्यको सार संक्षेप)*

घोषणापछि तराईमा आन्दोलन सुरु भयो र 'संघीयता' थपियो। व्यापक छलफल र विचार विमर्शविना संघीयतामा जाने निर्णयले अहिले विभिन्न क्षेत्रमा समस्याहरू देखा पर्दै छन्।

संसारका संघीय देशहरूको अध्ययन गर्ने हो भने केन्द्रीय सरकारसँग सेना, परराष्ट्र र मुद्राजस्ता महत्त्वपूर्ण अधिकारमात्रै रहन्छन्। हामीले संविधानमै संघ, प्रदेश र स्थानीयको छुट्टाछुट्टै अधिकारसूची तयार गऱ्यौं। तर त्यो अधिकार सूचीअनुसार अगाडि बढ्न केन्द्रीय सरकारमा बस्ने मानिसहरू र प्रशासकहरू अझै तयार छैनन्। केन्द्रमा बस्नेहरू कर्मचारी, बजेट सबै केन्द्रमै राख्न चाहन्छन्। देशमा संघीयता लागू भए पनि सरकार सञ्चालन गर्नेहरू अझै एकात्मक राज्यकै शैलीमा आफूले दिएअनुसार मात्रै प्रदेश र स्थानीय सरकार चल्नुपर्छ भन्ने मानसिकता राख्छन्। यो नै अहिलेको विकासको बाधक हो।

नेपालको संविधानले समाजवादउन्मुख राज्य घोषणा गरेको छ। समाजवादको अर्थ उत्पादनका मुख्य–मुख्य साधनहरू सामाजिकीकरण गर्नु, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क हुनु हो। अहिले आफूलाई कम्युनिष्ट भन्ने नेकपाकै सरकार छ। संसद्मा दुईतिहाइ बहुमत छ। ७ प्रदेशमध्ये ६ प्रदेशको मुख्यमन्त्रीहरू नेकपाकै छन्। यस्तो सुविधाजनक बहुमत भएको बेला नेकपा साँच्चै कम्युनिष्ट हुँदो हो त क्रमशः समाजवादी नीतिलाई कार्यान्वयन गर्दै लानुपर्ने हो। तर त्यसको ठीक विपरीत निजीकरणलाई नै जोड दिँदैछ।

२०४६ सालपछि तत्कालीन अर्थमन्त्री रामशरण महतले आर्थिक उदारीकरणको नाउँमा उद्योगधन्दाहरू निजीकरण गर्ने नीति अघि साऱ्यो। नेपालको निम्ति मित्रराष्ट्रहरूले बनाएका सबै उद्योगधन्दाहरू एक–एक गर्दै निजीकरण गर्दै गए। एमाले र माओवादीले समेत निरन्तरता दिएको यो नीति अहिले नेकपाको सरकारले पनि लागू गर्दैछ। समाजवादको नाउँमा योभन्दा ठूलो विश्वासघात के हुनसक्छ ?

देशको समृद्धि उद्योगधन्धाहरूको विकासले मात्रै सम्भव छ। देशको पूर्ण लगानीमा २०४६ सालयता कुनै उद्योग, कल–कारखाना, विद्यालय, कलेज, विश्वविद्यालय, बैंकहरूको स्थापना भएको पाइएन। जति स्थापना भए ती सबै या त विदेशी लगानीमा अथवा निजी लगानीमै छन्। अर्थतन्त्रको आधार सबै विदेश र निजी क्षेत्रको हातमा सुम्पेर देश समृद्ध हुन सक्दैन। देशको निम्ति चाहिने १० प्रतिशत कपडा पनि नेपालमा उत्पादन हुँदैन। ९० प्रतिशतभन्दा बढी भारत या अरु तेस्रो देशबाट आयात हुन्छ। आयात हुनेमध्ये वैधानिक रूपमा करिब १० प्रतिशतमात्रै आउने गरेको बताइन्छ। हाम्रो देशको पैसा खोलाको पानी बगेझैं बगिरहेको छ। अर्थतन्त्र धराशयी हुँदैछ। ४ रूपैयाँको निर्यात गरेर ९६ रूपैयाँको आयात गर्ने स्थितिमा हामी छौं। निश्चय पनि यो हाम्रो लागि सुखद् पक्ष होइन।

नेपाल र चीनमा करिब एकै समयमा राजनैतिक परिवर्तन भएको हो। चीनमा चिकपा स्थापना भएको १०० वर्ष पुगेको अवसरमा सन् २०२१ सम्ममा संसारकै सबभन्दा ठूलो अर्थतन्त्र भएको देशको रूपमा विकास गर्न खोज्दैछ। १ अर्ब ३५ करोडभन्दा बढी जनसङ्ख्यालाई रोजगारी दिएर, संसार भर आफ्ना उत्पादनलाई निर्यात गरेर देशलाई समृद्धिको दिशामा अगाडि बढाउँदैछ। चीनको सामान बन्द गर्ने हो भने अमेरिकामा हाहाकार हुने स्थिति छ। सं.रा. अमेरिका संसार आफूले भनेजस्तै बस्नुपर्छ भनेर एकछत्र अघि बढिरहेकोलाई चीनले सोच्न बाध्य बनाएको छ।

सं.रा. अमेरिकाले आफूभन्दा कमजोर देशहरू र उदीयमान शक्तिहरू इराक, लिबियाजस्ता देशहरूको तेललगायत पेट्रोलियम पदार्थ कब्जामा लिन त्यहाँ निर्ममतापूर्वक आक्रमण गरी ध्वस्त बनाइरहेको छ। त्यसको ठीक विपरीत चीनले आफूसँगै छिमेकी देशहरूको विकासको लागि रेसम मार्गको अवधारणा अगाडि बढाएको छ। संसारलाई नै चकित पार्ने विकासका कार्यहरू गर्दै चीन ठूलो शक्तिको रूपमा अघि बढ्दैछ। संसारकै लामो १४३२ कि.मि. मानव निर्मित नदी निर्माण, समुद्रमा ५५ कि.मि. लामो पुल निर्माण, संसारकै द्रुतगतिमा दौड्ने रेल बनाएर अहिले चीन अघि बढ्दैछ।

सन् १९१७ को समाजवादी क्रान्तिपछि सोभियत संघले विकासको गतिलाई अगाडि बढाएजस्तै अहिले चीनले विकास गर्दैछ। समाजवादी र पूँजीवादीहरूबीचको भिन्नता जनताले बुझ्दैछन्।

नेपालको विकास गर्ने हो भने सँधै विदेशीको मुख ताकेर सम्भव छैन। हामीसँग भएको स्रोत र साधनको अधिकत्तम उपयोगको नीति लिनुपर्छ। माथिल्लो कर्णाली एउटै नदीले पनि देशलाई चाहिने विद्युत उत्पादनमात्रै होइन, विदेश निर्यातसमेत गर्न सक्छौं। हाम्रो शासकहरूमा त्यो बुद्धि कहिले आउने हो ?

अन्तमा, विविध भाषा सहित्य सम्मेलनले देश र जनताको सेवामा निरन्तर यस्ता कार्यक्रमहरू गर्न सकोस् भनी शुभकामना दिन्छु।

*(२०७५ साल कार्तिक २२ गते मध्यपुरमा सम्पन्न २० औं विविध भाषा साहित्य सम्मेलनमा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सारसंक्षेप -सम्पादक)*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ कार्तिक १८ गते आइतबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### एम्बुलेन्स र शव-वाहन खरिद गर्ने

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुँदै आएको एम्बुलेन्स र शव–वाहन २० वर्षभन्दा पुरानो भई बारम्बार मर्मत संभार गर्नुपर्ने भएकोले जनताको स्वास्थ्य उपचार सेवाको गाम्भीर्यतालाई ध्यानमा राखेर एम्बुलेन्स १ थान र शव बाहन १ थान खरिद गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

### समितिका निर्णयहरू अनुमोदन

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।७।६ गते**

१. घरदैलो फोहोर संकलन गराउनको लागि वडा वडामा **बाल्टिन वितरण** गर्दा स्टाण्डर्ड मापदण्डअनुसारको रंग अनुसार हरियो बाल्टिनमा कुहिने र रातो बाल्टिनमा नकुहिने फोहर राख्नको लागि बाल्टिन वितरण गर्ने।

२. वडा नं. १० बेखालस्थित फोहोरमैला संकलन केन्द्र रहेको जग्गामा **बगैंचा निर्माण** र फोहोर संकलन गर्न च्याम्बरसमेत निर्माण गर्न लगत इष्टिमेट तयार गर्न योजना शाखालाई जिम्मा दिने।

३. टौमढीमा भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्य भइरहेको हुँदा **टौमढी क्षेत्रमा सवारी साधन** आवतजावत तथा पार्किङ्ग गर्न निषेध गर्न प्रक्रिया अगाडि बढाउने।

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७५।६।२३ गते**

१. भक्तपुर नगरपालिकाको सूचना एवं अन्य जानकारीहरू देश र विदेशका जनतामाझ थप प्रभावकारी रूपमा प्रसारण गर्ने ध्येयले **भक्तपुर खबर डट कम** (Bhaktapur Khabar.Com) अनलाइन पत्रिका सञ्चालन गर्ने र त्यसका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाले निरन्तर प्रकाशन गर्दै आएको **'भक्तपुर' मासिक पत्रिकालाई पाक्षिक** रूपमा प्रकाशित गर्न प्रक्रिया अघि बढाउने निर्णय गरियो।

३. मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांगताको क्षेत्रमा विगत लामो समयदेखि भक्तपुर नगरपालिका क्षेत्रमा सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आइरहेको कोशिश (राष्ट्रिय मानसिक स्वास्थ्य स्वाबलम्बन संगठन) लाई **संस्था नवीकरण**को लागि सिफारिस गर्ने निर्णय गरियो।

४. विभिन्न **सेवामूलक तालिम सञ्चालन गर्न** नगरपालिकाको तर्फबाट स्वीकृति पाउन नगरपालिकामा दर्ता भएका पत्रहरूको सम्बन्धमा औचित्यता र आवश्यकताको आधारमा निर्णय गर्ने विषयक समितिका संयोजक एवं नगर प्रमुख सुनिल प्रजापतिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**मिति २०७५।७।१५ गते**

१. भक्तपुर नगरपालिकाद्वारा प्रकाशित मुखपत्र 'भक्तपुर' मासिक पत्रिका वितरण गरिरहेका अनिल फोंजुले कार्य व्यस्तताको कारण राजीनामा दिनु भएको अवस्थामा उक्त **पत्रिका वितरण**को लागि भ.न.पा. वडा नं. ९ बस्ने दिनेश दुवालले यस नगरपालिकामा निवेदन दिएको र निजसँग छलफल गरेको आधारमा निजलाई मासिक रु.१५ हजार पारिश्रमिक दिने गरी नियुक्ति दिने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको शिक्षा ऐन २०७४ को परिच्छेद ६, दफा १५ उपदफा १ बमोजिम नगरपालिकाभित्र विद्यालयहरूमा **आधारभूत तहको परीक्षा सञ्चालन**का निम्ति समितिका संयोजकको रूपमा भ.न.पा. ५ नं. वडा का अध्यक्ष प्रेमगोपाल कर्माचार्यलाई जिम्मेवारी दिने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाको हाल भक्तपुर एफ.एम. मा हरेक बुधबार विहान ७:३० बजेदेखि ८:३० बजेसम्म र हरेक शुक्रबार सांझ ६:३० बजेदेखि ७:३० बजेसम्म प्रसारण गर्दै आएको कार्यक्रम **ख्वपः स** (भक्तपुर आवाज) को तयारी तथा रेकर्ड गर्न भनपा ६ वडा चोछेंस्थित साविक ९ नं वडा कार्यालय रहेको भवनमा कार्यालयको व्यवस्था गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०७५।७।६ गते**

१. गत वर्ष जस्तै यस वर्ष पनि प्रति किसान ५ के.जी. गहुंको बीउ र प्रति किसान ५ के.जी. आलुको **बीउ वितरण** गर्न प्रति वडा १००० के.जी. गहुंको बीउ र १००० के.जी. आलुको बीउ उपलब्ध गराउने निर्णय गरियो ।

**खानेपानी तथा स्रोत परिचालन समिति**

**मिति २०७५।७।६ गते**

१. सल्लाघारी दूध चिस्यान केन्द्र मुनि **डिप बोरिङ्ग** गर्ने सम्बन्धमा छलफल गर्दा सो स्थान डिपबोरिङ्ग कार्य अगाडि बढाउन आवश्यक इष्टमेट गर्न योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

२. ७ नं. वडा कार्यालय परिसरमा सम्पन्न भएको डिप बोरिङ्गको पानी व्यवस्थित एवं पिउन योग्य बनाउन **फिल्टरेशन प्लान र ट्यांकी निर्माण**को लागि इष्टमेट गर्न योजना शाखालाई निर्देशन गरियो ।

३. सुख्खायाममा धारामा पानी नआउने विषयलाई ध्यान पुऱ्याई १० वटै वडामै **पानी आइरहेको वा नआइरहेको क्षेत्र पहिचान गरी रिपोर्ट** प्रत्येक वडा समितिमार्फत लिने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।७।१६ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा प्रत्येक वर्ष आयोजना गर्ने अन्तर नगर खेलकुद प्रतियोगिता २०७५ को लागि भक्तपुर जिल्ला शारीरिक सुगठन संघ ३ भक्तपुर जिल्ला सितेरियो करांते संघबाट प्रस्ताव पेश भएकोमा यस वर्ष **सितेरियो करांतेको अन्तर नगर प्रतियोगिता** आयोजना गर्ने निर्णय गरियो ।

**आर्थिक समिति**

**मिति २०७५।६।२१ गते**

१. गत आ.व. २०७४/०७५ मा दिइएको सम्पत्ति कर (घर जग्गा कर) मा ५० प्रतिशत छुटको समायावधि यस नगरपालिकाको तेश्रो नगर सभाबाट **२०७५ असोज मसान्तसम्म थप** गरिसकेकोमा नगरवासीहरूको जनभावना अनुसार २०७५ असार मसान्तसम्म थपको लागि बोर्ड बैठक समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२. नगर क्षेत्रभित्रका सहकारीहरूलाई नगरपालिकाले लिने **व्यवसाय कर प्रयोजनको लागि** निम्नानुसार 'क, ख' र ग' वर्गमा विभाजन गर्ने निर्णय गरियो :

**क.** रु.३० करोडभन्दा बढी कारोबार अङ्क भएकोमा–'क' वर्ग

**ख.** रु.२० करोडदेखि ३० करोडसम्म भएकोमा–'ख' वर्ग

**ग.** रु.२० करोडभन्दा कम कारोबार अङ्क भएकोमा–'ग' वर्ग

उपरोक्त कारोबारको हिसाब वासलातको अङ्कलाई आधार मानी गरिने छ ।

३. व्यवसाय दर्ताको सन्दर्भलगायत **घर बहाल कर** तिर्न आएका करदाताहरूलाई पटकमा न्यूनत्तम ६ महिनाको बहाल कर लिने निर्णय गरियो ।

४. नव जागरण बचत तथा ऋण सहकारी संस्था लि., घलाते, भक्तपुरले सहकारी दर्ता प्रमाण पत्र हराएकोले प्रतिलिपि पाऊँ भनी निवेदन दिएकोमा नगरपालिकाले आफ्नै ढाँचाको प्रमाण पत्र तयार गरी प्रतिलिपि दिने र अबदेखि नयाँ दर्ता हुने सहकारीलाई सोही **ढाँचा अनुसारको प्रमाण पत्र उपलब्ध गराउने** निर्णय गरियो ।

५. यस नगरपालिकाबाट गरिने **सहकारी संस्थाहरूको अनुगमन**को लागि भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ७१ (३) मा अनुगमनका लागि राष्ट्र बैंक तथा अन्य निकायको सहयोग लिन सकिने व्यवस्थाअनुसार भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको प्रतिनिधिसमेतलाई आमन्त्रण गर्ने निर्णय गरियो । साथै अनुगमनको लागि सम्बन्धित सरोकारवालाहरूलाई **पर्ल्ससम्बन्धी तालिम सञ्चालन** गर्ने निर्णय गरियो ।

**मिति २०७५।६।२६ गते**

१. सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने कार्यक्रमसमेत रहेकोले निर्वाचन समितिको लागि भक्तपुर नगरपालिकाबाट आर्थिक समितिका संयोजक एवं वडा नं. २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलालाई **प्रतिनिधि पठाउने** निर्णय गरियो ।

**मिति २०७५।७।१५ गते**

१. श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि., भुलांचा, भक्तपुरले स्व प्रयोजनको लागि भ.पु.जि. साविक सिपाडोल गा.वि.स. हाल भ.न.पा. ४ कि.नं. १२५५ को क्षे.फ. १-९-०-० जग्गामध्ये १-०-०-० जग्गा खरिद गर्ने भएकोले सो को लागि रजिष्ट्रेशन पास गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क

सहकारी ऐन २०७४ दफा ७८(१)ख बमोजिम छुट पाउने गरी मालपोत कार्यालय भक्तपुरको नाउँमा सिफारिस पाऊँ भनी निवेदन दिएकोमा नियमानुसार **रजिष्ट्रेशन शुल्क छुट**को सिफारिस दिने सम्बन्धमा बोर्ड बैठक समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७५।६।२१ गते**

१. २०७५ मंसिर १ गतेदेखि ३ महिने बेसिक तथा ४ महिने एड्भान्स **सिलाई तालिम** शुभारम्भ गर्ने ।
२. २०७५ कार्तिक २५ गते सम्पन्न भएको चिनीयाँ भाषा तथा नेपाल भाषा तालिमको **प्रमाणपत्र वितरण** गर्ने ।
३. **आदर निकेतन सञ्चालन**बारे छलफल गरियो ।
४. निम्नअनुसार पारिश्रमिक दिने गरी २ जना प्रशिक्षक तपसिलअनुसार नियुक्ति गरियो :

**एड्भान्स** : कृष्णमाया कवां र कमला शाक्य रु.१३,०००।-
**बेसिक** : धर्मलक्ष्मी लघु र तुल्सीमाया धुख्वा रु.१२,०००।-

## खर्च अनुमोदन

यस भक्तपुर नगरपालिका, नाथम (NATHAM) र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा भक्तपुर स्थानीय पथ प्रदर्शक तालिम (Bhaktaapur City Local Guide Training) सफलतापूर्वक सम्पन्न भई उक्त तालिममा भएको निम्न बिल भर्पाई निवदेनहरू अनुमोदन गर्ने निर्णयं गरियो :

१. प्रशिक्षक भत्ता २००X१०१ = २,०२,०००।- कर ३०,३०० = १,७१,७००।-
२. विहानको खाजा चिया र गाडी भाडा = ४०,०५०।-
३. टि शर्त र आईडी ID कार्ड = ५१,५७३।२०
४. व्यवस्थापन खाना (१९१९९.६६+१७१९९.६९+१८३९९.६७) = ५४,७९९।०२

जम्मा = ३,१८,१२२।२२

## विविध

क. भक्तपुर नगरपालिकाको **फोहोरमैला व्यवस्थापन सम्बन्धी** अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन उपाय अवलम्बन सम्बन्धी अध्ययन गर्न निम्न महानुभावहरूको एक **कार्यदल गठन** गर्ने निर्णय गरियो :

**तपसिल**

संयोजक : ई. अमित शंकर रंजित – विभागीय प्रमुख, सिभिल विभाग, ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : नीरा प्रजापति – इन्चार्ज, बी.एस्सी तथा एम.एस्सी, ख्वप कलेज
सदस्य : ई. रजिम गणेश – ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : सुशिला ग्वाछा – ख्वप कलेज
सदस्य : आ. इन्दु दुवाल – ख्वप इन्जिनियरिङ्ग कलेज
सदस्य : पुन भैल – ख्वप कलेज
सदस्य : रोनिश शाक्य – फोहोरमैला व्यवस्थापन विज्ञ

कार्यदलका पदाधिकारीहरूलाई प्रति बैठक रु.१०००।- का दरले भत्ता वितरण गर्ने निर्णय गरियो ।

**ख. ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो**

| क्र.सं. | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्मृतिनगर बाटोमा ढुङ्गा छपाइ कार्य | २ | १,८१२,८४४।९८ | | | | | | नपा | |
| २ | वडा कार्यालय अगाडि आकाशे पानी संकलन ट्यांकी निर्माण कार्य | १ | २,५३०,०२७।३२ | | | | | | नपा | |
| **ग) पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो** | | | | | | | | | | |
| १ | महाकाली उकालोदेखि भोलाछेंसम्मको बाटो मर्मत (उ.स.अध्यक्ष रमेश साख श्रेष्ठ) | ६ | १,०३५,५२०।४२ | १,०४२,३९४।४७ | १,४१९,३२४।०५ | १,००६,१५३।१७ | ७५०,०००।०० | २३१,१३९।६२ | सडक बोर्ड | कार्य सम्पन्न |
| २ | गय भिद्यो हनुमन्ते खोलामा पुल निर्माण | ७ | १,०३५,५२०।४२ | | | | २,०००,०००।०० | | नपा | थप पेश्की २० लाख सिफारिस |
| **घ) भुक्तानी सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा स्लाव ढलान सम्बन्धी श्रम ठेक्का भुक्तानी | ९ | | | ६५४,४७०।८४ | सुनील त्यात | ३८५,७१५।०० | नपा | चौथौ भुक्तानी | |

**ङ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो**

| | | | | |
|---|---|---|---|---|
| १ | ताहाफल्चा पाटी पुन: निर्माण | ९ | उपभोक्ता अध्यक्ष तुल्सीकाजी मानन्धर | अनुगमन समिति संयोजक जगतलाल मानंन्धर |
| २ | ब्यासी नगरकोट सडकको दक्षिणतर्फ पेटी निर्माण कार्य | १० | उपभोक्ता अध्यक्ष गणेशप्रसाद सुवाल | अनुगमन समिति संयोजक रत्नकाजी नायोभारी |

## द्विशताब्दीऔं जन्म दिवस

# मार्क्सको पुन:आगमन



प्रा.रणधीर सिंह

धेरैजना यो शीर्षक पढेर चकित पर्नुभएको होला। 'ए, पुरानो सिद्धान्त' वा 'बेमौसमी आशा' भन्ने मेरा केही निराश साथीहरूलाई बताइहालुँ यो शिर्षकमा वास्तवमै दम छ। ८० को दशकमा पूर्वी युरोपेली देशमा कम्युनिष्ट व्यवस्था भत्किँदै थिए। त्यति नै बेला अमेरिकाको एक उच्चस्तरीय व्यवसायिक पत्रिका 'न्यु वर्कर' ले खुसियाली मनाउँदै 'रोबर्ट हेलब्रनर'को लेख **'पूँजीवादको विजय'** छाप्यो। उनका तर्कहरू संसारभर पूँजीवादको स्तुतिगानको नयाँ चरण र 'मार्क्सवादको अन्त्य'को पुनर्घोषणामा गुञ्जिए। ती तर्कमा गम्भीर गल्ती थिए। तर यतिबेला यो मेरो विषय होइन। महत्त्वको कुरा के छ भने, एक दशक बित्दा नबित्दै १९९७ को अन्तमा विश्वको भविष्यबारे गम्दै 'न्यु वर्कर' ले 'अब के त ?' भन्ने विषयमा लेखमाला छाप्यो। यसै श्रृङ्खलामा एक प्रभावशाली विचारकको खोजीमा डेबिज नामका अंग्रेजको लेख **'मार्क्सको पुन:आगमन'** छापियो। डेबिज मार्क्सवादी थिएनन् र कहिल्यै भएनन् पनि। अमेरिकी कर्पोरेट जगतको उच्च तहमा पुगेका आफ्ना साथीले 'यो सब ठ्याक्कै मार्क्सले बताएजस्तै छ' भनेपछि डेबिजले यो लेख लेख्नैपर्ने ठानेछन्। उक्त लेख यो वाक्यसँगै टुङ्गिन्छ, 'मार्क्सका किताबहरू पूँजीवाद रहेसम्म पढिनेछन्।' डेबिजले सही भने, म यसैमा जोड दिन्छु, मार्क्सले भन्दा गतिलो गरी कसैले पनि पूँजीवादको अध्ययन र विश्लेषण गरेकै छैन र पूँजीवादको विश्लेषणमा मार्क्स साँच्चै भविष्यद्रष्टा सावित भए। त्यसैले अहिले पनि मार्क्स सान्दर्भिक छन् र यो सहस्राब्दीमा जुनसुकै व्यवहारिक सिद्धान्तको खोजीमा हामी पटक-पटक मार्क्सतिर फर्किनुपर्नेछ।



### ✸ भूमण्डलीकरण

मार्क्स सान्दर्भिक छन् किनभने राष्ट्रियस्तरमा र विश्वस्तरमा हामी पूँजीवादी संसारमा छौं। पक्कै पनि आज पूँजीवाद मार्क्सले देखेको र विश्लेषण गरेको १९ औं शताब्दीको जस्तो छैन। त्यसबेलादेखि यसमा अनेक महत्त्वपूर्ण परिवर्तन आएका छन्। समकालीन पूँजीवादलाई बुझ्न र त्यससँग जुध्न ती परिवर्तनलाई चिन्न जरुरी छ। तर रेमण्ड विलियम्सले चेतावनी दिएझैं पूँजीवादमा आएका परिवर्तन पहिल्याउँदै गर्दा हामीले त्यसमा रहेका अपरिवर्तित पक्षलाई अवमूल्यन गर्ने गल्ती कहिल्यै गर्नुहुँदैन। यसमा सबभन्दा पहिले आउँछ पूँजीवादको संरचनात्मक तर्क अर्थात् पूँजी सञ्चय गर्ने लगभग कानुनजस्तै प्रक्रिया। यही पक्षलाई मार्क्सले मुलुकहरूभित्र र बाहिर असमान र असन्तुलित विकासको कारक मानेका थिए। पूँजीवादका विकसित केन्द्रहरू धेरथोर नियन्त्रित हुँदाहुँदै पनि मुलुकभित्र यसले एकातिर समृद्धि र अर्कोतिर दरिद्रता नै थुप्यो। पश्चिमी समाजमा 'कल्याणकारी राज्य'को अन्तसँगै नियन्त्रणको त्यो प्रक्रिया पनि उल्टिन सक्छ। विश्वस्तरमा भने यसको अनिवार्य परिणाम विश्व पूँजीवादका केन्द्र र किनारहरूबीच दूरीको रूपमा देखापरेको छ। यो दूरी दुवै ध्रुवमा समृद्धि र दरिद्रताबीच बढ्दो खाडलमा फेरिँदै छ। पूँजीवादको यो शोषणकारी संरचनात्मक तर्क आज पनि उत्तिकै सक्रिय छ जति मार्क्सले पहिलोपल्ट पूँजीवादको अध्ययन र विश्लेषण गर्दाताका थियो। खासमा भूमण्डलीकरणसँगै यो पहिलेभन्दा बढी सक्रिय भएको छ किनभने संसार आज पहिलेभन्दा बढी पूँजीवादी भएको छ। यो यथार्थलाई धमिल्याउने चाहनामा बुर्जुवा विचारधाराले 'भूमण्डलीकरण' लाई मिथक बनाइरहेको छ।

समयसँगै 'उत्तरआधुनिकता' धमिलिँदै जाँदा 'भूमण्डलीकरण' को चर्चा आजभोलि फेसनमा

छ। मानौं यस्तो पहिले भएकै थिएन। मानौं मानव इतिहासमा सबैका लागि उदार र समृद्धिको नयाँ युग सुरु भइसकेको छ। एउटा यस्तो युग जसमा पूँजीवाद, साम्राज्यवाद, शोषण अतीतका कुरा बनिसकेका छन् र फलस्वरूप समाजवाद अतीतको कुरा बनिसकेको छ। भूमण्डलीकरणको नाममा जे-जति काम भएका छन् मानौं तिनको विकल्प नै छैन। तर यी सब खालि मानिसको आँखामा वैचारिक धूलो छर्नुसिवाय केही होइन। पूँजीवाद शुरुबाटै विश्वकरण गर्ने व्यवस्था हो। एडम स्मिथलाई पनि यो कुरा थाहा थियो। यसको सबैभन्दा सटिक र भविष्यदर्शी अभिव्यक्ति कम्युनिष्ट घोषणापत्रमा पाइन्छ। पूँजीपति वर्गले आफ्ना उत्पादनको लागि संसारभर निर्माण गर्ने निरन्तर फैलँदो बजारको आवश्यकताबारे मार्क्सले कसरी पूँजीपति वर्गले हरेक ठाउँमा जरा गाड्छ, व्यवस्थित हुन्छ र सम्बन्ध बनाउँछ, कसरी यसले विश्व बजार स्थापना गरेको छ र विश्व बजारको शोषणले उत्पादन र उपभोगलाई हरेक देशमा विश्वव्यापी चरित्र प्रदान गरेको छ, कसरी यसले

> भूमण्डलीकरणको नाममा जे-जति काम भएका छन् मानौं तिनको विकल्प नै छैन । तर यी सब खालि मानिसको आँखामा वैचारिक धूलो छर्नुसिवाय केही होइन ।

सबै चिनियाँ पर्खाल भत्काउँछ र सबै देशलाई पूँजीवादी उत्पादन व्यवस्था स्वीकार्न बाध्य तुल्याउँछ ताकि उनीहरू स्वयम् पूँजीपति बनून् भन्ने कुरा घोषणापत्रमा लेखे। यसप्रकार भूमण्डलीकरणमा केही पनि नौलो छैन। न मानवताको इतिहासमा त्यस्तो कुनै नयाँ युगको शुरुवात भएको छ। यो पूँजीवादी विस्तारको खालि अर्को एउटा चरण हो। यस चरणका आफ्नै धेरथोर महत्त्वपूर्ण विशेषता छन्।

भूमण्डलीकरणको हालको चरणबारे टिपोट गर्नुपर्ने सबभन्दा महत्त्वपूर्ण विशेषता के हो भने पूँजीवादको स्वर्णयुग भनिने विश्व पूँजीवादको पछिल्लो युद्धोत्तर विकास अवधिबाट यो मुहानतिर मोडिएको छ। त्यस युगको पूँजीवाद उदार र बृहत् आर्थिक नियमनको किन्सको उदार अन्तर्क्रियात्मक रणनीति र सर्वाधिक नाफाको कहिल्यै नअघाउने पूँजीको भोकमा अंकुश लगाउने नीतिबाट निर्धारित रह्यो। यसलाई 'कल्याणकारी राज्य'को रूपमा चिनिन्छ। यस नीतिले संयोगवश पूँजीवादलाई तीसको दशकको महामन्दीजस्ता आत्मघाती प्रवृत्तिहरूबाट बचायो र समाजवादका बाहिरी चुनौतीको सामना गर्न आवश्यक मानवीय अनुहार अपनाउन सघायो। टार्नै नसकिने पूँजीवादको संरचनात्मक संकटको प्रारम्भले त्यो पुरानो समयलाई फेरिदिएको छ। ७० को दशकमा विश्वको अर्थव्यवस्थामा गिरावटको अवधि सुरु भयो र त्यसबेलादेखि हरेक मन्दीसँगै स्थिति झन्झन् खराब भयो, व्यापार चक्रहरूबीच अन्तराल घट्दै गयो, क्षतिपूर्ति हुन सकेन र विकासको दरमा कमी आयो। 'नवउदारवाद'को मुखुण्डो लगाएको भूमण्डलीकरण पूँजीवादको यसै संरचनात्मक संकटलाई हल गर्ने कोसिस हो। यसले युद्धपछिको स्वर्णयुगीन बजार व्यवस्था अब पूँजीवादी मुक्त बजार व्यवस्थामा फर्केको देखाउँछ। विश्व बजारमा पूँजीलाई प्रतिस्पर्धारत राखिराख्न किन्सले अघि सारेको राज्य नियन्त्रित अर्थव्यवस्थालाई बिदा गर्नुपर्‍यो। राज्य पुनः पूँजीवादको सेवकको पुरानो भूमिकामा फर्केको छ र भूमण्डलीकरणको मुख्य दलालको रूपमा क्रियाशील छ। कस्तो बिडम्बना, जतिबेला संसार सर्वाधिक मार्क्सवादी पारामा चल्दैछ, तमाम बुद्धिजीवीहरू लगातार मार्क्सवाद असान्दर्भिक भएको हल्ला पिटिरहेछन्। हाम्रो युगको सैद्धान्तिक आधार खोज्ने मानिसहरूका लागि मार्क्सवाद आज झन्झन् सान्दर्भिक बनेको छ।

### ✷ क्रान्तिकारी मार्क्स

वास्तवमा शब्दको परम्परागत अर्थमा मार्क्सवाद सिद्धान्त वा 'विश्वास पद्धति' होइन। तैपनि यसका शत्रु र मित्र दुवैमा यसलाई यस्तै पद्धति मान्ने चलन छ। स्वयम् मार्क्सवादीहरूले प्रायः 'विश्वासीहरू'ले जस्तै व्यवहार गरेका छन्। सोभियत संघमा त यसलाई राजधर्ममा फेरिएको थियो। मार्क्स कुनै सैद्धान्तिक वा दार्शनिक व्यवस्थाका निर्माता थिएनन्। पेशाले उनी एक क्रान्तिकारी थिए। मार्क्सको समाधिमा दिइएको चर्चित भाषणमा एंगेल्सले यस पक्षलाई औंल्याएका थिए। एंगेल्सले भनेका थिए, दार्शनिक, अर्थशास्त्री, इतिहासकार र अन्य धेरैथोक हुँदाहुँदै पनि मार्क्स वास्तवमा 'विज्ञानका व्यक्ति' थिए। सँगै उनले भनेका थिए, "तर यी सब उनको व्यक्तित्वको आधा अंश पनि होइन, किनभने सबभन्दा पहिले मार्क्स एक क्रान्तिकारी थिए।" मार्क्सले आफ्नो जीवनमा यस व्यक्तित्वको छनोट पहिल्यै गरेका थिए। सन् १८३५ मा स्कूल छोड्दै गर्दा लेखेको लेख 'पेशा छनोटबारे एक युवकको विचार' मा उनले लेखेका थिए, "केवल आफ्नो लागि काम गरेर जोकोही चर्चित विद्वान, महान् सन्त, उत्कृष्ट कल्पनाशील लेखक बन्न सक्छ। तर पूर्ण र साँचो अर्थमा महान् व्यक्ति कहिल्यै बन्दैन।" यसको सट्टा मार्क्सले आफनो लागि एउटा यस्तो जीवन रोजे "जुन गरिमापूर्ण होस् र भरपर्दो यथार्थमा टिकेको होस्, जसले हामीलाई मानवताको लागि काम गर्ने धेरैभन्दा धेरै मौका देओस्।" त्यसपछि नै प्रष्ट क्रान्तिकारी निष्ठामा खारिएको यो विकल्प आजीवन

मार्क्ससँग जोडियो। आफ्नो युवाकालमै मानवीय अस्तित्वलाई सबैभन्दा उँचो दर्जा दिँदै उनले 'मानिसलाई अपमानित गर्ने, उसलाई गुलाम बनाउने र तिरस्कार गर्ने सबै परिस्थितिलाई उखेलेर फाल्ने अपरिहार्यता' को कुरा गरेका थिए। पछि

> कस्तो बिडम्बना, जतिबेला संसार सर्वाधिक मार्क्सवादी पारामा चल्दैछ, तमाम बुद्धिजीवीहरू लगातार मार्क्सवाद असान्दर्भिक भएको हल्ला पिटिरहेछन्।

'पूँजी'को रचना गरेपछि मार्क्सले आफ्ना एक साथीलाई लेखे, 'मलाई ती कथित व्यवहारिक व्यक्तिहरूको बुद्धि देखेर हाँसो उठ्छ। गोरु बन्न चाहनेहरूले मात्र मानवताका पीडाप्रति पिठ्युँ फर्काएर आफ्नो छालाको रेखदेख गर्न सक्छन्।' यही त्यो क्रान्तिकारी निष्ठा, मानवताको लागि काम गर्ने नैतिक छनोट हो जुन मार्क्सका सैद्धान्तिक ग्रन्थहरूमा अन्तर्निहित छ। यसको परिणाम कुनै यस्तो सिद्धान्त थिएन जसमा आस्था राख्नेहरूले आफ्नो विश्वासको उद्घोष गरुन्। न त शत्रुहरूले भन्ने गरेजस्तो सत्यलाई आफ्नो कब्जामा राख्ने खालको कुनै बन्द दार्शनिक व्यवस्था नै यसको परिणाम (अर्थात् मार्क्सवाद) थियो।

## ✷ मार्क्सको विरासत

मार्क्सको युग विज्ञान र विवेकको सफलतामा मग्न डार्विनीय युग थियो। त्यो युगले मार्क्सको शब्दमा 'हरेक समस्याको सदाका लागि' समाधान फेला पारिएको छ, सत्य यहाँ छ र यहाँ तिमीले घुँडा टेक्नैपर्छ भनी सँधै जिरह गर्ने प्लेटो र हेगेलको परम्पराबाट प्राप्त दार्शनिक विचारहरूसित साइनो तोडेको थियो। आफ्नो युगको निम्ति महत्त्वपूर्ण एउटा वक्तव्यमा मार्क्सले एंगेल्ससँगै घोषणा गरेका थिए, 'हामी मानव इतिहासको प्रारम्भभन्दा केही पछि छौं। र हामीलाई सच्याउने आउँदो पिंढी सम्भवतः उनीहरूभन्दा कैयौं गुना अघि बढेको हुनेछ जसको ज्ञानलाई प्रायः हेला गरेर सच्याउने ठाउँमा हामी छौं। ज्ञानको जुन मञ्चमा हामी अहिलेसम्म पुगेका छौं त्यो अहिले उति नै अधुरो छ जति पहिलेका मानिसहरूका लागि थियो।' 'हरेक कुरामा सन्देह गर' मार्क्सको सबैभन्दा प्रिय पद्धतिमूलक सिद्धान्त थियो र ध्यान दिनुपर्ने कुरा के छ भने 'पूँजी' लगायत उनका सबै महत्त्वपूर्ण ग्रन्थका शीर्षकमा समीक्षा शब्द पाइन्छ। संक्षेपमा यही आलोचनात्मक प्रवृत्ति मार्क्सको मार्क्सवादमा अन्तर्निहित छ। यही विचार पछि समर्थकहरूलाई बिन्ती गर्दै एंगेल्सको शब्दमा यसरी दोहोरियो, उनीहरूले मार्क्स र एंगेल्सका कृतिहरूबाट पवित्र ग्रन्थजस्तै गरी उद्धरण ननिकालून्। बरु तिनको ठाउँमा भएको भए मार्क्सले जसरी सोच्थे त्यसरी सोच्ने कोसिस गरुन्। यसै रूपमा मार्क्सवाद शब्दको केही अर्थ छ। यसप्रकार मार्क्सले जतन गरेर राख्न आफ्ना अनुयायीहरूका निम्ति जड सिद्धान्त वा आस्थाहरूको कुनै व्यवस्था छोडेनन्। बरु सर्वोपरी चिन्तनको एउटा प्रणाली, उनले उखेली फाल्न चाहेको पूँजीवाद निर्मित अन्यायपूर्ण र अमानवीय समाज, त्यसको अध्ययन र आलोचना तथा उक्त आलोचनाबाट प्राप्त न्यायोचित र मानवीय समाजको एक स्वप्न दिए जसलाई पूँजीवादले आफ्नो संरचनात्मक तर्कका कारण साकार पार्न सक्दैन। मार्क्सको विरासत यही हो। आज पनि जुनसुकै व्यवहारिक सिद्धान्तको निर्माणका लागि केन्द्रीय महत्त्वको विषय यही हुने गर्छ।

मार्क्सले हाम्रो समयको लागि राम्रो समाजको एउटा भिजन (पूर्व दृष्टि) दिएका थिए, कुनै धार्मिक मत होइन। मार्क्सले 'मुक्त चेतनाको क्रियाशीलता' लाई 'मानिसको जैविक अस्तित्व' को रूपमा ठम्याएका थिए। मानवीय प्रकृतिमा निहित सम्भावनाको व्यापक दायराबारे उनलाई बिरलाकोटीको बोध थियो। यसको आज हामी कल्पना पनि गर्न सक्दैनौं। किनभने पूँजीवादले हाम्रो सारभूत मानवतालाई मधुरो बनाइदिएको छ र हाम्रो आँखालाई धमिलो बनाइदिएको छ। उनले पूँजीवादभन्दा पर भविष्यको एक यस्तो समाज देखे जसमा 'प्रत्येकको मुक्त विकास सबैको मुक्त विकासको सर्त हुनेछ', जहाँ हरेक व्यक्तिले समानता र स्वतन्त्रतासहित सही अर्थमा मानवीय जीवन व्यतित गर्नेछ। तर मार्क्सको दृष्टि न त उँचो आदर्शहरूको सारांश थियो, न त 'के छ' लाई वास्ता नगरी 'के हुनुपर्छ' भन्ने श्रृङ्खला। यस्तो विचारले मानिसहरूसँग अमूर्त मूल्यहरू अपनाउने र राम्रो समाज बनाउने माग गर्छ। मार्क्सले आदर्शवादी युटोपियावाद र भविष्यको आदर्श समाजको नक्सा खिच्ने विचारलाई खारेज गरे। उनले 'भविष्यको संगीत रच्न' इन्कार गरिदिए। अरु भिजनभन्दा फरक मार्क्सको 'भिजन' वस्तुगत यथार्थको जगमा, त्यसबेला देखापरेका परिस्थितिहरूमा टिकेको थियो। उनको 'भिजन'ले मानवतालाई अतीतको अपरिहार्य शोषणमा आधारित, अभावग्रस्त, वर्गीय सभ्यताभन्दा पर जान पहिलोपल्ट सम्भव बनाइदियो। यसलाई मार्क्स 'इतिहासअघि'को समयबाट अगाडि बढेर मानवोचित इतिहासमा पस्नु भन्थे। मार्क्सको विचारमा यी परिस्थितिहरू पूँजीवादले निम्त्याएका थिए। पूँजीवादको असाधारण उत्पादक उपलब्धिहरूको प्रशंसा गर्दै उनले कम्युनिष्ट घोषणापत्रमा लेखे, "के बितेको शताब्दीलाई सामाजिक श्रमको काखमा यस्ता उत्पादक शक्तिहरू सुतेका छन् भन्ने आभाष थियो ?" मार्क्सले 'उत्पादक शक्तिहरू'को

यस्तो विकासलाई भविष्यको समाजवादी र साम्यवादी समाजको भौतिक जगको निर्माणको रूपमा देखे । यो पूँजीवादको ऐतिहासिक कार्यभार थियो । तर मार्क्सले के पनि देखे भने पूँजीवादले मानवताका लागि खुल्ने सम्भावनाहरूको यस्तो नयाँ क्षेत्रलाई यथार्थमा बदल्न नकार्ने मात्र होइन बरु यसलाई असम्भव पनि बनाउँदैछ । अर्को शब्दमा पूँजीवादभन्दा पर एउटा राम्रो समाजको मार्क्सको भिजन उनले गरेको पूँजीवादको आलोचनाबाट अंकुराउँछ ।

## ✷ पूँजीवादका परिणाम

यस आलोचनाको दौरानमा पूँजीवादका उत्पादक उपलब्धिहरूसँगै वर्गीय शोषणमा आधारित व्यवस्थाको रूपमा मार्क्सले यसका नकारात्मक भौतिक परिणामहरू पनि लिपिबद्ध गरेका थिए । मार्क्सले मानव जातिको त्यो नैतिक र सांस्कृतिक विनाशतिर औंल्याए जसलाई पूँजीवादले आफूसँगै ल्याउँछ । उनले लेखे, पहिलोपल्ट शोषित वर्गको सदस्य बनेपछि मान्छे आफ्नो 'मानवीय सारतत्व'बाट वञ्चित हुन्छ र पूँजीवादको अधिनमा अन्ततः उसले आफूभित्र 'समस्त मानवताको विनाश' हुँदै गरेको देख्छ । पूँजीवादी शोषण प्रक्रियाले 'लोभ र लोभीहरूबीच लडिने प्रतिस्पर्धा नामक लडाइँ' जस्तो देखिने पूँजीपति, तिनका सहयोगी र मजदुरहरू गरी समस्त मानव जातिलाई नै आफ्नो कसिलो मुठ्ठीमा जकडेर 'बजारको अन्धो तागत' को कृपामा छोडिदिन्छ ।

> मार्क्सले जतन गरेर राख्न आफ्ना अनुयायीहरूका निम्ति जड सिद्धान्त वा आस्थाहरूको कुनै व्यवस्था छोडेनन् ।

मानिसको मुक्त सिर्जनात्मक सक्रियतालाई अलगाव (पृथक) पीडित श्रममा फेरिदिन्छ । मानिसलाई 'माल' (वस्तु) मा फेरिदिन्छ । यसले मानिसलाई मानिसबाट अलग्याउँछ । पूँजीवादले मानिसहरू बीचका सबै वास्तविक नाता तोडिदिन्छ र 'मानव संसारलाई परस्पर विरोधी अणु तुल्याइएका व्यक्तिहरूको संसार'मा विलीन गरिदिन्छ । यसले 'मानिस-मानिसबीच नाङ्गो स्वार्थ, कठोर नगद भुक्तान' बाहेक नातागोताका अन्य कुनै आधार बाँकी राख्दैन र 'व्यक्तिगत सम्पदालाई विनिमय मूल्य' मा झार्दिन्छ । मानव जीवनका हरेक पक्ष किनबेचको वस्तु बन्छन् र 'प्रेम, निष्ठा, ज्ञान, अन्तर आत्मा, गुण आदिजस्ता चीज जो पहिले बाँडिन्थ्यो तर लेनदेन गरिँदैनथ्यो, जो दिने गरिन्थ्यो तर बेचिन्नथ्यो, पाइन्थ्यो तर किनिँदैनथ्यो' अब बजारू भएर व्यापारको क्षेत्रमा प्रवेश गर्छन् । 'धनको दैवी शक्तिले मानवीय र प्राकृतिक गुणहरूलाई बजारमा ल्याएर आजित र पराजित गरिदिन्छ...'

मार्क्सले मानिसलाई अलगावमा पार्ने, व्यक्तित्व र मानवताबाट वञ्चित गर्ने पूँजीवादका परिणामतिर औंल्याए । साथै मानव जीवनलाई सही अर्थमा समृद्ध बनाउने सबै सुन्दर मानवीय संवेदनाको ठाउँमा पूँजीवादले खालि सम्पत्ति-बोधको मरणशील र अमूर्त संवेदनालाई अघि सार्ने तथ्यमा मार्क्सले विशेष ध्यान दिए । सम्पत्ति-बोधको उक्त संवेदनाले मानवीय व्यक्तित्वलाई नष्ट गर्छ र मानिसलाई 'लोभी समाजको भयानक आन्तरिक बिमारी'बाट सिकिस्त पार्छ । मार्क्सकै शब्दमा, "यी सबै शारीरिक र मानसिक संवेदनाहरूको सट्टा विरक्तिको संवेदना अर्थात् स्वामित्वको भावनाले डेरा जमाउँछ । मानिसलाई यस असीम दरिद्रतामा धकेलिन्छ ताकि उसले आफ्नो आन्तरिक सम्पत्ति बाहिरी संसारको हातमा सुम्पन सकोस् ।" मार्क्सका लागि पूँजीवादको कथित धनी व्यक्तिसमेत वास्तविक जीवनबाट वञ्चित र आफ्नो अन्तरआत्माबाट अपाङ्ग एवं 'उत्तिकै गरिब' थियो । मार्क्सले लेखे, "जसको सम्पत्ति जति धेरै हुन्छ ऊ त्यत्ति नै तुच्छ हुन्छ" र उनले यसमा जोड दिए कि "निजी सम्पत्तिको अतिक्रमण नै सबै मानवीय संवेदना र गुणहरूबाट पूर्णतः वञ्चित हुनु हो ।" साम्यवादलाई उनले "मानवीय अस्तित्वको मुक्ति र पुनःप्राप्तिको प्रक्रियामा ऐतिहासिक विकासको अर्को चरणको लागि जरुरी युग" को संज्ञा दिए । साम्यवादमा "निजी सम्पत्ति र मानवीय आत्म-अलगावको सकारात्मक घच्घचाइबाट एक सामाजिक प्राणीको रूपमा आफ्नो पछिल्लो विकासको सम्पूर्ण समृद्धिसँगै मानिस आफ्नै स्वतिर सचेत भई फर्कनेछ ।" मार्क्स अझै के पनि भन्छन् भने "व्यक्तिको विरुद्धमा समाजको अमूर्त बनोट एक यस्तो चीज हो जसबाट हर हालमा जोगिनुपर्नेछ । व्यक्तिगत जीवन सामाजिक जीवनको अभिव्यक्ति र त्यसको पुष्टि हो ।"

## ✷ उत्पादन-आवश्यकता-स्वतन्त्रता

मार्क्सले 'आवश्यकताको क्षेत्र' र 'स्वतन्त्रताको क्षेत्र' बीच भेद गरेका थिए । उनले जीवनलाई जोगाइराख्न सबै समाजमा भौतिक उत्पादन जरुरी छ भन्ने अपरिहार्य तथ्यलाई किटान गरे । "बर्बर मानिसले जीवनलाई निरन्तरता दिन र त्यसको पुनरुत्पादनको लागि प्रकृतिसँग जुध्दै आफ्ना आवश्यकता पूर्ति गरेजस्तै सभ्य मानिसले पनि सबै सामाजिक बन्दोबस्त र सम्भव सबै उत्पादन विधिहरूअन्तर्गत आफ्ना आवश्यकता पूरा गर्नुपर्छ ।" मार्क्सले 'भौतिक उत्पादनको क्षेत्र' लाई 'आवश्यकताको क्षेत्र' को रूपमा हेरे । यहाँनिर भौतिक उत्पादनको निम्ति पूँजीवादी र समाजवादी तरिकाबीच छनोटको

प्रश्न आउँछ । पूँजीवादी मापदण्डको अर्थ हो 'छद्म नैतिक सिद्धान्त' । किन्सले एकपटक भनेकै थिए, "हामीलाई दुई सय वर्षसम्म परिचालन गरेको यो व्यवस्थाका दौरान (क्रममा) केही अति नमिठा मानवीय विशेषतालाई हामीले सर्वोच्च मानवीय गुणको स्तरमा उकासिदिएका छौं ।" वा मार्क्सले सुझाएजस्तै, समाजवादी तरिकाको उत्पादनमा "संगठित उत्पादनकर्ताले आफ्नो मानवीय प्रकृति सबैभन्दा अनुकूल र अनुरूप हुने परिस्थितिहरूमा न्यूनतम उर्जा खर्चेर प्रकृतिसँगको आफ्नो आदानप्रदानलाई लगातार विवेकसम्मत बनाइराख्छन् ।"

तैपनि मार्क्सका लागि 'भौतिक उत्पादनको क्षेत्र' अझै पनि 'आवश्यकताको क्षेत्र' बनिरह्यो । 'स्वतन्त्रताको क्षेत्र' त्यसपछि आउँछ । संसारिक आवश्यकता पूर्तिको दौरानमा गरिने श्रमको अन्त भएपछि त्यो क्षेत्र सुरू हुन्छ । मार्क्सले यसको विशेषता यसप्रकार बताएका छन्, "स्वतन्त्रताको वास्तविक क्षेत्र, मानवीय उर्जाको त्यो विकास जो स्वयम्मा साध्य हो, केवल त्यतिबेला विकसित हुनसक्छ जब यो आवश्यकताको क्षेत्रमा उभिन्छ ।" यसप्रकार मार्क्सको विचारमा समाजवाद वा साम्यवादको एउटा भौतिक जग हुन्छ तर भौतिक सन्तुष्टि होइन । वास्तविक मानवीय सन्तुष्टि अर्थात् 'स्वतन्त्रताको क्षेत्र' र त्यसको 'विकास हुनु' को अर्थ मार्क्सवादी दार्शनिक लैडिस्लाभ स्टोलले स्पष्ट पारेका छन् । उनी भन्छन्, "जीवन र जगतको बहुआयामिक, सक्रिय, ठोस व्यवहारको सट्टा 'स्वतन्त्रताको क्षेत्र' बाट व्यक्तिले 'म हेर्छु, म सुन्छु, म सुँघ्छु, म चाख्छु, म छुन्छु' मात्रै नभनी 'म गर्छु, म पढ्छु, म प्रेम गर्छु, म प्रशंसा गर्छु, म एउटा राम्रो भविष्यका लागि संघर्ष गर्छु' पनि भन्न सक्छ । भावनाहरूको यस समृद्धिलाई आत्मसात गर्ने सच्चा मानवीय तरिकाबाट मानिसले संसारमाथि साँचैको विजय पाउँछ । अर्को शब्दमा आफ्ना समस्त इन्द्रीयजनित संवेदनाहरूसँगै विजय पाउँछ । यो केवल पाँच इन्द्रीयहरूको विषय होइन, किनभने पशुभन्दा अलग मानिससँग सुन्दर संवेदनाहरूको ताँती हुन्छ । केवल देख्ने, सुन्ने, सुँघ्ने, चाख्ने र स्पर्श गर्ने मात्र होइन, बरु संगीत, कविता, विज्ञान, इतिहास र कलामाथि समेत मानिसले विजय पाउँछ । ऐतिहासिक विकासका उपज यी सबै सुन्दर मानवीय बोधको आवश्यकतालाई जब मानिसले सन्तुष्ट पार्न थाल्छ त्यतिबेला मात्र संसारका समस्त सौन्दर्यलाई अपनाउन सक्छ र सही अर्थमा समृद्ध हुनसक्छ ।"

## ✱ मार्क्सवाद अझ बढी सान्दर्भिक

यस्तो थियो भविष्यको मार्क्सको भिजन र यो कुनै आदर्शवादी युटोपिया (कल्पना) थिएन । यो भिजन समाजको गर्भमा विद्यमान र परिपक्व हुँदै गरेका सम्भावनामाथि बलियो गरी उभिएको थियो । वर्तमान युगको वैज्ञानिक र प्राविधिक क्रान्तिका कारण यी सम्भावनाहरू अब कैयौं गुण बढेका छन् । मार्क्सले आफ्नो भिजन पूँजीवादले आवश्यक भौतिक आधार तयार गरेका औद्योगिक रूपले विकसित देशहरूमा साकार हुने आशा गरेका थिए । तर इतिहासले मार्क्सको आशामा खेल खेल्यो । पहिलो विश्वयुद्धको अन्त्यपछि मार्क्सले अनुमान गरेजस्तै युरोपेली देशहरूमा क्रान्ति भए । तर केवल रुसी क्रान्ति सफल भयो । पूँजीवादले छोडेर गएको आर्थिक, राजनीतिक र सांस्कृतिक उपलब्धीहरूको आधारमा समाजवादको निर्माण एउटा एक्लो र पिछडिएको देशमा गर्नुपर्‍यो । त्यो पनि सर्वाधिक शत्रुतापूर्ण पूँजीवादको विश्वव्यापी वर्चश्वको बीचमा । लेनिनले यो परिस्थितिलाई बुझेका थिए र सम्भवतः उनमा यो सर्वथा नचिताएको स्थितिको रचनात्मक मार्क्सवादी समाधान दिने क्षमता थियो । मार्क्सवादी शब्दावलीमा भन्नुपर्दा उत्पादक शक्तिहरूको विकास र नयाँ समाजको आधारको रूपमा उत्पादनका समाजवादी सम्बन्धहरूको निर्माण सँगसँगै गर्नुथियो । लेनिनले यस समस्यालाई पराजय पनि एउटा विशिष्ट सम्भावना रहेको संघर्षको रूपमा हेरे । उनले लेखे, "हामी कति अघि जान सक्छौं भन्ने कुरा संघर्ष र केवल संघर्षले मात्र निर्धारित गर्नेछ ।" तर त्यो संघर्ष खासगरी लेनिनको असामयिक निधनले गर्दा उचित ढंगले हुन सकेन । पिछडिएको देश हुनु, जोगिनुपर्ने बाध्यता, विज्ञानवाद र अर्थवाद (अर्थात् उत्पादक शक्तिहरूको सिद्धान्त), नेतृत्ववादी व्यक्तिहरूको चरित्रगत कमजोरी, यी सबैले आफ्नो मूल्य लिए, र त्यहाँ जे बन्यो त्यो पूर्णतः विकृत समाजवाद थियो । लगभग सत्तरी वर्षपछि अन्ततः रुसलाई पराजित गरेर विश्व पूँजीवादले पुनः निल्यो । जे भयो त्यो अपरिहार्य भने थिएन । तर अब हुने हुनामी भइसकेको छ । र संसार इतिहासको कुनै पनि चरणभन्दा बढ्ता पूँजीवादी भइसकेको छ । यसकारण नै मैले अगाडि बताएजस्तो मार्क्सवाद पहिलेभन्दा बढी सान्दर्भिक भएको छ ।

**टिप्पणी**

१. लेखकले यहाँ रुसी कम्युनिष्ट पार्टीले सामना गर्नुपरेका भित्री र बाहिरी जालझेल, युद्ध र संशोधनवादको उदयबारे खुलाएका छैनन् ।

(गार्गी प्रकाशनले छापेको 'मार्क्स की वापसी' बाट अनुदित । अनु. सम्यक)

*नेपाली अनुवाद – सुरेश*

✱चिन्ह अङ्कित उपशिर्षकहरु हामीले दिएका छौं ।– 'भक्तपुर'

# वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि, २०७४ का मुलभूत व्यवस्थाहरू



*हरिराम सुवाल, वडाध्यक्ष–६, भनपा*

भक्तपुर नगरपालिकाले नगरभित्र विकास निर्माणका कार्य गर्दा उपभोक्ता समितिमार्फत गर्दै आएको छ । विगतका दिनहरूमा जनप्रतिनिधिहरू नहुँदा पनि भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत नै विकास निर्माणका कार्यहरू गर्दै आएको थियो । नगरपालिकामा जनप्रतिधिहरू प्रवेश गरेपछि उपभोक्ता समितिमार्फत विकास निर्माणका कार्य गर्ने नीतिलाई निरन्तरता दिंदै आएको र अझ विकास निर्माण कार्यलाई प्रभावकारी, व्यवस्थित र मितव्ययी बनाउनको लागि वडा–वडामा बजेट पठाउने नीति नगरपालिकाले लिएको छ । आर्थिक वर्ष २०७४/०७५ देखि नै भक्तपुर नगरपालिकाले दशवटै वडाहरूलाई ५०/५० लाख बजेट विकास निर्माणको लागि छुट्याउने नीति अख्तियार गरी बजेटको व्यवस्था गरिएको थियो । यो नीतिलाई निरन्तरता दिंदै नगरपालिकाले यस वर्ष पनि दशवटै वडालाई ५०/५० लाख बजेट पठाएको छ । वडालाई पनि केही हदसम्म स्वायत्तता दिएमा विकास निर्माणका कार्यमा जनसहभागिता बढी हुनुका साथै जनप्रतिनिधिहरू जनतासमक्ष पुग्ने आधार तयार हुन्छ । साथै वडाहरूबीच पनि एक किसिमले विकास निर्माण कार्यमा आपसी प्रतिस्पर्धाको वातावरण सृजना भई विकास निर्माणमा तीव्रता आउने गर्दछ । वडा बजेट पूर्णरूपमा परिचालन भई स्थानीय स्तरमा जनपरिचाल नहुने र जनसहभागिताले कम लागतमै योजनाहरू सम्पन्न हुने गर्दछ । जनसहभागिताले भ्रष्टाचार शून्यता आउनुका साथै प्रजातान्त्रिक सिद्धान्तअनुसार वास्तविक अधिकार जनतालै महसुस गर्दछ । सिंहदरबारको अधिकार स्थानीय तहलाई हस्तान्तरण गर्दै जाने सरकारको नीतिलाई कार्यान्वयन गर्ने एउटा आधार यो पनि हो । भक्तपुर नगरपालिकाले निश्चय नै वडा–वडामा बजेट विनियोजन गरेर स्वायत्तता र विकेन्द्रीकरणको अवधारणालाई कार्यान्वयन गर्न खोजेको देखिन्छ । यसले निश्चय नै भक्तपुर नगरपालिकाको दीर्घकालीन विकास र जनताको आर्थिक उन्नतिमा निकै नै सहयोग पुग्दछ ।

पत्रपत्रिकामार्फत् हामीले विभिन्न नगरपालिका र गाउँपालिकामा भएका विकास निर्माणलगायत अन्य क्षेत्रमा समेत भ्रष्टाचारका घटनाहरू दोहोरिरहेको समाचारहरू पढ्न पाइरहेका छौं । अझ सरकारका अन्य विभिन्न निकायहरू विशेषगरी मालपोत तथा भुमिसुधार कार्यालय, राजश्व विभाग तथा अन्य विभागमा पनि यस्ता घटनाहरूको समाचार दिनहुँ जस्तो छापिरहेको छ । सरकारी कर्मचारीहरू र जनप्रतिनिधिहरूसमेत यस्तो घुस काण्डमा मुछिरहेको नौलो विषय रहेन । तर हालसम्म पनि भक्तपुर नगरपालिकाको यस्तो विषयमा समाचार नआउनु र भक्तपुर नगरपालिकाले पारदर्शी र मर्यादित रूपमा विकास निर्माणका कार्यमात्र होइन, अन्य प्रशासनिकलगायत अन्य कार्य भइरहको सकारात्मक रूपमा प्रचार देशभरि नै भइरहेको हाम्रो निम्ति गौरवको विषय हो । भक्तपुर नगरपालिकामा हरेक विकास निर्माणका कार्य जनसहभागितामा हुनु र उपभोक्ता समितिमार्फत हुनुले भ्रष्टाचरलाई नियन्त्रण गरेको देखिन्छ । स्थानीय स्तरमा विकास निर्माण कार्य गर्दा स्थानीय जनतालाई सचेत गर्दै उनीहरूकै सहभागिता र सहयोगमा गरेमा लागत कम हुनुका साथै गुणस्तर पनि धेरै नै हुने गर्दछ । साथै उक्त योजना सम्पन्न भएपछि पनि त्यसलाई व्यवस्थापन र सञ्चालन पनि स्थानीय व्यक्तिले नै निरन्तर रूपमा गर्ने भएकोले पनि यस्ता योजनाहरू टिकाउ, समयमै सम्पन्न हुने र गुणस्तरीय भएको पाइन्छ ।

भक्तपुर नगरपालिकाले जनसहभागितालाई कायमै राख्न र जनसहभागितामा विकास निर्माणका छिटो, छरितो र व्यवस्थित गर्नको लागि मिति २०७४ माघ ३,४, ५ र ६ गते बसेको दोस्रो नगरसभाले भक्तपुर नगरपालिका **वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि २०७४** पास गरेको थियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले स्थानीय तहको अधिकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरूसमेत समावेश भएको उक्त अधिकार क्षेत्रअन्तर्गतका क्रियाकलापहरू छिटोछरितो र सरल रूपमा स्थानीय वडा तहबाट नै सम्पादन गर्न वाञ्छित हुँदा वडास्तरीय बजेट परिचालन र कार्यन्वयनसम्बन्धी यो कार्यविधि बनाइएको छ । यस कार्यविधिअनुसार वडा बजेट भन्नाले भक्तपुर नगरपालिकाले सम्बन्धित वडालाई पठाएको बजेट रकम भन्ने बुझिनेछ । यस बजेट रकमबाट सम्बन्धित वडाले समिति

भत्ता, मर्मत सम्भार, विविध खर्च र वडास्तरीय योजनाको लागि खर्च गर्न गराउन सक्दछ । वडास्तरीय भन्नाले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेटबाट पारित भइ वडाले प्राप्त गरेको बजेटअन्तर्गतका वडास्तरीय योनजाहरू र भैपरी वा आकस्मिक अवस्थामा वा आवश्यकताअनुसार भक्तपुर नगरपालिका बोर्डबाट निर्णय भई सम्बन्धित वडाले सञ्चालन गर्ने भनी तोकीएका योजनाहरू हुन् । मर्मत सम्भार भन्नाले सम्बन्धित वडाले प्राप्त गरेको बजेटबाट सम्बन्धित वडामा गरिने एक लाख रूपैयाँम्मको भैपरी मर्मत पर्दछ । समिति भत्ता भन्नाले सम्बन्धित वडा समितिको बैठक भत्ता पर्दछ । विविध खर्च भन्नाले सम्बन्धित वडा समितिले कार्यालय चियापान, खाजावापत गर्ने, अतिथि सत्कारका लागि गरिने खर्च र भैपरी खर्च पर्दछ ।

यस कार्यविधिअनुसार समिति भत्ता र विविध खर्च बिल भर्पाईसहित सम्बन्धित वडाको वडा सचिवले खर्च विवरण पेश गरी वडाध्यक्षबाट प्रमाणित गराई खर्च अभिलेख राख्नुपर्दछ । रु. ५०००।– सम्मको सामान्यमर्मत सम्भार वडाध्यक्षको आदेशमा वडासचिवले गर्न गराउन सक्नेछ र सोको बिल भर्पाईसहित सम्बन्धित वडाको वडा सचिवले खर्च विवरण पेस गरी वडाध्यक्षबाट प्रमाणित गराई खर्च अभिलेख राख्नुपर्दछ । रु. ५०००।– भन्दामाथि १ लाखसम्मको मर्मत सम्भार वडाध्यक्षको आदेशमा योजनाको रूपमा सञ्चालन र फरफारक गर्न सकिनेछ ।

कार्यविधिअनुसार २५ लाखसम्मको वडास्तरीय योजना सञ्चालन सम्बन्धित वडा समितिबाट सोझै ज्यालादारीमार्फत रु. १,००,०००।– सम्मको योजना सञ्चालन गर्न सक्दछ भने अमानतबाट रु. ५,००,०००।– सम्मको योजना सञ्चालन गर्न सक्दछ र दरभाउपत्रमार्फत रु. ५,००,०००।– भन्दा माथि देखि १०,००,०००।– सम्मको योजना नगरपालिकाको मौजुदा सूचीमा सूचिकृत फर्म, संस्थाहरूबाट र उपभोक्ता समितिमार्फत रु. २५,००,०००।– सम्मको योजनाहरू नियमानुसार गठित उपभोक्ता समितिहरूमार्फत गराउने अधिकार प्रत्यायोजन गरेको छ। रु. २५ लाखसम्मको ल.ई. सम्बन्धित वडा प्राविधिकले तयार गरी योजना शाखाका प्रमुखले जाँचपास गर्ने, सम्पदासँग सम्बन्धित योजना भए सम्पदा उपशाखा प्रमुखले जाँचपास गर्ने र सम्बन्धित वडा समितिको बैठकबाट पारित गराई अध्यक्षबाट योजना ल.ई. स्वीकृति गर्नुपर्दछ । दरभाउमार्फत र उपभोक्ता समितमार्फत काम गर्दा योजना ल.ई. र स्वीकृति भएपछि योजना सञ्चालन जिम्मा पाएका योजना सञ्चालकले वडा समितिसँग अनुसूची (१) बमोजिम योजना सञ्चालन सम्झौता गरेपछि योजना सञ्चालन जिम्मा दिइनेछ । दरभाउमार्फत कामगर्दा योजना सञ्चालकले रकमको कम्तीमा २.५ प्रतिशत बराबर वा नियमानुसारको रकम सुरक्षण धरौटी नगरपालिकाको खातामा जम्मा गराइनेछ । योजना सञ्चालनको सम्झौता भएपछि योजना सञ्चालकलाई पहिलो किस्तावापत कुल इष्टमेट रकमको ३३ प्रतिशत बराबरको रकम पेश्कीको रूपमा दिइनेछ । उक्त पेश्की रकम फछ्र्यौट गर्दा पेश्की रकम बराबरको बिल भर्पाई पेश गरी सम्बन्धित वडा प्राविधिकबाट कार्य मूल्यांकन प्रतिवेदनसमेत पेश गरी कार्य मूल्यांकनको आधारमा कुल ल.ई.को ७५ प्रतिशतसम्म हुने गरी थप पेश्कीको रूपमा दिइनेछ । रकम निकासाको स्वीकृति सम्बन्धित वडाध्यक्षबाट दिइनेछ ।

## योजना अनुगमन र निरीक्षण

योजना सञ्चालन सम्झौता भई कार्यान्वयन हुँदा गरेका योजनाहरूको अनुगमन र निरीक्षण गर्ने जिम्मा सम्बन्धित वडा प्राविधिक र वडा समितिका सदस्यहरूको हुनेछ । योजना अनुगमन र निरीक्षण गर्दा सम्बन्धित वडा प्राविधिक र सम्बन्धित वडाका सदस्यहरूले योजना सञ्चालकलाई योजना संचालन र गुणस्तर सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । योजना सञ्चालकले योजनासम्बन्धमा सम्बन्धित वडा समितिका सदस्यहरू, वडा प्राविधिक र योजना शाखा प्रमुख र सम्पदासँग सम्बन्धित योजनाको हकमा सम्पदा उपशाखा प्रमुखको निर्देशनको पालना गर्नुपर्नेछ । योजना सञ्चालकले तोकिएको समययमा कार्य सम्पन्न गर्नु निजको कानुनी कर्तव्य हुनेछ ।

## पेश्की फछ्र्यौट र योजना फरफारक

योजना सञ्चालकले सम्झौतामा तोकिएको अवधिभित्र योजना कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट र योजना फरफारकका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ । योजना फरफारकको निवेदन साथ बिल भर्पाई, डोर हाजिर फारमको सक्कल प्रति योजना सञ्चालकबाट प्रमाणित गरी संलग्न गर्नुपर्नेछ । तर उपभोक्ता समिति र सोझै सञ्चालन गराइएका योजनाहरूको कार्य मूल्यांकनको आधारमा समेत पेश्की फछ्र्यौट र योजना फरफारक गर्न सकिनेछ । निवेदनप्राप्त भएपछि योजना सञ्चालन कार्यको अन्तिम मूल्यांकन सम्बन्धित वडा प्राविधिकले गरी योजना शाखाका प्रमुखबाट वा सम्पदासँग सम्बन्धित योजना भए सम्पदा उपशाखा प्रमुखबाट जाँचपास गराई सोको अन्तिम मूल्याङ्कन प्रतिवेदन योजना इष्टिमेट स्वीकृत गर्ने पदाधिकारीसमक्ष पेश गरिनेछ । योजना कार्य सम्पादनको अन्तिम मूल्याङ्कन प्रतिवेदन पेश भएपछि पेश्की फछ्र्यौट र योजना फरफारक निवेदन सम्बन्धमा सम्बन्धित वडा समितिको बैठकले निर्णय गरी पेश्की फछ्र्यौट र योजना फरफारक गर्न सक्नेछ । निर्णय अनुमोदनका लागि सम्बन्धित वडा कार्यालयले भक्तपुर नगरपालिका बोर्ड बैठकमा पेश गर्नुपर्नेछ । बोर्डले पास गरेपछि उक्त योजना सम्पन्न हुनेछ ।

# snf, ;‡s[t / ;Dkbf ;‡lf0fdf eQmk'/ gkf

विगोल

संसारका कति स्वतन्त्र र सार्वभौम मुलुकहरू साम्राज्यवादी, विस्तारवादी र उपनिवेशवादी देशहरूबाट अझै आक्रान्त छन् । संयुक्त राज्य अमेरिका र बेलायतजस्ता साम्राज्यवादी देश र ती देशका पिछलग्गूहरू मिलेर कुन दिन प्रजातान्त्रिक जनगणतन्त्र, क्युवा र बोलिभियाजस्ता देशहरूमा आक्रमण गर्ने हो, कुनै ठेगान छैन । साम्राज्यवादी देशहरूको आक्रमण गर्ने संभावनाले नै प्रजग कोरियाले आत्मसुरक्षाको लागि आणविक परीक्षण गरेको हो । दसकौंदेखि आणविक अस्त्रको विकास गरेर अरु देशमाथि आक्रमण गरेर भएभरका मौलिक संरचना खरानी पार्ने र लाखौं–लाख जनताको नरसंहार गर्ने, अन्ध अपाङ्ग बनाउने संयुक्त राज्य अमेरिका संसारको लागि आतङ्कित र खतराको देश नबन्ने अनि आफ्नो सुरक्षाको लागि आणविक परीक्षण गर्ने प्रजग कोरिया संसारको लागि खतराको देश बन्ने अमेरिकी प्रशासनको गिद्धेदृष्टिलाई संसारका न्यायप्रेमी जनताले मूल्याङ्कन गर्दैछन् । अतः समाजवादी देश या कम्युनिष्ट मुलुकहरू साम्राज्यवादी र विस्तारवादी देशहरूसँग सतर्क हुनु स्वाभाविक हो ।

वास्तवमा हरेक राज्यले साम्राज्यवादी आक्रमण, उनीहरूको सांस्कृतिक घूसपैठको विरोध गर्नैपर्छ । कम्युनिष्ट मुलुक र विश्वका कम्युनिष्टहरू समाजवादी राष्ट्रिय संस्कृति निर्माण गर्न अघि बढ्नैपर्छ । आफ्नो सांस्कृतिक सम्पदाको रक्षा गर्नैपर्छ र त्यसबारे राज्यले जनतालाई सुसूचित पार्नैपर्छ । दसकौंदेखि साम्राज्यवादी अमेरिकाबाट आक्रान्त प्रजग कोरियाले कामदार जनताको सृजनात्मक क्षमताको विकास गर्न समाजवादी संस्कृतिलाई जोड दिइरहेको कुनै आश्चर्यको विषय होइन । समाजवादी संस्कृतिमार्फत समाजलाई बुद्धिजीवीकरण गर्नेतर्फ अघि बढिरहनु प्रजग कोरियाको आवश्यकता नै हो । प्रजग कोरियाले विचारधारात्मक, सांस्कृतिक र प्राविधिक क्रान्ति गर्नु विश्वकै लागि उदाहरणीय काम हो । कोरियाली जनताको समाजवादी सुन्दर जीवनको लागि प्रजग कोरिया अग्रसर छ ।

क्युवा पनि क्युवाली संस्कृतिको रक्षा गर्दै देशको सांस्कृतिक सम्पदा, कला र ऐतिहासिक स्मारकहरूको संरक्षणमा जुटिरहेको छ । राष्ट्रिय स्मारक र स्थलहरूको संरक्षण गर्न क्युवाली सरकारले जनताको सांस्कृतिक स्तर उठाउन कलात्मक शिक्षा, सृजनात्मक व्यवसाय तथा कलाको विकास र सम्मानलाई बढावा दिइरहेको छ ।

जनगणतन्त्र चीनले देशका दर्शनीय स्थलहरू, ऐतिहासिक स्थलहरू, सांस्कृतिक स्मारकहरू तथा सम्पदाका संरक्षण र संवर्द्धन गरिरहेको छ । साहित्य, कला, सङ्ग्रहालय प्रति जनताको सहानुभूति बनाउन, सम्पदालाई अनन्तसम्म जीवन्तता दिन चिनियाँ सरकारले मजदुर, किसान, कामदार तथा सरकारी कर्मचारीलाई समेत सांस्कृतिक, वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गरिरहेको छ । सांस्कृतिक कार्यमा संलग्न नागरिकहरूलाई उत्साहित गरिरहेको छ ।

नेपालको संविधानमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हकको व्यवस्था गरिएको छ । आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक प्रदान गरिएको छ । ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन् तथा प्रचार–प्रसार गर्ने सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने नीति बनाइएको छ । राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकास गर्न र देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सह–अस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने नीति अवलम्बन गरिएको छ ।

नेपाल मजदुर किसान पार्टीको संविधानसभा निर्वाचन २०७० को घोषणापत्रमा केन्द्रीय सरकार र प्रादेशिक सरकारले कुनै निश्चित क्षेत्र, नगर वा गाउँलाई पुरातात्त्विक र ऐतिहासिक स्मारक संरक्षण गर्न तथा त्यहाँको कला, संस्कृति, भाषा, जाति एवम् परिचय जोगाउन सांस्कृतिक नगर, गाउँ वा क्षेत्र घोषणा गर्नुपर्ने उल्लेख छ ।

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाबाट पारित आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम र बजेटमा सांस्कृतिक क्षेत्रमा लागेर कला र संस्कृतिको संरक्षणमा योगदान गरेका दाफा, भजन वा परम्परागत नाचगानका गुरुहरूको परिश्रमको

सम्मान गर्ने, सांस्कृतिक पर्व गाईजात्रामा नाचगान, ख्याल, नाटक आदिको प्रतियोगिता गरी कला, साहित्य र संस्कृतिको संरक्षण गर्न परम्परागत र आधुनिक विधाका सांस्कृतिक टोलीलाई प्रोत्साहन गरिने उल्लेख छ। परम्परागत बाजा र सांस्कृतिक टोलीलाई उत्साहित गरी जीवन्तता दिन सांस्कृतिक प्रशिक्षणहरू सञ्चालन गर्ने, समय-समयमा बाजा तथा सांस्कृतिक समूहहरूबीच प्रतियोगिता गर्ने, लोप भइसकेका सम्पदाहरूको उत्खनन् गर्ने नीति तथा कार्यक्रम पनि भनपाको रहेको छ। भक्तपुर नगरपालिकाको पुरानो बस्तीलाई सीमाङ्कन गरी सांस्कृतिक नगर घोषणाको लागि कार्यदल गठन गरी प्रक्रिया अघि बढाउन आवश्यक बजेटको बन्दोबस्त गरिएको छ। यहाँका नाचगान विश्वभर परिचित गराएर पर्यटकहरूको आगमन बढाउन सांस्कृतिक केन्द्र स्थापना गर्ने र उनीहरूको बसाइ लम्ब्याएर यहाँको पर्यटन व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यहाँको सांस्कृतिक र जनजीवन झल्किने सांस्कृतिक सङ्ग्रहालय खोल्ने नपाको ध्येय रहेको छ।

कला, संस्कृति र सम्पदा पुर्ख्यौली सम्पत्ति हो। सरकारले पुर्खाको सम्पत्तिलाई देशकै सम्पत्ति ठानेर संरक्षण र संवर्द्धन गरिरहेको हुन्छ। यसको संरक्षण गर्नु स्थानीय सरकारदेखि केन्द्रीय सरकारको जिम्मेवारी हो। कुनै सरकारले कला, संस्कृति र सम्पदाको संरक्षण गर्दैन भने त्यहाँ आफ्नो सभ्यता, संस्कार र संस्कृति बाँकी रहँदैन। पुर्खाले आर्जेका कला, संस्कृति र सम्पदालाई कसैले धूलो-पीठो या नष्ट गर्छ भने त्यहाँ आफ्नो देशको मौलिकता कसरी बाँकी रहन्छ ! कला, संस्कृति र सम्पदा सबै विदेशबाट भित्र्याएर हाम्रो संस्कार, संस्कृति र कला कसरी विकास हुन्छ र जीवन्तता दिन सकिन्छ ?

प्राचीन कला या सम्पदा ध्वस्त पारेर देशको विकास उचाइमा पुगेको मानिँदैन। आधुनिक विकासको कुरा जोडेर पुर्खाले सिर्जेका मौलिक शैली र स्वरूपका मठ, मन्दिर, पाटी, पौवा, सत्तल, देवल, चैत्य, स्तुप, विहार तथा अन्य प्राचीन सम्पदाहरूलाई कन्क्रिटले जोड्नु आफ्नै देशको सभ्यता, संस्कृति र मौलिकतामाथि कुल्चनु हो, लातमार्नु हो। हाम्रा कति नगर प्रमुख, सांसद, मन्त्री र अझ प्रधानमन्त्रीसमेत पुरानो मौलिक सम्पदाप्रति खिसी उडाएर स्मारक संरक्षण ऐन किन उल्लङ्घन गर्छन् भन्ने प्रश्न पुरातत्त्वविद्, संस्कृतिविद् र सम्पदाविद्हरूबीच उठिरहेको छ।

प्राचीन कला र सम्पदाको उपादेयता नबुझेरै काठमाडौंस्थित रानीपोखरीको पुनःनिर्माण कार्य ढिलो भएको हो, बन्न लागेको कार्य पनि रोकिएको हो। एकपछि अर्को मन्दिर, देवल, पाटी, चैत्य, विहारमा आधुनिकता जोडेर दण्डी र कन्क्रिटले बनाउन थाल्यो भने भोलि यहाँ कसरी सम्पदा बाँकी रहला ? सम्पदा संविधानमा मात्र सीमित रह्यो भने राजधानीमा किन विदेशी पर्यटकहरू छिर्छन् ? सम्पदा संरक्षण नगरी, यहाँको मौलिकता कायम नराखी २० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्य कसरी पूरा हुन्छ ? कन्क्रिट या ढलानको म्यादै नहुने जस्तो केटाकेटीपनको कुरा फलाकेर मौलिक शैलीको भवन, मन्दिर निर्माण गरेपछि कमजोर हुने, चाँडै बिग्रिने, भत्किने कुरा वैचारिक दरिद्रता हो। गगनचुम्बी घर र भवनहरू देखिरहेका विदेशी पर्यटकहरू यहाँका आधुनिक भवन र घरहरू हेर्न किन आउँथे ? पर्यटकहरू समय कटाउन मात्र देश देशान्तर गरेका होइनन्। त्यहाँको पुरातात्त्विक, ऐतिहासिक, सामाजिक, धार्मिक महत्त्वका सम्पदा र प्राकृतिक तीर्थस्थलहरू हेर्न, बुझ्न र थाहा पाउन पनि भ्रमण गरेका हुन्छन्- पर्यटकहरू।

नाचगानको राजधानी मानिएको कला र संस्कृतिले भरिपूर्ण भक्तपुर वास्तवमै सांस्कृतिक नगर हो। संस्कृतिमा धनी यो नगर राज्यले सांस्कृतिक नगर घोषणा गर्न कुनै कञ्जुस्याइँ गर्नुपर्ने देखिँदैन। उमेर पुगेका नागरिकलाई नेपाली नागरिकता दिएर औपचारिक मान्यता दिएझैं भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न सकिन्छ। कला, संस्कृति र सम्पदालाई संरक्षण गरेर जीवन्तता दिने हो भने सम्पदा स्थललाई सीमाङ्कन गरी सांस्कृतिक नगर, गाउँ वा सांस्कृतिक स्थल घोषणा गर्नुपर्छ। सरकारले संविधानमा ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन् गर्ने कुरा उल्लेख गर्ने तर प्रक्रिया अघि नबढाउने हो भने त्यो देखाउने दाँतमात्र हुनेछ। आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक संविधानतः प्रदान गरिएको हो भने सांस्कृतिक सम्पदा स्थललाई सांस्कृतिक क्षेत्र घोषणा गर्न राज्यले पहल गर्नुपर्छ।

कला, संस्कृति र सम्पदा संरक्षण गर्ने कार्यमा भक्तपुर नगरपालिका अगाडि पर्छ। अन्य नपाले गरिरहे पनि गति सीमित छ। त्यस्तो कार्य पुरातत्त्व विभागले पनि गरिरहेको छ। तर बजेट अभाव भनी थोरबहुतमात्रै सम्पदा संरक्षण भइरहेको देखिन्छ। यसतर्फ सरकारको दृष्टि नपुग्नाले पनि या पुरातत्त्वविद्, सम्पदाविद् र संस्कृतिविद्हरूले सरकारको ध्यानाकर्षण नगर्नाले पनि सम्पदा संरक्षण कार्य चित्तबुझ्दो नभएको हो। सरकार या पुरातत्त्व विभागले समयमै सम्पदा संरक्षण नगरेकै कारण विश्व सम्पदा संस्थाले राजधानीलाई बेलाबखत खतराको सूचीमा राखेको हो, सम्पदा सूचीबाट हटाउने चेतावनी दिएको हो।

भक्तपुर नगरको पुरानो बस्तीलाई सांस्कृतिक नगर घोषणा गर्न भनपा लागिरहेको छ। सांस्कृतिक नगर घोषणा गर्न नपाले एक कार्यदल गठन गर्न रु. १० लाख छुट्याएको छ। सांस्कृतिक नगर या क्षेत्र घोषणा गर्न र गराउन कार्यदलले मापदण्डसहितको एक विधिविधान तयार गर्नुपर्ने हुन्छ। बन्ने कार्यदलले सम्पदाविद्, संस्कृतिविद् र पुरातत्त्वविद्हरूसँग सरसल्लाह गर्नुपर्छ, अन्तरक्रियात्मक कार्यक्रम गरी परामर्श लिनुपर्छ। सांस्कृतिक नगर या स्थल घोषणा भएपछि त्यहाँका नगरवासीले के के विधि विधान पालना गर्नुपर्ने हो, विधि विधान पालना गर्न नगरवासी तयार हुन्छ कि हुँदैन, सबै पक्षको विचार-विमर्श गर्नुपर्छ।

नपाले सम्पदा पनि संरक्षण गरिरहेको छ। यहाँका मौलिक शैलीका घर निर्माण गर्न जोड दिइरहेको छ। मौलिक शैलीका घर निर्माण गर्न घच्घच्याइरहेको छ, आर्थिक सहयोग गरिरहेको छ। गत वर्षझैं यस वर्ष पनि मौलिक शैली नबिगारी घर निर्माण गर्ने घरधनीलाई आर्थिक सहयोग गर्न रु. १ करोड बजेट छुट्याइएको छ। आ.व. ०७४।०७५ मा पुरानो बस्तीभित्र पुरानो शैलीमा घर निर्माण गर्ने ११ जना घरधनीलाई रु. २१ लाख ५२ हजार २२८ बराबरको अनुदानसहित प्रशंसापत्र एक विशेष समारोहबीच प्रदान गरियो। भनपाले परम्परागत शैलीमा घर निर्माण गर्ने नगरको पुरानो बस्तीभित्रका नगरवासीलाई मोहडाको लागि लाग्ने इँटा र काठमा लागेको खर्चको ३५ प्रतिशत अनुदान दिने नीति बनाएको छ। यो सकारात्मक कदम हो।

वि.सं.२०७२ को भूकम्पले पुरानो नगरभित्रका धेरैको घर क्षति पुऱ्याएको छ। ढिलो-चाँडो ती घर नबनाई सुखै छैन। पुरानो बस्तीभित्रै नयाँ घरहरू धमाधम बनाइँदै छन्। जग्गा बेचेर, ऋण काढेर भए पनि नगरवासीले घर धमाधम बनाइरहेका छन्। मौलिक शैलीको घर बनाउँदा तुलनात्मक रूपमा लागत बढेको भुक्तभोगीहरू बताउँछन्। त्यही भएर हाल बनिरहेका अधिकांश घरहरू मौलिक शैलीको भन्दा आधुनिक खालका छन्। घर भनेको वर्षैपिच्छे बनाइने होइन, एउटा घर बनाएपछि कमसेकम ८०।१०० वर्षको निम्ति पुग्छ। मौलिक शैलीको घर निर्माण गर्न दिने हो, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेले भन्नुभएझैं सय वर्षपछि भए पनि भक्तपुर नगरको पुरानो बस्तीलाई मौलिक शैलीकै बस्तीको विकास गर्ने हो भने नपाले घरको मोहडाको लागि इँटा, काठको खर्च ३५ प्रतिशत होइन १०० प्रतिशत पुऱ्याउनुपर्छ। नत्र नपा र भविष्यद्रष्टा अध्यक्ष रोहितको इच्छ पूरा हुनेछैन। समयमा बुद्धि पुऱ्याइएन भने पुरानो बस्ती पनि आधुनिक सहर बन्ने छ। घरका भित्री भाग सबै आधुनिक भए पनि बाहिरी मोहडा पुरानो मौलिक शैलीको बनाउन नपाले थप निर्णय गर्नुपरे पनि अनुदान रकम बढाउनुपर्ने देखिन्छ।

त्यसो त अहिले बनेका कति घरहरू पुरानो मौलिक शैलीका पनि छन्। तर त्यस्ता घर नगण्य देखिन्छ। एउटा वडामा १०।२० वटा घर मौलिक शैलीको बनेर परम्परागत शैलीको बस्ती हुँदैन। यो समय पुरानै शैलीको घर बनाउन दिने मौका पनि हो। यही बेला नगरवासीलाई हौस्याउनुपर्छ। आधुनिक घर ठडिसकेपछि चाहेर पनि फेरि भत्काएर मौलिक शैलीको बनाइँदैन। आधुनिक घरहरू ठडिँदै गएमा नगरको पुरानो बस्तीभित्र सम्पदा भनेको हाल रहेका मन्दिर, मठ सत्तल, देवल, पाटी-पौवा, बिहार, बही, चैत्यबाहेक अर्को हुनेछैन।

नौ दिनसम्म चल्ने सांस्कृतिक पर्व गाईजात्रामा यहाँका परम्परागत नाचगानहरू देखाउनु पर्थ्यो भन्ने मान्यता छ, ज्येष्ठ नागरिकहरूको भनाइ पनि यही हो। पहिले पहिले देखाउँथे। केही वर्ष कति नाचगान देखाइएन। कति लोप भए। तिनै परम्परागत नाचगानको संरक्षण गर्न या जीवन्तता दिन गाईजात्राकै अवसरमा नपाले परम्परागत नाचगान र आधुनिक नाचगान तथा साहित्यिक विधाको प्रतियोगिता गऱ्यो। यहाँका सांस्कृतिक टोली, सांस्कृतिक गुरुहरूलाई उत्साहित बनाउन उनीहरूसँग भएको कला, सीप र अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न र गराउन तथा जीवन्तता दिन नपाले सो प्रतियोगिता गरेको हो। नपाले नाचको संरचना र प्रकृति हेरी निश्चित रकम निर्धारण गरी पुरस्कारको व्यवस्था गरेको छ। उत्कृष्टमात्र होइन झण्डै सबैजसो नाचगान टोलीलाई सान्त्वनास्वरूप पुरस्कृत गरिने व्यवस्था मिलाइएको छ। यस व्यवस्थाले लोप हुनलागेका भालु नाच, मयुर नाच फेरि देखाउन थालेको छ। लोप हुनलागेको हनुमान नाच पनि यो वर्ष देखियो। नाचगान टोलीलाई नपाले गर्ने पुरस्कारको व्यवस्थाले नाचगानका लागि चाहिने पोशाक, गरगहना तथा वाद्यवादनको बन्दोबस्त गर्न ठूलो टेवा मिलेको छ। यसरी संस्कृति संरक्षणमा नपा लागिरहेको छ।

वडा-वडामै वडास्तरीय र नगरस्तरीय मन्दिर, सत्तल, देवालय, पाटीको जीर्णोद्धार तथा पुनः निर्माण कार्य पनि भइरहेको छ। राष्ट्रिय कला सङ्ग्रहालयको लागि रु. १ करोड ३७ लाख ३१ हजार र स्मारक संरक्षण तथा दरबार हेरचाहको लागि रु. ७९ लाख १ हजार विनियोजन गरिएको छ। यसबाहेक लायकु दरबारस्थित पुरातात्विक महत्त्वका मन्दिर र देवालयहरूको पुनःनिर्माण भइरहेका छन्।

भनपाले वाद्यवादनको प्रतियोगिता, नाचगान टोलीलाई पुरस्कृत, सांस्कृतिक गुरुहरूको सम्मान पनि गरिरहेको छ। गत वर्ष बाँसुरी बाजाको प्रतियोगिता गरियो। बाँसुरी

बाजाको त्यालीसहित सम्पन्न उक्त प्रतियोगितामा झण्डै दुई दर्जन टोलीले भाग लिए। प्रतियोगिताको मूल्याङ्कन स्मारक स्थल टौमढी र दत्तात्रयमा गरिएको थियो। उत्कृष्ट टोली पुरस्कृत भए। समय–समयमा बाजा तथा सांस्कृतिक समूहबीच प्रतियोगिता गर्ने नपाको लक्ष्य छ। यस लक्ष्य कार्यान्वयन गर्न कम्तीमा वर्षको एकचोटि बाजा तथा सांस्कृतिक टोलीहरूबीच प्रतियोगिता गर्नु उपयुक्त हुनेछ। यसले बाजा टोलीको हौसला बढ्छ। वाद्यवादनको संरक्षण हुन्छ। नयाँ पुस्तालाई बाजा हस्तान्तरण गर्दै जाने बाटो खुल्नेछ।

जसरी यहाँ टोल–टोलमा नाचगान टोली छन्। त्यसरी नै वाद्यवादन टोलीहरू पनि छन्। डाफा भजनका टोलीहरू छन्। दाफा–भजनका टोलीहरू बिहान र साँझपख पाटी, सत्तल, मन्दिरको आँगन, पेटी आदि स्थानमा बसेर भजन गर्छन्। कति बाजाका टोलीहरू चाडपर्व, मेला या कुनै उत्सवमा सरिक हुन्छन्। अनेक जात्रा, पर्व तथा अन्य उत्सव या अन्य सांस्कृतिक तथा विधिहरूमा वाद्यवादनको प्रयोग हुन्छ। नयाँ पुस्तालाई उत्साहित गर्न सांस्कृतिक प्रशिक्षण सञ्चालन गर्ने नपाको नीतिलाई कार्यान्वयन गर्दै जानु आवश्यक छ। तिनै दाफा भजनका टोलीहरू श्रमदानमा जुट्छन्, कसैको विवाह, व्रतबन्ध या अन्य काममा सरिक हुन्छन्। नाचगान र जात्रा पर्वको यो सहरमा वाद्यवादन नभई हुँदैन, नाचगान चल्दैन, जात्रा चल्दैन। यसरी वाद्यवादन नाचगान, चाडपर्व, संस्कार र पूजापाठसित सम्बन्धित भएको हुनाले त्यसको संरक्षण र जीवन्तता अनिवार्य छ। जीवनभर भजनमा व्यस्त भएका, नाचगान र वाद्यवादनमा गुरु भएर भूमिका निर्वाह गरिरहेका नाचगानका गुरु, दाफाभजनका गुरु, वाद्यवादनका गुरु या अग्रजहरूको सम्मान पनि गर्नुपर्छ। नपाले सम्मान गरिरहेको छ। यो सम्मान कार्यलाई पनि निरन्तरता दिनुपर्छ। टोल–टोलका सांस्कृतिक गुरुहरूलाई राज्यले चिन्दैन, चिनेर सम्मान गर्दैन। स्थानीय तह वा कुनै सङ्घ–संस्था या समुदायले पनि सांस्कृतिक गुरुहरूको सम्मान गर्नुपर्छ।

भक्तपुर नपाको पर्यटकहरूका लागि सांस्कृतिक केन्द्र स्थापना गर्ने लक्ष्य सकारात्मक छ। सांस्कृतिक केन्द्र स्थापना भएपछि, सांस्कृतिक केन्द्रबाट हुने गतिविधिले पर्यटकहरूको आगमन बढ्छ, पर्यटकहरूको बसाइ लम्बिन्छ। अन्ततः यसले पर्यटन व्यवसायमा टेवा पुग्छ, पर्यटन व्यवसाय प्रवर्द्धन भई रोजगारीको अवसर मिल्छ। नपाले भक्तपुरको सांस्कृतिक र जनजीवन झल्किने सांस्कृतिक सङ्ग्रहालय स्थापनाको लागि तयारी अगाडि बढाइने नीति लिएको छ। सांस्कृतिक सङ्ग्रहालय स्वदेशी तथा विदेशी आगन्तुकहरूको निम्ति अर्को आकर्षण केन्द्र बन्नेछ।

**चिनियाँ नीतिकथा**

## असन्तोष

एक जना मानिको देउतासँग भेट भयो। उसले देउतासँग आफ्नो दुःख पोख्यो। देउताले आफ्नो औँला एउटा ढुंगातिर औँल्यायो। त्यो ढुंगा सुन बन्यो। देउताले त्यो सुन त्यो मानिसलाई दियो। तर त्यो मानिसलाई त्यतिले पुगेन।

देउताले फेरि नजिकैको सिंहको मूर्तितिर आफ्नो औँला सोझ्यायो। त्यो मूर्ति पनि सुनको बन्यो। त्यो मूर्ति पाएर पनि मानिसको चित्त बुझेन।

झिजो मान्दै देउताले सोध्यो, 'आखिर तिमीलाई के चाहियो भन त ?'

मानिसले तुरुन्तै जवाफ दियो, 'मलाई हजुरको औँला दिनु भए बेस हुन्थ्यो।'

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरु लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरुलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**

# हार्दिक समवेदना



**स्व. कृष्णभक्त सुवाल**

**जन्म : २००० पुस १९ निधन : २०७५ कार्तिक २९**

यस नगरपालिकाका कर्मचारी कृष्णगोविन्द सुवालका पिता **कृष्णभक्त सुवाल**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# सम्पदा निर्माणमा ईँटाको ऐतिहासिक महत्व



ओम धौभडेल

आदिमकालमा मानिसहरू फिरन्ते जीवनबाट जब झुण्ड झुण्ड भै समूहमा मिलेर बस्न जाने, उनीहरूले घाम पानी, हावाहुरी, जंगली जनावरलगायतबाट सुरक्षित रहने हेतुले आवासको आवश्यकता महसुस गरे। शुरु शुरुमा गुफामा बस्ने गरेकोमा पछि जंगलमा नै पाइने काठ, झारपात, बाँस आदिले बनेको घरमा बस्न थाले। यस्ता झारपातको घरलाई जब माटोले लिपेर सुरक्षित घर बनाउन जाने पछि मानव जीवनमा ठूलो परिवर्तन आयो। विकासको क्रममा पछि महाकवि अश्वघोषले बुध्दचरितम्मा घरको वर्णन गर्दा प्यास शान्त गर्न, भोक मेटाउन, हावा गर्मी र वर्षाबाट रक्षार्थ घरको आवश्यकता उल्लेख गरिएको छ। त्यस्तै शाक्यमुनि बुध्दले प्रव्जित भिक्षुहरूलाई घाम पानी चिसो गर्मीबाट बच्नको लागि पाँच प्रकारका आवासहरू दान गर्न दानपति उपासकहरूलाई आग्रह गरेको छ। यसबाट घरको महत्त्व झल्किन्छ। त्यस्तै ब्रम्हाण्ड पुराणमा समेत मानवले पहिलो बसोबास गुफामा गरेको उल्लेख गरेको छ। पछि मात्र चिसो तथा गर्मीबाट बच्नको लागि घरको निर्माण गरेको सूचना दिन्छ।

हाम्रा पुर्खाहरू जब फिरन्ते जीवन त्यागी स्थायी रूपमा बसोबास गरी आगोको उपादेयता जाने, त्यसबाट पोलेको ईँटा बनाउन जान्नुको साथै मानव सभ्यताकै प्रथम सभ्यता मानिएको सिन्धुघाटीको मोहनजोडाडो र हडप्पा जस्ता नगरहरू इशापूर्व २३०० तिर निर्माण भएको इतिहासले बताउँछ। तर त्यो भन्दा १०००-१५०० वर्ष अगाडि नै यस महाद्वीपमा चारैतिर सुरक्षात्मक खापा, पर्खाल, गढ र बलिया ढोकाहरू भएको नगर निर्माण भैसकेको तथ्य हालसालै पाकिस्तानको कोटडिजि भन्ने ठाउँमा गरिएको उत्खननबाट पुष्टि भैसकेको छ। यस अर्थमा आजभन्दा करिव ६ हजार वर्ष अगाडिदेखि नै मानिसहरूले ईँटाको निमार्ण गर्न जानेको पुष्टि हुन्छ। यही क्रममा मानिसले माटोलाई पोल्न जानेपछि त ठूलै फड्को मार्‍यो। विश्वमा सवैभन्दा पहिले हडप्पा सभ्यतामा माटोको ईँटालाई पोलेर पाको ईँटा बनाएको देखिन्छ। जसरी मानिसले माटोको भाँडाकुँडा पोलेर पाको बनाए त्यसरी नै काँचो ईँटालाई पोलेर पाको बनाएपछि विश्वको पहिलो **नगनारायण** बन्यो। वास्तवमा मानिसले ईँटा बनाउन जानेदेखि नै मानव सभ्यताको कोशेढुङ्गा सावित हुन पुग्यो। त्यसो त ईँटाभन्दा पहिले मानिसहरूले प्रकृतिमा पाइने ढुङ्गालाई भरपुर उपयोग गरेको थियो। तर जब ईँटा बनाउन जाने, सुन्दर, सफा, चिटिक्क परेको घर , बस्ती हुँदै नगरहरू बनाउन जाने। विश्वको हरेक सभ्यतामा ईँटाको भरपुर उपयोग भएको प्रमाण छ। चाहे मिश्रको सभ्यता होस, रोमको सभ्यता होस, सिन्धुघाटीको सभ्यता वा चीनकै सभ्यता ईँटाको भरपुर उपयोग गरी सम्पदा निर्माण भएको इतिहास छ। त्यसमा नेपालको इतिहासमा पुर्खाहरूले माटो, ढुङ्गा, काठपछि ईँटाको उपयोग गरेको थियो। जसरी प्रजापति समुदायले माटाका भाँडाकुँडा बनाएर पोल्ने प्रविधि विकास गरे, प्रजापति समुदायकै हाराहारीका अतकमी अर्थात अवालहरूले ईँटा बनाउने तथा पोल्ने विधि उपयोग गरे। अवाहरूले बनाउने 'पा' (निश्चित आकारको वस्तु) भएर यहाँको स्थानीय नेपाल भाषामा ईँटालाई अपा भनिएको भाषाविज्ञानको आधारले पनि यथार्थको नजिक नै छ। काठमाण्डौं उपत्यकालगायतको नेपालमण्डल होस्, पश्चिम नेपालको खस राज्य होस् वा दक्षिणपूर्वीको मिथिला राज्य होस्, ईँटाको कारणले आजको अवस्थासम्म आइपुगेको छ। यसमा लुम्बिनी र कपिलवस्तुमा उत्खननबाट प्राप्त हुन आएका ईँटले बनेका सम्पदाहरू र काठमाण्डौं हाँडीगाउँको उत्खननमा पाइएका ईँटका अवशेषहरूबाट ईँटको ऐतिहासिक महत्त्व झल्किन्छ। विशेष गरी वास्तुशास्त्रअनुसार जतिपनि सम्पदाहरू निर्माण भए, राजाको दरबार देखि देवालय-शिवालय, मठ, मन्दिर, सत्तल, पाटी, डवली, ढोका, पर्खाल, कुवा, इनार, पोखरी, सडक, घाटदेखि घरमा सवैभन्दा बढी ईँटाको उपयोग भएको हुन्छ। घरलाई नै लक्ष्य गरेर मानिसहरूले ईँटा बनाएको ठहरिन्छ। यसको एउटा ठूलो प्रमाण गोपाल राजवंशावली हो। जहाँ एक ठाउँमा भक्तपुर वाने लायकुको ठूलठूला ईँटाहरू लगी त्रिपुर दरबार बनाएको उल्लेख छ। त्यस्तै नेसं ७७२ मा पाटनका राजा श्रीनिवास मल्लको पालामा पाटनका प्रसिध्द विद्वान कुनु शर्माले **किर्तीपताका** नामक एक ग्रन्थ लेखेका थिए। जुन ग्रन्थमा तत्कालिन पाटनका २६

टोलहरूको वर्णन गर्ने क्रममा पाको इँटाले छापेको चोक तथा डवलीहरूको पनि प्रसङ्ग परेको छ। कान्तिपुर,भक्तपुर तथा ललितपुरमा एकभन्दा राम्रो अर्को चिटिक्क परेका सम्पदाहरू बनाउन थरि थरिका इँटाहरू बनाउने होडबाजी भयो। विशेषगरि कुनैपनि वास्तुको जग, पर्खाल र भित्ताहरूमा माअप्पा नै बढी प्रयोग गर्ने चलन थियो। जुन आयताकार भई ठूलो भएको र सर्वप्रथम बनाउन जानेको इँटा भएकोले मा अप्पा नाम दिएको देखिन्छ। जुन इँटाहरू अहिले उत्पादन तथा प्रयोगमा छैन। यता मा अप्पा पछि बढी उपयोग भएको अर्को इँटा चिकं अपा हो। जसलाई तेलिया इँटा पनि भनिन्छ। तेलिया इँटा पनि दुई प्रकारको हुन्छ। आयताकार तेलिया इँटा विशेषगरि मन्दिरमा उपयोग भएको हुन्छ त चारपाते आकारको चाहीं भुइँ छाप्न प्रयोग भएको पाईन्छ। यसबाहेक यहाँ कुं अपा, ग्वंगचा, पोंल अपा, नागो जस्ता थुप्रै बुट्टेदार इँटाहरूको पनि विकास भएको पाईन्छ। यस्ता बुट्टेदार इँटाहरू वास्तवमा नेपाली वास्तुकलामा इँटाको विकासक्रममा उच्चतम अवस्थाको देन हो। माटाका कलात्मक मूर्तिहरूको साथसाथै विभिन्न प्रकारका कलात्मक इँटाहरू बनाउने प्रचलन सँगै कयौं बुट्टेदार इँटाका मन्दिरहरू पनि निर्माण गरिए। तत्कालिन कान्तिपुर, भक्तपुर ललितपुरलगायत नेपालमण्डलका अन्य बस्तीहरूमा समेत यस्ता कलात्मक इँटाहरूले निर्माण भएका मन्दिर देख्न सकिन्छ। यसमा भक्तपुरको गःहिटीस्थित जगनाथ मन्दिर, भक्तपुर दरबार क्षेत्रको त्रिविक्रम नारायण मन्दिर तथा भक्तपुर तुछिमलास्थित अवाहरूको द्योछें उदाहरणको रूपमा लिन सकिन्छ। त्यसमा गःहिटीको प्रसिध्द स्वबुंग भैरवको समिप रहेको इँटैइँटाले बनेको जगनाथ मन्दिरलाई राम्ररी अध्ययन गर्ने हो भने हाम्रा पुर्खाहरूले इँटाको विकासमा गरेको योगदान झल्किन्छ। इँटाले बनेको सो मन्दिर अति कलात्मक शैलीको छ। भारतको पुरीको जगनाथ यात्रालाई मध्यनजर गरी निर्माण गरिएको यो मन्दिर स्वयम नै रथ शैलीको छ। त्यस्तै भक्तपुर दरबार क्षेत्रको फसिदेग अघिल्तिरको शिखर शैलीको सेतो पोतेको त्रिविक्रम नारायणको मन्दिरमा कसैको ध्यान पुगेको थिएन। तर २०७२ सालको भूकम्पले जब यो मन्दिर भत्क्यो, त्यहाँ प्रयोग गरेको फरक फरक शैलीका बुट्टेदार इँटाहरू देख्दा स्वयम् म आफै छक्क परें। जुन तत्काल आफ्नो तस्बिरमा कैद गरें। त्यस्तै भक्तपुर तुछिमलास्थित अवालहरूको द्योछें त एउटै कलात्मक द्योछे हो। भक्तपुरका अवालहरूको यो द्योछेंको उल्लेख गर्ने सन्दर्भमा राजा भूपतिन्द्र मल्लले नेसं ८२२ मा बनाउन लगाएको विश्व प्रसिध्द ङातापोल देग (५ तल्ले मन्दिर)को प्रसङ्ग आइहाल्छ। ङातापोल देगको निर्माण सँगसँगै इँटाको इतिहास वा त्यसको पछाडि लुकेको ज्ञान, सिप तथा प्रविधिको बारे थाहा पाउन सकिन्छ। यो मन्दिर राजा भूपतिन्द्र मल्लले ने.सं. ८२२ मा ६ महिनाको अवधिमा नै निर्माण गर्न सफल भएको थियो। यस सम्वन्धमा विद्वान डा. जनकलाल बैद्यज्यूले राष्ट्रिय अभिलेखालय भित्रको पुराना ग्रन्थहरू केलाएर **सिद्धाग्नी कोट्याहुती देवल प्रतिष्ठा** नामक ग्रन्थ तयार पारिएको र त्यहाँ अवालहरूबारे लेखिएको ब्यहोरा यस्तो छ, 'प्रस्तुत अभिलेख ग्रन्थको पत्रांक २३५ क, ख मा दैनिक जनही दम्म ३ र ६ दरले काम गरेका २६ जना अवालेहरूका नाम र उनीहरूले काम गरेका दिन संख्या र उनीहरू प्रत्येकले मध्ये पाएका एक मुष्ट ज्याला रकम उल्लेखित छन्। उनीहरूलाई ज्याला वापत तिरेको जम्मा रकम मो १६१ दं १२ थियो। ज्यालावाहेक उनीहरूले प्रत्येक मुख्य मुख्य चरणको वास्तु पुजाहरूमा 'मीत सोङा', तलैपिच्छेका छानामा झिंगटी इँट, गोंगपा, कु अपां, इँट छाउँदा पूजा मान स्वरूप दक्षिणा भेटी पाएका थिए। उनीहरूले 'मित सोङा' वापत मो. ११ २ छाना छाएवापतको पूजा अनुष्ठानमा मो १३ दं ५६ दक्षिणा पाएका थिए। उनीहरूलाई पनि मुदि र रोटी भाग दिइएको थियो। प्रायः सबैका ज्याला वरावर थियो। उनीहरू मध्ये सबभन्दा धेरै दिन काम गर्नेहरूको नामावली यस प्रकार छन् :

१. शंकर अवाल – २६१ दिन काम गरेको मोहर १५ मूल्यपर्ने २२ तोला तौलभएको चाँदीको बाला पुरस्कार पाएको
२. मुनि – १८८ दिन काम गरेको
३. धनराम – १६३ दिन काम गरेको
४. हाकु – १५९ दिन काम गरेको
५. भिम – १५६ दिन काम गरेको

जसमा अरु अवालहरूको नाम जसराम, देवराम, देव, चुकुरी, बोधिराम, शिवहरि, चतुराम, तवदेक, मनोहरसिंह, मनिधर, भायदेव, वेषाराम, सिद्धिराम, अभिराम, परशुराम, चन्द्र, विश्वेश्वर, राम, रघुराम, चुकुन र कृष्ण थियो। यसमा सबैभन्दा कम दिन अर्थात २६ दिन काम गर्ने पनि कृष्ण नै थियो। ङातापोलको उक्त विवरण बाट तत्कालिन अवस्थाको इँटाको बजार भाउसमेत थाहा हुन आउँछ। जस्तो एक मोहरको ३००० वटा इँटा आउँथ्यो। तर एउटा तेलिया इँटाको चाहीं ३ दम्म पर्थ्यो। ङातापोल देवल बनाउन भक्तपुरको पाँच विभिन्न स्थानमा इँटा भट्टा स्थापना गरेको थियो। विशेषगरि टौमढी टोलबाट नजिकको दूरीमा पर्ने सिध्द पोखरीको मुनि मस्यांबिजली, माहेश्वरी पिठ नेरको वाताध्वाका, हनुमानघाट, नायध्वाका, चुपिङघाटमा इँटाभट्टा स्थापना गरेको थियो।

यी सबै अवालहरूको नेतृत्व शंकर अवालले गरेको प्रमाण स्पष्ट छ। यसमा केही बनेपाका अवालहरू पनि भएता पनि शंकर अवाललगायत अन्य प्रमुख अवालहरू भक्तपुर तुछिमला टोलको भएको प्रमाण अद्यापि उनीहरूबाट ५ तल्ले मन्दिरको प्रत्येक वर्ष आषाढ शुक्ल प्रतिपदाको दिन मन्दिरमा घाँस उखेल्ने, सफा गर्ने, झण्डोत्तोलन गर्ने परिपाटीबाट मिल्दछ। यसबाहेक पाँच तल्ले मन्दिरको लागि चाहिने ईँटाहरू मा अप्पा, चिकं अप्पा, गंग अप्पा, इमा अप्पा, कुं अप्पा आदि उपलब्ध गराउने ब्यक्तिहरू प्रायः अवाल नै थियो। ईँटा बिक्रेतामा देखिएको शंकर अवाल यसको प्रमाण हो। त्यसबाहेक जनकराम अवाल, गँगाराम अवाल, धनराम अवाललगायत भिम युसा, श्याम खिबुंजा, जशीराम मानन्धर, गछेको भागीराम, क्वाठण्डौको रामदेव, भार्वाचोका धर्मसिंह, तेखाचोको दुर्गादास, तेभुचोको श्रीकृष्ण, इटाछेंको वासुदेवजस्ता ईँटा बिक्रेताहरूले पाँच तल्ले मन्दिरको लागि आवश्यक पर्ने ईँटाहरू दिएको देखिन्छ। ५ तल्ले मन्दिर जस्तो तत्कालिन समयमा नेपाल मण्डलकै शान बनाउन सकेकोमा एकातिर भक्तपुरको फुर्ति अत्यन्तै बढेको थियो भने त्यसबाट तत्कालिन राजा भुपतिन्द्र मल्ल अत्यन्त खुशी बन्न पुग्यो कि ५ तल्ले मन्दिर बनाउन सहयोग गर्ने हरेकलाई केही न केही उपहार दिएबाट यसको पुष्टी हुन्छ। त्यसमध्ये माथि नै उल्लेख भैसक्यो, ५ तल्ले मन्दिर बनाउने प्रमुख शंकर अवाल लाई २२ तोलाको चाँदीको बाला र अन्य लाई ६ तोलाको चाँदी उपहार दिएको थियो। यता ५ तल्ले मन्दिर जस्तो शान गौरव खडा गरि सकेपछि तुछिमलाका अवालहरूले ने.सं. ८२७ मा पश्चिमाभिमुख आफ्नो विश्वकर्मा देवताको देवगृह (द्योछें) भक्तपुरमा रहेका सम्पदाहरूभन्दा बेग्लै पहिचानले आफ्नो सीप, ब्यवसाय मिल्दो ढंगले निर्माण गर्न लगाए। अचेल पर्यटकहरूको आकर्षणको केन्द्र बनेको उक्त देवगृहमा रहेको कलात्मक ईँटाकै टिकझ्याहरूले यहाँको वास्तुविद् शिल्पी अवालहरूको क्षमता, योग्यता अनि पहिचान सदैव झल्किन्छ। त्यसैले पनि प्रत्येक वर्ष आषाढ शुक्ल प्रतिपदाको दिन ५ तल्ले मन्दिरको वर्षबन्धनमा तुछिमलाका अवाल दाजुभाइहरू स्वतस्फुर्त संलग्न हुँदै आएको अत्यन्त खुशीको कुरा हो। कला र संस्कृतिका सच्चा पहरेदारको नमूना हो। तसर्थ नेपालको कला, संस्कृति सम्पदाको उत्थानमा ऐतिहासिककालदेखि नै ईँटको महत्त्वपूर्ण भूमिका रही आएकोमा दुईमत छैन। त्यसैले ईँटाको ब्यापक प्रयोग आजपर्यन्त सम्म पनि हाम्रो सम्पदामा उतिक्कै महत्त्वका साथ उपयोग हुँदै आएको छ। यति भएर पनि आज हामीले ईँटाको महत्त्वमाथि खेलवाड गर्दै आइरहेको देखिन्छ। विशेषगरि सम्पदाको निर्माण, पुनर्निमार्ण तथा जीर्णोध्दारमा उपयोग भएका ईँटाहरूको सर्न्दभमा हाम्रो ध्यान नपुगेको स्पष्ट छ। बजारबाट सजिलैसित पाउने ईँटाहरू उपयोग गर्दा त्यसको असर भविष्यमा के होला, यसको ख्याल गरेको देखिँदैन। वि.सं.१९९० सालको महाभूकम्प पछि सम्पदामा उपयोग भएका तत्कालिन राणा प्रधानमन्त्रीहरूको नाम अंकित ईँटाहरूबाट यसको शिक्षा लिनु जरुरी छ। विशेषगरि अहिले उपयोग भएका अंग्रेजी अक्षर भएका ईँटाहरूबाट भोलिका हाम्रा सन्ततिहरूलाई के जवाफ दिने ? यसतर्फ सोच्न हतार भैसकेको छ।

## बासिबियाँलो



चारवटा छोटो सिन्का र त्यसको दोब्बर लामो चारवटा सिन्का बाट बराबर तीन वटा वर्गाकार बनाउनुहोस्। ती सिन्का खप्टिए हुन्छ तर छेउ मिल्नुपर्छ।

(उत्तर - ८६ पृष्ठमा)

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

# भक्तपुरका केही परम्परागत नाच

# (संक्षिप्त विश्लेषण)



प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ

## प्राचीनता र वर्गीकरण

परम्परागत संगीत (नृत्य+वाद्य+गीत) ले पनि भक्तपुर समृद्ध रहिआएको छ। सोही संगीतको एक सशक्त विधा यहाँका परम्परित नाचहरू पनि हुन्। यहाँका नाचहरू धार्मिक–सांस्कृतिक पृष्ठभूमिमा आविर्भाव एवं समृद्ध हुँदै आएको देखिन्छ। त्यसैगरी तिनका मूल विषयवस्तु पनि सोही अनुरूप अनेक धार्मिक सांस्कृतिक कथानक, किंवदन्ती लगायत लोकजीवनमा प्रत्यक्ष प्रभाव पार्ने उल्लेख्य घटनाहरूलाई समेत आधार बनाएर चली आएको विदित हुन्छ।

उक्त प्रसङ्गमा यहाँका नाचहरूलाई हिन्दू, बौद्ध र लौकिक गरी तीन भागमा विभक्त गर्न सकिन्छ। नवदुर्गा नाच, भैल प्याखं (नाच), देवी प्याखं, महा द्यः पार्वती प्याखं आदि हिन्दू धर्म अन्तर्गत देखापर्छन्।

चर्या नाच तान्त्रिक बौद्ध धर्म –बज्रयान अन्तर्गतको नाच हो। यस नाच अन्तर्गत अनेक तान्त्रिक बौद्ध देवीदेवताहरूका नाच प्रचलित रही आएको विदित हुन्छ। मञ्जुश्री–नाच, कुमारी– नाच, आर्यतारा–नाच, अमोघसिद्धि–नाच, वज्रयोगिनी–नाच, नाट्येश्वर–नाच, कालभैरव–नाच आदि उदाहरणस्वरूप छन्।

धार्मिक सांस्कृतिक महत्त्व बोकेका नाचहरूको एउटा अभिप्राय लोकजीवनलाई मनोरञ्जन प्रदान गर्नु हो भन्ने कुरा जानिन्छ। साथै, समाजमा विद्यमान अनेक राम्रा नराम्रा क्रियाकलाप एवं महत्त्वपूर्ण घटनालाई नाचको माध्यमबाट दर्शाउनु पनि हो। लौकिक नाचमा धार्मिक–सांस्कृतिक छाप पनि परेको हुन्छ। सिलु प्याखं यस्तै एक नाच हो। समाजमा घटेको महत्त्वपूर्ण घटनालाई आधार बनाएर चलेको एक मार्मिक नाच कचिमचा वाय् यंकेगु नाच हो। खः प्याखं, माक प्याखं, कठि प्याखं, लुसी प्याखं, थाज्यायनिगु, कपाय् फेनिगु, म्हयखा प्याखं, सिंह प्याख, ख्या प्याख आदि लौकिक नाचका केही उदाहरण हुन्।

भक्तपुरका परम्परागत नाचहरूको वर्गीकरणको एउटा आधार मुकुण्डोलाई पनि मान्न सकिन्छ। मुकुण्डो धारण गर्ने र नगर्ने आधारमा पनि यहाँका नाचलाई सामान्यतया विभक्त गर्न सकिन्छ। धार्मिक–सांस्कृतिक महत्त्व बोकेका नवदुर्गा नाच, देवी प्याखं (नाच), भैल प्याखं, कवाँचा प्याखं, लाखे प्याखं आदि मुकुण्डोधारी नाच हुन्। लौकिक नाचहरूमा मुकुण्डो (नवदुर्गा नाचको जस्तो) को सट्टा आँखा र मुखमात्र देखिने गरी कपडाले शिर ढाकेर नाच देखाउने चलन रही आएको देखिन्छ। आज पनि उत्तिकै लोकप्रिय रहिआएको गाइँचा प्याख यस कुराको उदाहरण स्वरूप छ। कपडाले शिर पनि नछोपिकन प्रस्तुत गरिने नाचहरूमा ख प्याखं, नागाचा प्याखं, कचिमचा वाय्यंकेगु प्याखं आदि हुन्।

भक्तपुरमा प्रचलित रही आएका नाचहरूमा देखापर्ने विशेषता लगायत तिनका नामहरूलाई समेत विचार गर्दा पूर्वमध्यकालसम्म (चौधौं शताब्दी) पुग्नुपर्ने हुन्छ। उक्त समयतिर वा भनौं, देवलदेवी र जयस्थिति मल्लहरूको समयदेखिको सिङ्गो मल्लकालीन नेपाल उपत्यका मैथिल संगीतको सागरमा समेत चुर्लुम्म डुबेर मैथिलमय बन्नपुगेको थियो। त्यसको बचेखुचेको प्रभाव आज पनि उपत्यकाका तीनवटै सहरहरूका सत्तल, पाटीहरूमा गाइने 'धल्चाभजन' जस्ता भक्तिगीतहरूमा समेत सुन्न सकिन्छ। अर्कोतिर शैव र शाक्तमत सँगसँगै मिश्रित रूपले चलेर आएको वैष्णववादको पनि कृष्णभक्ति धारामा यहाँको मल्लकालीन लौकिक/सांस्कृतिक जीवन लिप्त भएर बहन पुगेको थियो। त्यसको छनक आज पनि मिल्छ। भक्तपुरमा जनैपूर्णिमा, गाईजात्रालगायत कृष्ण जन्माष्टमी गरी नौ दिनसम्म मनाईने 'गुन्हु पुन्ही' पर्वलाई नै उदाहरणको रूपमा लिउँ। भक्तपुरमा प्रचलित प्रायः अधिकांश नाचहरू सोही नौ दिनसम्म मनाइने पर्वताका सार्वजनिक प्रदर्शनमा ल्याउने गरिन्छ। त्यस्ता नाचहरू, गीत एवं गीति–नाटकहरू लगायत अनेक हास्यरसप्रधान प्रहसनहरू यहाँका सडक, चोक, डबली जस्ता सार्वजनिक स्थलहरूमा प्रदर्शन गर्ने चलन छ। गाईजात्राको दिनमा सहरको परम्परागत प्रदक्षिणापथ हुँदै दिनभर लट्ठी जुधाएर नाच्दै जाने 'घिंताघिंसि' नाच भक्तिधाराकै उपज हो जुन मैथिल देवलदेवी र जयस्थिति मल्लहरूको पालादेखि चलेर आएको विदित हुन्छ। त्यसैगरी गाईजात्राको भोलिपल्टदेखि अन्य नाचहरू : भैल प्याखं (भैरवनाच), देवी प्याखं (देवीनाच), माक प्याखं (बाँदरनाच), ख्याःप्याखं (ख्याक–नाच), म्हेखा प्याखं (मयूरनाच), लुसी प्याखं

(ओखलनाच), गाइँचा प्याख (गाइनेनाच), सलाँ प्याखं (घोडानाच), नटुवाचा प्याखं, खःप्याखं, कृष्णलीला, महादेव पार्वती प्याखं आदि हुन् । यी नाचहरू पनि यहाँ पूर्वमध्यकालदेखि चलेर आएको ज्ञात हुन्छ ।

नाट्य-परम्परामा नाच र गीतले समेत स्थान पाएको हुन्छ । जयस्थिति मल्लले भैरवानन्द नाटक प्रदर्शन गर्न लगाएपछि नेपाल-उपत्यकामा मैथिली नाच, नाट्यलगायत गीति परम्पराको थालनी नै भएको देखिन्छ । यो लगायत परवर्ती मल्ल राजाहरूले रचेका कृतिहरूमा पनि संस्कृतको साथै मैथिल भाषाको पनि प्रयोग भएको पाइन्छ । मल्लकालीन नेपाल-उपत्यकाका तीन राज्यहरूमध्ये भक्तपुर राज्यमा सबैभन्दा धेरै मैथिल नाटकहरू रचना भएका छन् । त्रिभुवन मल्लको काशी विजय, जगज्योतिर्मल्लको मुदितकुवलयाश्व, नरेशमल्लको कुमार विनोद, जगत्प्रकाश मल्लको नलचरित, जितामित्र मल्लको महाभारत, भूपतीन्द्र मल्लको पशुपतिप्रादुर्भावोपाख्यान ल गायत रणजित मल्लको कृष्णचरित्र उदाहरणस्वरूप छन् ।

नेपालमा धार्मिक समन्वय र सांस्कृतिक एकता एवं सद्भाव कायम राख्दै हिन्दू धर्म र बौद्ध धर्म संगसंगै समृद्ध भएर आएको कुरा ऐतिहासिक एवं पुरातात्त्विक सामग्रीहरू लगायत आजसम्म पनि जीवन्त रही आएका अमूर्त सांस्कृतिक सम्पदाबाट समेत ज्ञात हुनआएको छ । भक्तपुर त्यस कुराको अपवाद होइन । बौद्ध धर्ममा विकसित महायान, वज्रयान मतलाई भक्तपुरले पनि यसको आरम्भकालदेखि नै आत्मसात् गर्दै आएको अभिलेखिय प्रमाणसमेत पाइएको छ । वज्रयानमा सिद्ध परम्परा संस्कृतिको लहर पनि आयो जुन ईस्वीको आठौंदेखि बाह्रौ शताब्दीसम्म विशेष रूपले चलेको थियो । त्यही युगको सिद्ध तान्त्रिकहरूको गुप्त संसारमा भित्रभित्रै प्रख्यात भएर आएको एउटा तान्त्रिक नाच चर्या-नृत्य पनि थियो । नेपालका नेवार बौद्धहरूमा यो नाच 'चचा प्याखं' नामले लोकप्रिय रही आएको छ । यही नाचलाई भक्तपुरका बौद्धहरूले पनि आत्मसात् गर्दै आजसम्म पनि जोगाएर ल्याएका छन् । यो नाच प्रस्तुत गर्ने कलाकारहरू मात्र नभएर हेर्ने दर्शकहरू समेत पनि वज्रयानमा दीक्षित भएको हुनुपर्छ भन्ने मान्यता रहेको छ । यद्यपि बदलिँदो परिस्थितिमा सार्वजनिक स्थानमा पनि देखाउन सकिने भनी केही उदारपन वा खुकुलोपन आएको देखिन्छ । उदाहरणका लागि पंचबुद्ध, बज्रयोगिनीलगायत मञ्जुश्रीका नाचहरूलाई लिन सकिन्छ । नेपालमा पर्यटन-संस्कृतिको विकाससँगै यसको प्रदर्शन देश विदेशमा समेत लोकप्रिय हुँदै आएको पाइन्छ ।

चर्या शब्दको अभिप्राय 'आचरणीय' हो भन्ने कुरा साधारणतः बुझिन्छ । यसको अर्थ साधनाविशेष वा दिनभरका लागि गरिने दिनचर्या भन्ने बुझिन्छ । वज्रयानका प्रसङ्गमा वोधिचर्या (बुद्धत्व प्राप्तिका लागि पालन गरिने आचार विशेष) लाई उदाहरणको रूपमा लिन सकिन्छ । ज्ञानको अभ्यास, पूर्णताको अभ्यास लगायत जीव कल्याणको कामना यसको अभिप्राय रहेको कुरा सामान्यतया जानिन्छ । 'चर्या नृत्य' कै नेवारी रूपान्तर 'चचा प्याखं' हो । 'चचा प्याखं' मा सम्बद्ध देवताको वर्णन, ध्यान, मुद्रा, आभूषण र पहिरनलगायत अन्य आचरण र गुणहरू आदि प्रस्तुत गर्ने चलन छ । यी नाचहरू दीक्षा प्रदान गर्दा, कर्मकाण्डका संस्कारहरू गर्दा र अन्य विशेष अवसरहरूमा प्रदर्शन गर्ने चलन छ । करुणामयको नाच, आर्यताराको नाच, अमोघसिद्धिको नाच, पञ्चबुद्धको नाच, रक्तगणेशको नाच, नाट्येश्वरको नाच, कालभैरवको नाच, कुमारी नाच, वज्रयोगिनी नाच आदि भक्तपुरमा प्रचलित चर्या नृत्य /चचा प्याखंका केही उदाहरण हुन् । नाचको प्रस्तुतिसँगै 'त' बाजा (हातले बजाइने) बजाउने र गीत पनि गाउने चलन छ ।

## विवरण

## नवदुर्गा नाच

भक्तपुरका जीवितदेवता नवदुर्गा गणको नाच नेपाली राष्ट्रिय जीवनमा नवदुर्गा नाच भनी प्रसिद्ध छ । नेवार लोकजीवनमा यो नाच नवदुर्गा प्याखं नामले प्रख्यात रही आएको छ । यसको अर्को नाम इकुं प्याखं पनि हो । मल्लकालीन ऐतिहासिक स्रोतसामग्रीमा यस नाचलाई यिकुं प्याखन भनिएको छ । तत्कालीन समयमा यो नाच भक्तपुरको हनुमान्घाट पारि 'इखुडो' भन्ने स्थानमा सर्वप्रथम सिकाइएको हुँदा यसको नाम इकुं प्याखं रहन गएको किंवदन्ती रहिआएको छ ।

नवदुर्गा नाच गृहनगरका २१ टोलहरूमा प्रदर्शन गर्ने परम्परा छ । त्यसैगरी नगर बाहिरका प्रदेशहरूमा काठमाडौंको देवपत्तन, ठिमी, नगदेश, बोडे, चोपुलि, टोखा, तुप्या, गोकर्ण, साँखु, चाँगु, सांगा, नाला, धुलिखेल, खड्पु, बनेपालगायत पनौतिमा हरेक वर्ष लाने चलन छ । १२ वर्षमा १ पल्ट हाँडीगाउँमा नाच देखाउन लाने चलन छ ।

नवदुर्गा भवानीले महिषासुर राक्षसको वध गरेको पौराणिक कथा नै नवदुर्गा नाचको मूल विषयवस्तु हो । सोही कथावस्तुका आधारमा दशैं चाडको महानवमीका दिनमा 'खःमेय्' नामको एउटा भीमकाय रांगोलाई महिषासुर राक्षसको प्रतीक मानी नवदुर्गा गणको देवगृहदेखि ब्रम्हायणीपीठसम्म लखेटी वध गर्ने जात्रा समेत प्रसिद्ध छ । सो जात्रा 'खःमेय् ब्वाकिगु जात्रा' भनी प्रसिद्ध छ । तत्कालीन भक्तपुरका राजा सुवर्ण मल्लले आफ्ना जनतालाई अनिकालबाट बचाउन नवदुर्गा

गणमा अनेक विधान गरी नाच आरम्भ गरेको कुरा वंशावली–प्रमाणका आधारमा मिल्छ। नवदुर्गा गणले देशरक्षा, शत्रुनाश, सहकाल, सुस्वास्थ्य लगायत समृद्धि प्रदान गर्छ भन्ने जनविश्वास रही आएको छ। यसरी धार्मिक–सांस्कृतिक, सामाजिकलगायत मनोरञ्जनात्मक अभिप्रायले यो नाच चली आएको विदित हुन्छ।

भक्तपुरको नेवार लोकजीवनमा 'गाथा' भनी प्रख्यात नवदुर्गा नाच प्रस्तुत गर्ने कलाकारहरू वनमाला जातिका हुन्। नवदुर्गा गणमा नकीं (गण/परिवार/नाचको नेतृत्व लिने मूल स्त्रीपात्र–नायिका) सहित गरी १९ सदस्यहरू हुन्छन्। तीमध्ये मुकुण्डो (चित्र सङ्ख्या २) धारण गर्ने गण १३ (महादेव, गणेस, ब्रम्हायणी, माहेश्वरी, कुमारी, वैष्णवी, वाराही, इन्द्रायणी, महाकाली, सिम्बः/सिंह, कालभैरव, दुम्बः/बाघ र श्वेतभैरव) हुन्छन्। नवदुर्गा गणले मुकुण्डो धारण नगरी नाच प्रस्तुत गर्दैनन्। नाचमा खिं, त र कायं नामका तीन प्रमुख बाजा (चित्र सङ्ख्या ३) बजाउने गरिन्छ। ती बाजाबाट निस्कने 'धिं ताल्ल ...;' को सुरताल निकै लोकप्रिय रही आएको छ।

नवदुर्गा गणले प्रस्तुत गर्ने एक अति लोकप्रिय नाच 'ङा लाकिगु' (माछा समात्ने) नाच पनि हो। नवदुर्गा नाचको पहिलो चरणमा यो नाच दुम्बःले (चित्र सङ्ख्या ४) र दोस्रो चरणमा श्वेतभैरवले (चित्र सङ्ख्या १) प्रस्तुत गर्ने परम्परा छ। यो भावपरक र प्रतीकात्मक छ। नवदुर्गा गणका दृष्टिमा माछा झैं चञ्चले मन भएका जीव मानिस नै माछा सरह मानिन्छन्। यसो हुँदा मान्छे रूपि माछा समात्न जालो रूपि पुलु (मान्द्रो) उत्तेजित र कोलाहलले भरिएको भीडमा फालेर भीडलाई लखेट्छन् र समात्ने प्रयास गर्छन्। यही रोचक नाच 'ङा लाकिगु' हो।

नवदुर्गा गणमा नाच सिकाउने आधार वंशगत/जातीय एवं पारिवारिक रही आएको छ। यसको निमित्त नवदुर्गा गुठीको व्यवस्था रहेको देखिन्छ। यसका कलाकारहरूमा जुन पात्र हुने हो सोही अनुरूपको वस्त्र एवं आभूषण धारण गर्छन्। जस्तै ब्रम्हायणी पीत वर्णको हुन्छ। अतः ब्रम्हायणी हुने पात्रले पहेँलो वस्त्र र सोही अनुरूप ब्रम्हायणीको मुकुण्डो धारण गर्दछ। वस्तुतः मुकुण्डो धारण गर्ने सबै गणले धातुनिर्मित किकंपा (पात आकारको) युक्त मुकुट, पंचरंगी किनारा भएको जामा, हार बाला, बाजु, घंघला (नुपुर) इत्यादि लगाएका हुन्छन्। सबैले बायाँ पाखुरामा रूमाल झुण्ड्याएका हुन्छन्।

धार्मिक, सामाजिक र मनोरञ्जनात्मक दृष्टिले समेत महत्त्व पाएको नवदुर्गा नाचको वर्तमान अवस्था सन्तोषजनक देखिँदैन। नेवार जात्रा, चाडपर्व, नाचगान वा समग्रमा भनौं नेवार संस्कृति गुठी व्यवस्थाले अनुप्राणित भएको कृषि संस्कृतिमा आधारित रही आएको छ। वर्तमानमा नवदुर्गा नाचका धेरै गुठीजग्गाहरू लोप भइसकेका छन्। नाच संचालनका लागि चाहिने आयस्ता वा आर्थिक स्रोत सुक्दैगएको देखिन्छ। मूल तः आर्थिक कारण एवं अन्य कारणले (शैक्षिक, सामाजिक) समेत पनि गृहनगर बाहिर प्रदर्शन गर्न जाने केही स्थानहरूमा (टोखा, टुप्या, गोकर्ण, चपरिगुं आदि) नाच देखाउन लाने परम्परासमेत बन्द भइसकेको छ। केही वर्षअघि मात्र ठिमीमा प्रस्तुत गर्न लाने चलन बन्द भयो भने पनौतीमा पनि गएन।

## सापारु प्याखं (गाईजात्रा नाच)

गाईजात्राको नेवारी नाम 'सापारु' हो। पूर्वमध्यकालको नेवार लौकिकजीवनमा यो जात्रा 'सायात' नामले प्रचलित थियो। यो कुरा गोपालराजवंशावलीमा आएको उल्लेखबाट जानिन्छ। यताबाट त्यसभन्दा पनि पूर्वकालदेखि यो जात्रा चली आएको दृष्टिगोचर हुन्छ। यो जात्रा भाद्रकृष्ण प्रतिपदादेखि भाद्रकृष्ण अष्टमी/कृष्णाष्टमीसम्म गरी आठ दिनसम्म अनेक नाचहरू प्रदर्शन गरी मनाउने चलन छ। समाजका युवा, बालबालिका लगायत वृद्धवृद्धाहरूसमेत गाईजात्राताकाका कलाकारहरू हुन् भन्दा अतिशयोक्ति नहोला।

मरेका आफन्तहरूले गाईको पुच्छर समाती वैतरणी नदी पार गर्दा मोक्ष प्राप्त हुन्छ, वैकुण्ठबास हुन्छ भन्ने मूल अभिप्राय यस जात्राको रही आएको छ। भक्तपुरमा कृष्णलीलाको कथावस्तुमा भजनकीर्तन र नाचसहित जीवित गाई वा माटोको बसाहा बनाई वा गाईको चित्र टाँसेको 'ताहामचा' (कपडाले मोडेको लामो बाँसको थुन्चे) बोकी नगरपरिक्रमा गर्ने चलन छ। सो यात्रा दिनभरि नै चल्छ। त्यस क्रममा 'घिनी ट्वाङ् ...घिनी ट्वाङ् ...घिन्तांघिसि ट्वाङ्' को सुर तालमा लहरै लठ्ठी जुधाएर नाच्दै नगरपरिक्रमा गर्ने निकै रोचक नाच दिनभरि जसो नै भइरहेको हुन्छ। साँझपख परालको भैरव र भद्रकालीको ताहामचाको जात्रासँगै सो दिनको जात्रा समाप्त हुन्छ। गाईजात्राको यो नाच 'घिन्तांघिसि' नामले प्रसिद्ध छ। यो नाच सर्वप्रथम गाईजात्राको एक दिन अघि अर्थात् श्रावण शुक्ल पूर्णिमाका दिनमा भक्तपुर दरबारको सापारुछेंबाट हुने परम्परा छ। त्यसको भोलिपल्ट विहानदेखि साँझसम्म दिनभरि नै यहाँको धार्मिक–सांस्कृतिक जीवनले प्रदर्शन गर्ने परम्परा छ। यो नाच चौधौं शताब्दीदेखि चलेको अनुमान हुन्छ। धार्मिक सांस्कृतिक एवं सामाजिक महत्त्व बोकेको निकै मनोरञ्जनात्मक यो नाच आज पनि उत्तिकै लोकप्रिय छ।

## खः प्याखं

एउटा पूर्णाङ्की नाटकलाई नेवारीमा 'खः प्याखं' पनि भनिन्छ। कुनै एक स्थानमा यो नाच प्रदर्शन गरेपछि सो नाचको कथावस्तु पूरा नभएसम्म अन्यत्र जाँदैन। यसैले चरणबद्ध रूपमा देखाउने गरिन्छ। त्यसरी देखाउँदा ३/४ दिनदेखि एक हप्ता पनि लाग्न सक्छ। महाभारत, कृष्णचरित्र, मधुमालती, कोलासुर वधोपाख्यान,मधुकरोपाख्यान जस्ता मल्लकालीन रचनाहरू खः प्याखंका कथावस्तु हुन्। समाज र देशलाई योगदान पुऱ्याएका धीरोदात्त व्यक्तित्वहरूका जीवनी पनि यसका कथावस्तु हुन्। आजभोलिको प्रसङ्गमा यसलाई चलचित्रकै रूपमा दाँज्न सकिन्छ। यसमा पात्रहरूको चयन गर्दा देवीदेवताका भूमिका राजोपाध्याय ब्राम्हणले, राजा एवं राजपरिवारको भूमिका मल्ल प्रधानाङ्गहरूले र अन्य भूमिका सर्वसाधारणलाई गराउने परम्परा रहेको देखिन्छ।

धार्मिक-सांस्कृतिक उत्सव एवं पर्वताका प्रस्तुत गरिने मल्लकालीन यो नाच विगत पाँच दशक अघि नै लोप भइसकेको छ। वस्तुतः समयको गतिसँगै चल्न नसक्दा र आयस्रोत पनि जुटाउन नसक्दा यो नाच चल्न सकेन।

## देवी प्याखं

सामान्यतया शक्तिप्रधान भएकोले यस नाचको नाम देवी प्याखं रहेको विदित हुन्छ। तन्त्रप्रधान शाक्त परम्परामा महाकाली, महालक्ष्मी र महासरस्वती पनि विशेष मानिन्छन्। भक्तपुरमा यन्त्राकार रूपले स्थापित अष्टमातृका एवं दशमहाविद्याका देवीहरूमा नगरको मध्यभागमा त्रिकोणाकार रूपमा स्थापित तीन मातृदेवीहरू महाकाली, महालक्ष्मी र महासरस्वती हुन्। सोही अनुरूप देवी नाचमा यी तीन देवीहरूका नाच मुख्य मानिन्छ। चण्डीका आधारमा महाकाली र महालक्ष्मीका साथमा महासरस्वती वर्णन भएता पनि नाचमा भने महासरस्वतीका स्थानमा कुमारी यस नाचका मुख्य पात्रको रूपमा देखापर्छन्। कुमारीलाई प्रस्तुत गर्नुको अभिप्राय सबै देवीहरू अन्ततः कुमारी नै हुन् भन्ने भाव हो। उनीहरूका साथमा वेताल, कवान्चा, ख्याक आदि सहायक भूमिकामा रहेका हुन्छन्। यस नाचमा सम्बद्ध देवीहरूका मन्त्रवाचन गरी (मंगलाचरण) नाच आरम्भ गर्ने चलन छ।

देवी प्याखं गाईजात्रा, इन्द्रजात्रा, कागाष्टमी जस्ता जात्रा चाडपर्व लगायत विशेष अवसरहरूमा देखाउने चलन रही आएको पाइन्छ। मध्यमवर्गदेखि कृषकवर्गहरू कलाकारका रूपमा यस नाचमा खेल्ने परम्परा यस नाचमा छ। यो नाच भक्तपुरको भोटेबहाल, बाचामारी, धालेमाछें लगायत सुर्यमढीटोलहरूमा सिकाउने चलन रहेको देखिन्छ।

भोटेबहालका देवीनाच सिकाउने दैवज्ञहरूका अनुसार शाहकालमा देवीनाच हेर्न शासकवर्गले दरबारमा बोलाउँथे, देवीनाच प्रस्तुत गर्दा पैसा पाउँथे। यसरी राजकीय प्रोत्साहन पाएर पनि नाचहरू चल्थे। अब त त्यो समय छैन, गुठी पनि छैन, यसैले पनि देवीनाच लोप हुने अवस्थामा पुगिसेको छ।

## भैल प्याखं

'भैरव' को नेवारी नामान्तर 'भैल' हो। भैल तान्त्रिक देवता हुन्। भैरव-नाचलाई नेवारीमा 'भैल प्याखं' भनिन्छ। देवी प्याखं नारीप्रधान भएजस्तै यो पुरुषप्रधान नाच हो। यस नाचमा देखापर्ने भैरवहरूमा कालभैरव, श्वेतभैरव र आकासभैरव हुन्। अष्टभैरवका विभिन्न ध्यान, मन्त्र, मुद्रा आदि यस नाचमा प्रस्तुत गर्ने चलन छ। यसका मुख्य कलाकारहरू भैरव, महाकाली, बाराही, ब्रम्हायणी, कुमारी आदि प्रमुख देवताका भूमिका निर्वाह गर्छन्। त्यसैगरी सहायक कलाकारहरूमा वेताल हुने ३ जना, ख्याक २ जना, कवां (मानव अस्थिपञ्जर मात्र भएको पात्र) २ जना, जंगली (एकप्रकारको भूत) २ जना हुन्छन्। जनावर हुनेहरूमा सिंह -१, शेर -१, कुकुर -आदि हुन्छन्।

धार्मिक, सामाजिक र मनोरञ्जनात्मक दृष्टिले समेत महत्त्व पाएको भैल प्याखं मल्लकालदेखि चली आएको विदित हुन्छ। अन्य धार्मिक, सामाजिक एवं मनोरञ्जनात्मक नाचहरू जस्तै यो नाच पनि त्यस कुराको अपवाद होइन। विशेष अवसरहरूमा यो नाच देखाइन्छ। मनोरञ्जनका नयाँ प्रविधि र अनगिन्ति विकल्पहरू आइसकेको आजको परिप्रेक्षमा यो नाच पनि अन्य नाच जस्तै ओझेलमा परिसकेको देखिन्छ। तथापि कुनै न कुनै रूपमा बचेखुचेका यसका गुठीलगायत पर्यटनका कारणले गर्दा आजसम्म पनि चलिरहेको छ। पर्यटनले गर्दा यसको भविष्य राम्रो रहेको मान्न सकिन्छ। यूरोपतिर पनि यो नाच लगायत भालु प्याखं, माक प्याखं आदि लगेर देखाउन लाने नयाँ संस्कृति विकसित भइसकेको रहेछ भन्ने कुरा इन्टरनेट खोजिबाट समेत सजिलै थाहा हुनआएको छ। (Bhairab Nach in London - YouTube : FIRST TIME IN EUROPE AND OUT OF NEPAL!! IT IS A REPLICA OF BHAILA PYAKHEN THANNE, BHAKTAPUR.)

## नागाचा प्याखं

'नागा' ले नाङ्गो भन्ने अर्थ पनि लाग्छ। 'चा' क्षुद्रवाचक शब्द हो। आफूभन्दा कनिष्ठलाई पनि चा प्रयोग गरिन्छ। यो नाच सहरका सडक, चोकलगायत सार्वजनिक स्थानहरूमा जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म वा भनौं गाईजात्राका आठ दिनसम्म साँझपख प्रदर्शन गर्ने चलन छ। कृष्णचरित्र वा भनौं राधा र कृष्णबीचको प्रेमलीला, वनविहार

आदि यस नाचको कथावस्तु हो। नागको जस्तो चालमा नाच्ने भएकोले पनि 'नागाचा' नाम रहेको देखिन्छ। यस नाचका कलाकारहरू प्रायः बालबालिका हुन्छन्। लौकिक, धार्मिक एवं मनोरञ्जनात्मक अभिप्राय यस नाचको रहेको छ। चौधौं शताब्दीदेखि चलेका अनेक नाचहरूमध्येको एउटा यो पनि रहेको जानिन्छ। यो नाच आज पनि वर्तमान छ।

## बूढा नागा प्याखं

भक्तपुरमा जनैपूर्णिमा/गाईजात्रादेखि इन्द्रजात्रासम्म नाचगानको बाढी नै आएको हुन्छ भन्दा शायद अतिशयोक्ति नहोला। त्यसमध्ये यो नाच पनि गाईजात्राताका प्रदर्शन गर्ने चलन छ। महादेव पार्वतीको ताण्डवनृत्य यस नाचको मूल कथावस्तु हो। यसैले यस नाचलाई 'महा द्यः पार्वती प्याखं' पनि भनिन्छ। महादेवलाई पनि बूढा भन्ने चलन धार्मिक सांस्कृतिकजीवनमा रही आएको छ। धार्मिक, सांस्कृतिक एवं मनोरञ्जनात्मक महत्त्व यस नाचको रहेको छ। यो नाच हराइसकेको छ।

## हनुमान् प्याखं

यो तन्त्रप्रधान नाच हो। हनुमान्लाई हनुभैरव र हनु रूद्रको रूपमा पनि मान्ने परम्परा छ। रामभक्त हनुमान् रामभक्तिमा लीन भई प्रस्तुत गरिने यो नाच धार्मिक प्रकृतिको छ। यस नाचमा दुई जना कलाकारहरूले हनुमान्को भूमिका निर्वाह गरेका हुन्छन्। राम र सीताको भूमिका निर्वाह गर्ने कलाकार पनि हुन्छन्। यो नाच उत्तरमल्लकालतिर चलेको दृष्टिगोचर हुन्छ। शत्रुनाश, देशरक्षा लगायत प्राकृतिक विपत्तिबाट समेत जोगाउनु यस नाचको अभिप्राय रहेको जानिन्छ।

चैत्र महिनामा रामनवमीताका यो नाच प्रदर्शन गर्ने चलन थियो। गुठीव्यवस्था नभएको कारणले पनि यो नाच लोप भइसकेको छ। अर्को शब्दमा भन्नुपर्दा यो नाच भक्तपुरबाट विस्थापित भएर धरान पुगको छ। धरानका लौकिकजीवनले यो नाचलाई बचाएर राखेका छन्।

## टुवाचा प्याखं

नर्तक/नर्तकीलाई नेवारीमा नटुवाचा भनिन्छ। भक्तपुरको नेवार सांस्कृतिक जीवनमा धार्मिक आस्था सँगसँगै मनोरञ्जन प्रदान गर्ने अभिप्रायले चलेका नाचहरूमध्येको एक यो पनि हो। यो नाच पनि मल्लकालीन हो। जनैपूर्णिमादेखि इन्द्रजात्राताकासम्म यो नाच प्रदर्शन गर्ने परम्परा रहेको छ। भक्तपुरका प्रायः सबैजसो नाचका कलाकारहरू कृषक वर्गका नै छन्। यो नाच पनि त्यस कुराको अपवाद होइन। यो नाच भगवान् कृष्णाको रासलीला-कथावस्तुमा आधारित छ। यसमा कृष्ण र राधा सहित अन्य गोपिनीहरू पनि (बढीमा ८ सङ्ख्यासम्मका) रहेका हुन्छन्। कृष्णलाई धेरै जनाको रूपमा मोह गर्ने अन्तर्भाव र हरेक गोपिनीहरूले आफूसँगै एक-एक कृष्ण देख्ने रासलीलाको भावलाई दर्शाउने प्रयास गर्नु यस नाचको कथावस्तु र अभिप्राय पनि हो। अनि चौधौं शताब्दीदेखि छिमेकी देश भारतमा मात्र नभएर नेपालमा पनि वैष्णववादको कृष्णभक्ति धारामा लौकिकजीवन चुर्लुम्म डुब्नपुगेको यथार्थतालाई यस नाचले पनि स्मरण गराएको छ।

यस नाचको वर्तमान अवस्था राम्रो छ। यसो हुनुको एउटा कारण भक्तपुरमा आएको सांस्कृतिक पुनर्जागरण पनि हो। भक्तपुर नपाको 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नारा यस कुराको उदाहरण हो। प्राचीन कला वास्तुकलालगायत नाचगानलाई पनि संरक्षण सम्बर्द्धन गर्दै लाने प्रवाह यहाँ चलेको छ। यसले गर्दा लोप हुनलागेका नाचहरू र संगीतका अन्य विधाहरूले पनि पुर्नजीवन पाउँदै आएको आभास हुन्छ।

## लाखे प्याखं

यो पनि मल्लकालीन नाच हो। राक्षस वा दानवलाई नेवारीमा 'लाखे' भनिन्छ। तन्त्रप्रधान नेवार धार्मिक परम्परामा भैरवकै अनुचरको रूपमा लाखेलाई पनि मानिन्छ। यसैकारण यस नाचमा लाखे हुने कलाकारले अष्टभैरवका विभिन्न चरित्रलाई उजागर पार्ने प्रयास गरेका हुन्छन्। यसरी लाखेले भैरवलाई सेवा गरी खुशी पार्ने भाव प्रस्तुत गर्नु यस नाचको कथावस्तु हो। यो नाच मनोरञ्जनात्मक एवं धार्मिक रहेको छ। जनैपूर्णिमादेखि इन्द्रजात्रासम्म यो नाच देखाउने चलन छ। त्यसैगरी विभिन्न धार्मिक सांस्कृतिक उत्सव पर्वताका पनि यो नाच देखाउने चलन छ। जस्तै गोकर्ण औँसी, बनेपाजात्रालगायत पनौती जात्राहरूमा पनि यो नाच प्रदर्शन गर्ने चलन छ। यस नाचको वर्तमान अवस्था राम्रो छ।

## फाकंदाली प्याखं

हावा चल्दा जसरी कर्कलो अघि-पछि, दायाँ-बायाँ गरी हल्लन्छ, त्यसैगरी नाच्ने भएकोले यो नाचको नाम फाकंदाली रहेको बुझिन्छ। नेवारीमा कर्कलोलाई फाकं भनिन्छ। यो नाच इन्द्रजात्राताका प्रदर्शन गर्ने चलन छ। सो पर्वताका लौकिकजीवनमा कर्कलोको अचार खाने चलन पनि छ। कर्कलोको अचारलाई 'सारां' भनिन्छ। भक्तपुरमा 'सारां गुठी' पनि छ। यसरी इन्द्रजात्रा पर्वताका गुठीयारहरूले कर्कलोको अचार खाई नाच्ने चलन पनि छ। यसो हुँदा पनि यस नाचको नाम फाकंदाली रहेको जानिन्छ।

गोसाईकुण्डलाई नेवारीमा 'सिलु' भनिन्छ। सिलु तीर्थ जाने संस्कृति भक्तपुरको धार्मिक सांस्कृतिक जीवनमा

आज पनि वर्तमान छ। त्यसरी तीर्थ जादाँ र आउँदा बाटोमा आइपर्ने सुख र दुःखका कुरालाई गीतबाट व्यक्त गरी गोलाकार भएर नाच्नु यस नाचको कथावस्तु र अभिप्राय पनि हो। तामाङसेलो जस्तै यो नेवारहरूको त्यस्तै लोकनृत्य हो भनी मान्न सकिन्छ। नेवार समाजमा लोग्ने स्वास्नीसँगै सिलु जान हुन्न भन्ने मान्यता रही आएको छ। अतः लोग्नेसँगै स्वास्नीले सिलु जान्छु भनी ढीपि गर्ने र लोग्नेले हुन्न अनिष्ट पर्छ भनी गीतको माध्यमबाट सम्झाउने मार्मिक दृश्यसमेत यस नाचमा प्रस्तुत गरिन्छ। यो नाच प्रस्तुत गर्ने कलाकारहरू कृषक वर्गका हुन्। यस नाचमा ८/१० जना कलाकारहरू रहेका हुन्छन्। यस नाचमा सिलु जाने क्रममा 'ए वाने मानि तापा लँय्स, सिलु वाने नु य ;' (जानु छ लामो बाटो गोसाईकुण्ड तीर्थ जाउँ न हिँड ; र उताबाट आउँदा 'ए वाने मानि तापा लँय्स, नेपा वाने नु य ;' (जानु छ लामो बाटो नेपाल जाउँ न हिँड ;) भन्ने गरिन्छ। गोसाईकुण्ड जाँदा बाटोमा नाच देखाउँदै जाने चलन छ। मल्लकालदेखि चली आएको यो नाच आज पनि लोकप्रिय छ।

## कलाँली प्याखं

पूजासामग्री राख्ने विशेष प्रकारको भाँडोलाई नेवारीमा 'कलाँली' भनिन्छ। यताबाट यसको नाम कलाँली प्याखं रहेको जानिन्छ। यो नाच मल्लकालमा तान्त्रिक धर्म प्रबल रहको समयतिर चलेको देखिन्छ। नेवार सांस्कृतिक जीवनमा तान्त्रिक पूजा अनुष्ठान गर्दा कलाँलीमा पूजासामग्री राखी पूजा गर्न जाने चलन छ। यस कलाँली नाचको मूल कथावस्तु चाहिँ सुनसान रातमा बोक्सी विद्या सिक्न पूजा गर्न जानु हो। यस नाचमा हाकुपटासी लाएका २ जना (कृषक वर्गका) केटीहरू कलाकारका रूपमा रहेका हुन्छन्। कलाँली समाएकी केटी र तिनका साथी दायाँ बायाँ हेर्दै कसैले देख्ला कि भनी डराउँदै बोक्सीपूजाका लागि प्रस्थान गर्ने हाउभाउ गर्छन्। त्यसरी जाँदा हलुकामात्र प्रकाश आउने सुकुण्डा मात्र बालेर जाने दृश्य यस नाचको रोचक पक्ष हो। ललितपुर पटुको टोलबाट मङ्गलबजार सुन्दरीचोक निस्कने मंमदु गल्ली मा छिन्नमस्तादेवीको पीठस्थापित भित्तामा यस्तै आशयको भित्ते चित्र छ जसमा एक स्वास्नीमान्छेले आफ्नो बायाँ हातको चोर औंला बालेर दायाँ हातले कलाँली समाई गइरहेको र तिनको पछाडिपट्टि तिनकै एक सङ्गिनीले एकजना लोग्नेमान्छेलाई चार खुट्टा टेकाई कुचोको पुच्छर लगाई पशुलाई जस्तै घाँटीमा डोरीले बाँधेर घिसार्दै लगिरहेका दृश्य देखाइएको कुरा यहाँ द्रष्टव्य छ।

यो नाच वर्तमानमा पनि चलेको छ। परम्परागत रूपमा यो नाच जनैपूर्णिमादेखि दशैंसम्म पनि देखाउने चलन छ। आजभोलि विशेष अवसरहरूमा यहाँ आउने विदेशी पर्यटकहरूलाई पनि देखाउने चलन चलेको देखिन्छ।

## माक प्याखं

'माक प्याख' भनेको बाँदर नाच हो। यो नाच मल्लकालीन रहेको जानिन्छ। यसका कलाकारहरू कृषक वर्गका हुन्छन्। कलाकारहरूको सङ्ख्या निश्चित हुँदैन, जति भए पनि हुन्छ। राम, लक्ष्मण, हनुमान् र अन्य बाँदर गण हुन्छन्। हनुमान् र उनका अनुचर बाँदरहरूले राम र लक्ष्मणलाई लङ्का जानका निमित्त समुद्रमा पुल बनाउन ढुङ्गा खोज्दै ल्याएको र सो पुल तयार भएपछि उनीहरू निकै खुशी भएर राम, लक्ष्मण र हनुमान्हरूका सामुन्ने चञ्चल भएर उफ्री –उफ्री नाच्नु यस नाचको मूल कथावस्तु रहेको छ।

यो नाच पनि जनैपूर्णिमादेखि कृष्णजन्माष्टमीसम्म देखाउने चलन छ। यसको वर्तमान अवस्था राम्रो छ।

## भालु प्याखं

यस नाचमा एउटा भालु, गोठाला र लामजु (लामा) प्रस्तुत हुन्छन्। भालुलाई नेपाली र हिन्दी भाषामा बोल्दै हाउभाउ गराई नाच्न लगाइन्छ र अन्त्यमा दर्शकसामु पैसा माग्न लगाएर नाच टुंग्याइन्छ। नाचको अन्त्यमा पैसा माग्ने विशेषता मल्लकालीन नाचहरूमा देखापर्दैन। यसो हुँदा यो नाच त्यसपछिको कालमा चलेको जानिन्छ। कृषकवर्ग यस नाचका कलाकारका रूपमा रहेका हुन्छन्। यो केबल मनोरञ्जनात्मक नाचमात्र हो। गाईजात्राताका कहिलेकाहिँ मात्र देखाइने यो नाच लोपोन्मुख अवस्थामा पुगेको छ।

## गाइँचा प्याखं

गाइनेको नाच गाइँचा प्याखं हो। सामाजिक विकृतिहरूउपर गीत गाएर व्यङ्ग कस्दै नाच्नु यस नाचको कथावस्तु हो। हिजोआज देशको राजनैतिक अवस्था र नेताहरूमाथि पनि घोचपेच गर्दै गीति-नाच प्रस्तुत गर्ने चलन युवा पुस्तामा लोकप्रिय हुँदै आएको देखिन्छ। नाच प्रस्तुत गर्ने कलाकारहरू (कृषक वर्ग) कपडाले मुख छोपेर आएका हुन्छन्। यस नाचमा ४ देखि ८ जनासम्मको समूह हुन्छ। एकजनाले गीतको बोल उठान गरेपछि अरू सबैले त्यसलाई दोहऱ्याई तेहऱ्याइ नाच्दै गाउँछन्। यो नाच जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ।

## लुसी प्याखं

मल्लकालीन। काठे मुसललाई नेवारीमा 'लुसी' भनिन्छ। धान उसिनेर, माटोको हाँडीमा भुटेर ओखलमा राखी लुसीले चिउरा कुट्दै नाच प्रस्तुत गरिन्छ। यसमा ४ देखि ८ जनासम्म युवती कलाकारहरू हुन्छन्। सामाजिक एवं मनोरञ्जनात्मक यस नाचमा लुसीले च्यूरा मात्र नकुटी त्यसलाई

एक आपसमा जुधाउने दृश्य निकै रमाइलो हुन्छ।

यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ। यसका कलाकारहरू कृषक वर्गका हुन्छन्।

## म्हयुखा प्याखं

मयूरनाच, मल्लकालीन। कलाकार : कृषक वर्ग। जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ। यस नाचमा एकजनामात्र कलाकार हुन्छ जसले मयूरको पहिरनमा नृत्य प्रस्तुत गर्छ। यो नाच आजभोलि ओझेलमा पर्दै गएको देखिन्छ।

## जंगली प्याखं

मल्लकालीन, धार्मिक एवं मनोरञ्जनात्मक। राक्षसवध यस नाचको कथावस्तु हो। यस नाचमा जंगलबाट आएका राक्षसलाई देवीले वध गर्छिन्। जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ।

## कवांचा प्याखं

मल्लकालीन, धार्मिक एवं मनोरञ्जनात्मक। जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ। मानव अस्थिपञ्जरलाई नेवारीमा कवाँचा भनिन्छ। महाकाली नाच र भैरवनाचमा हुने कवांचाको विशेषता दर्शाउनु यस नाचको अभिप्राय हो। यस नाचमा दुईजना कलाकार (कृषक वर्ग) हुन्छन्। उनीहरूलाई भाले र पोथी मानिन्छ। उनीहरूले शरीरमा सेतो रंगले अस्थिपञ्जरको आकृति बनाएर कवांचा भई नाच प्रदर्शन गर्छन्। यस नाचको वर्तमान राम्रो देखिँदैन। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ।

## ख्याः प्याखं

ख्याकको नाच, मल्लकालीन। देवी नाचकै एक पात्र ख्याः पनि हुन्। यो नाच भैल प्याखं र देवी प्याखंका अवसरमा पनि देखाइन्छ। ख्याक हुने कलाकारले एकडल्लो भएर पल्टाबाजी मार्दै विशेष प्रकारको नाच प्रस्तुत गर्छन् जसलाई 'ख्या ग्वारा तुलेगु' भनिन्छ। यसको वर्तमान राम्रो छ। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ।

## खिचा प्याखं

कुकुरनाच, मल्लकालीन। कुकुरलाई नास द्यः (नृत्यनाथ) को वाहनको रूपमा मानिन्छ। यस नाचमा २ जना कलाकार (कृषक वर्ग) हुन्छन् जसले कुकुर भएर नाच प्रस्तुत गर्छन्। वर्तमानमा पनि चलिरहेको यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ।

## हाँय प्याखं

हाँसको नाच, मल्लकालीन। यस नाचमा एकजना मात्र कलाकार (कृषक वर्ग) हुन्छ। हाँस सरस्वतीको वाहन हो जसले दूध र पानी छुट्याउन सक्छ। त्यही भाव दर्शाउनु यस नाचको अभिप्राय एव कथावस्तु पनि हो। हाँसको चालमा नाच्दै मैथिल भाषामा संवाद एवं हाउभाउ यस नाचका कलाकारले गर्छन्। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ।

## सिख प्याखं

सिक्रीनाच। मल्लकालीन। कलाकार (कृषक वर्ग): २ जना। जति ताने पनि नसिद्धिने सिक्री तानेर देखाउनु यस नाचको कथावस्तु हो। सिक्री पूरा तान्न सके सफल हुने र नसकेमा तान्ने मान्छेलाई नै अदृश्य शक्तिले तानेर लाने किंवदन्तीमा आधारित कथानकमा यो नाच देखाईन्छ। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ। आर्थिक एवं अन्य कारणले यो नाच बन्द भइसकेको छ।

## भूत ख्याः याइगु प्याखं

भूतले ख्यालठट्टा गर्ने नाच, मल्लकालीन। कलाकार (कृषक वर्गका) : २ जना। भूत पनि शिवकै अंश हो। यसैले शिवको गणतान्त्रिक साम्य संसारमा भूत पनि आफ्नो कर्मले 'भूतनाथ' हुन सक्छ। त्यही सन्देश यस नाचले दिनखोजेको आभास हुन्छ। आर्थिक एवं अन्य कारणले यो नाच पनि लोप भइसकेको छ। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाउने चलन रहेको देखिन्छ।

## शेर सिंह प्याखं

सिंह र शेरको नाच, मल्लकालीन। यो नाचलाई देवी नाचकै एक अंश मानिन्छ। सिंह र शेर देवीका वाहन हुन्, देवीकै अंश मानिन्छन्। मैथिल प्रभाव रहेको यस नाचको वर्तमान अवस्था राम्रो छ। यस नाचमा सिंहलाई भाले र शेरलाई पोथी रूपमा लिइन्छ। त्यस्तै एकजना लामाले मैथिल भाषा बोल्दै दुवैलाई लड्डु खुवाउने अभिनय गरिन्छ। यो नाच जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ। त्यस्तै दशैं र तिहार पर्वहरूमा पनि प्रदर्शन गर्ने चलन रही आएको छ। यो नाच आज पनि चलेको छ।

## सलां प्याखं

घोडाको नाच, मल्लकालीन। कलाकार : २ जना (भाले र पोथी रूपमा)। सामाजिक एवं मनोरञ्जनात्मक। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्थ्यो। आजभोलि यो नाच चलेको छैन। आर्थिक एवं अन्य कारणहरूले गर्दा यो नाच बन्द हुनपुगको दृष्टिगोचर हुन्छ।

## कपाय् फेनिगु प्याखं

धागो कात्ने नाच, मल्लकालीन। कलाकार (कृषक वर्ग): २/३ जना। उद्देश्यः सामाजिक एवं मनोरञ्जनात्मक। कथावस्तु : चर्खा राखेर धागो कात्दै गीत गाउने। स्वावलम्बी र आत्मनिर्भरता यस नाचले दिनखोजेको

सन्देश हो। वर्तमान अवस्था : राम्रो छ।

### था ज्या यनेगु

तानमा राख्न धागोको तयारी, मल्लकालीन। कलाकार : कम्तिमा २ जना। धागो काटेपछि कपडा बुन्न तयारी गरेको नाच प्रस्तुत गरिन्छ। यो नाच पनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म देखाइन्छ। उद्देश्य : सामाजिक एवं मनोरञ्जनात्मक। वर्तमान अवस्था राम्रो छ।

### किजा पुजा

भाइपुजा, मल्लकालीन। उद्धेश्य : सामाजिक एवं मनोरञ्जनात्मक। कलाकार (कृषक वर्ग) : २ जना भाइ बहिनीका रूपमा। आर्थिक एवं अन्य कारणले यो नाच लोप भइसकेको छ।

### कचिमचा वान्छोय् येंकेगु प्याखं

भर्खरैमात्र जन्मेको शिशुलाई नेवारीमा कचिमचा भनिन्छ। कचिमचा वान्छोय येंकेगु ले त्यस्तो बच्चा फाल्न लाने विषयको नाच हो भन्ने बुझिन्छ। रणबहादुर शाहले बिफर लागेका बच्चाहरूलाई देशनिकाला गर्दा उनीहरूका आमा बुबाहरूले अलापविलाप गर्दै उपत्यका छाडी यत्रतत्र लाग्नुपरको मार्मिक इतिहास छ। त्यही सत्य घटनामा आधारित कथावस्तुका आधारमा यस नाचका कलाकारहरूले पीठ्यूँमा बच्चा बोकी दुःखपूर्ण ढंगले विरह गीत गाउँदै सामाखुशी पार गरेको अभिनय गर्दै नाच्छन्। उद्देश्य : सामाजिक र मनोरञ्जनात्मक। वर्तमान अवस्था : ओझेलमा पर्न थालिसकेको छ।

### माघ खः प्याखं

धार्मिक, सामाजिक एवं मनोरञ्जनात्मक। मल्लकालीन। माघ महिनाभरि स्वस्थानीको व्रत बसेर सिध्याएपछि स्वस्थानी राखेको खट बोकी जात्रा गरेर नाच्दै देशपरिक्रमा (नगरपरिक्रमा) गर्ने नाच 'माघ खः प्याखं' हो। कलाकार : ८/१० जना (कृषकवर्ग)।

### महाकाली नाच

देवी नाचकै एक अङ्ग। मल्लकालीन मुकुण्डो नाच। धार्मिक, सांस्कृतिक एवं मनोरञ्जनात्मक। यस नाचमा महाकाली मुख्य देवता हुन्छ। अन्य सहायक देवता र गणहरूमा महालक्ष्मी, कुमारी, वेताल, ख्याक, कवां, जंगली (राक्षस), भूतभैरव, दैत्य, शेरसिंह, मयूर लगायत मानिस हुन्छन्। खराव तत्त्वमाथि असल तत्त्वको विजय हुन्छ भन्ने भाव प्रस्तुत गर्नु यस नाचको मूल अभिप्राय हो। वर्तमानमा पनि चली आएको यस नाचलाई संरक्षण र सम्वर्द्धन गर्दै लानुपर्ने देखिन्छ।

भक्तपुर नेपालमण्डल (काठमाडौं उपत्यका) को सांस्कृतिक मूल थलो हो। आजभन्दा नौ सय वर्षअघि आजको भक्तपुर सहर नेपालमण्डलको राजधानी नगरको रूपमा रहेको थियो। र, त्यसपछि तीनसय वर्षभन्दा केही बढ्ता समयसम्म यो सहर त्यस रूपमा रहँदा राजनैतिक, प्रशासनिक दृष्टिले मात्र नभएर अनेक दृष्टिले राजधानी नगरको रूपमा समृद्ध रहिआएको थियो। वि.सं.१५३९ मा यक्ष मल्लको मृत्युपछि नेपालमण्डलको राजनैतिक विखण्डन भए तापनि मल्लहरूको मूल वासस्थान वा भनौं सांस्कृतिक मूल थलो त यही नै थियो। राजनैतिक रूपमा उनीहरू छुट्टिएर एक अर्काका कट्टर दुश्मन हुन पुगे तापनि सांस्कृतिक रूपमा उनीहरूलाई आफूले नचाहेर पनि एकै सूत्रमा बाँधीराख्ने उनीहरूको सांस्कृतिक–ढुकढुकी तथा भक्तपुर वा विशेषगरी भक्तपुर राजदरबार नै थियो।

इतिहासका अनेक कालखण्डमा भएका राजनैतिक परिवर्तनले शासन–सत्ता उखेले तापनि सामाजिक–सांस्कृतिक जीवनमा गहिरिँदै गएको जरोलाई उखेल्न सकेको देखिँदैन। सत्ता–परिवर्तनले संस्कृति परिवर्तन हुँदैन, 'परम्परा' का रूपमा अस्तित्ववान् भएको हुन्छ। वि.सं.१८२६ मा गोर्खालीहरूले भक्तपुर जितेर नेपालमण्डलमा पूर्ण आधिपत्य गर्न सफल भए। र, त्यसपछि राजधानीनगर कान्तिपुरलाई बनाएर हनुमानढोका दरबारमा बसेर (पछि नारायणहिटी दरबार) शासन गरे। राजनैतिक दृष्टिले भक्तपुर र ललितपुर शहरहरू त्यसपछि सामान्य र उपेक्षित रहे। त्यसबेलादेखि आजसम्म कान्तिपुर सहर राजनैतिक राजधानीनगरको रूपमा रहिआएको छ। तर राजनैतिक परिवर्तनले भक्तपुरको 'सांस्कृतिक–राजधानीनगर'को गरिमालाई भने हल्लाउन सकेन। आजभन्दा नौ सय वर्ष अघिदेखि आजसम्म पनि भक्तपुर शहर नेपालमण्डलको सांस्कृतिक राजधानीनगरको रूपमा जीवन्त वा वर्तमान रहिआएको छ, प्रत्यक्ष रूपमा होस् वा परोक्ष रूपमा; यस कुरालाई पुष्टि गर्ने अनेक उदाहरण छन्। आज पनि कुनै न कुनै रूपले वर्तमान रहिआएको परम्परित– संगीत पनि यस कुराको अपवाद होइन। यसैले पनि भक्तपुर नाचगानको राजधानी हो।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

# k|rLg ;dodf gk|fndf zf;g ug{] lnR5lj zf;sx¿



सह प्रा.डा. बलराम कायस्थ

नेपालका आरम्भिक लिच्छवि शासकहरूको बारेमा जानकारी दिने एउटै मात्र आधिकारिक प्रमाण भनेको लिच्छवि राजा जयदेव द्वितीयको वि.सं.७९० (संवत् १५७)को पशुपति प्राङ्गणको अभिलेख नै हो। तर यस अभिलेखमा पनि लिच्छविहरूको वंशावली वर्णन गर्दा जयदेव द्वितीयले न आफ्नो पुरानो सम्बन्ध भारतको वैशाली देखाएका छन्, न नेपालमा राज्य स्थापना गर्ने प्रथम लिच्छवि राजाको नाम किटान गरेर बताइएको छ। आफ्नो वंशको महत्त्व दर्शाउन ब्रम्हा, सूर्य, दशरथ आदिसँग जोडेर वर्णन आरम्भ गरिएको छ। दशरथको उल्लेख गरिसकेपछि सोही वंशमा ८ पुस्तापछि "लिच्छवि" भन्ने व्यक्ति राजा भएको र उनैको नामबाट लिच्छवि वंश चलेको वर्णन उक्त अभिलेखमा गरिएको छ। पौराणिक राजाहरूको नामपछि ऐतिहासिक महत्त्वका साथ यिनै लिच्छविको नाम लेखिएको र पछिका लिच्छवि राजाहरूले उत्साह र गौरवका साथ लिने गरेको लिच्छवि कुलकेतु, लिच्छवि कुलानन्दकर जस्ता उपाधि पनि यिनैको सम्झनामा लिइएको र गोपालराज वंशावलीमा पनि व्यक्तिको रूपमा लिच्छविको नाम भेटिनु र तिनैले स्थापना गरेको वंश शुरु हुन्छ भनेर लिच्छवि राजाहरूको वर्णन आरम्भ गरिएको आधारमा संभवतः लिच्छवि नै नेपालका प्रथम लिच्छवि शासक हुन् कि भन्ने देखिन्छ। यिनै लिच्छवि राजाको १२ पुस्तापछि सुपुष्प भन्ने राजा भए भन्ने वर्णन उक्त अभिलेखमा गरिएको छ। सुपुष्पदेव र उनी पछिका लिच्छवि राजाहरूको संक्षिप्त परिचय यसप्रकार रहेको छ।

## लिच्छवि शासकहरू

### सुपुष्पदेव

लिच्छवि भन्ने राजाको बाह्र पुस्तापछि कामदेव जस्तै अति राम्रा सुपुष्पदेव राजा भए भन्ने वर्णन जयदेव द्वितीयको पशुपति अभिलेखमा पाईन्छ। यी सुपुष्पदेवको ऐतिहासिक महत्त्व स्पष्ट गर्न सकिएको छैन। जयदेव प्रथमभन्दा २३ पुस्ता अगाडि यि राजा भएको हुँदा नेपालसँग यिनको सम्बन्ध थिएन कि जस्तो लाग्दछ। तर ई.पू. तेस्रो शताव्दीमा नै नेपालमा लिच्छवि शासन शुरु भएको मान्नेहरूले भने सुपुष्पदेवलाई नै नेपालका प्रथम लिच्छवि राजा मानेका छन्। गोपालराज वंशावलीले समेत सुपुष्पलाई नेपालमा वर्णव्यवस्था लागु गरेर राज्यको सारा मर्यादा बाँधे, न्यायपूर्वक प्रजाको पालन गरे तथा पशुपतिनाथको मन्दिर बनाए भनेर उल्लेख गरेको छ। यसैले यिनी नेपालकै राजा हुन् भन्ने देखिन्छ।

### जयदेव प्रथम

सुपुष्पदेवको २३ पुस्तापछि जयदेव प्रथम राजा भए भन्ने वर्णन पशुपति अभिलेखमा पाईन्छ। यी जयदेवको वर्णन गर्दा प्रख्यात एवं विजयी राजा भनेर सम्मान व्यक्त गरिएको छ। प्रसिद्ध लिच्छवि राजा मानदेवभन्दा १६ पुस्ता पहिलेका यिनी भएको हुँदा यिनको समय लगभग ईशाको आरम्भतिर मानिन्छ। यसैले ईशाको आरम्भतिर मात्र नेपालमा लिच्छवि शासन शुरु भएको मान्नेहरूले भने जयदेव प्रथमलाई नै नेपालका प्रथम लिच्छवि शासक मानेका छन्। वास्तवमा अगाडिका २३ राजा र पछाडिका १२ राजाहरूको उल्लेख नगरी यी जयदेवलाई विजयी विशेषणका साथ वर्णन गरिएको हुँदा यिनको केही न केही ऐतिहासिक महत्त्व त अवश्य नै छ भन्ने अनुमान गर्न सकिन्छ।

### हरिदत्त

जयदेव प्रथमदेखि पछाडि र वृषदेवभन्दा अगाडि बाह्र राजाहरू भए भन्ने उल्लेख पशुपति अभिलेखमा छ तर तिनको नाम भने उल्लेख छैन। तर गोपालराज वंशावली र अन्य केही वंशावलीहरूमा भने ती बाह्र राजाको नाम पनि उल्लेख पाइन्छ। ती राजाहरूमध्ये हरिदत्त वर्माको ठूलो धार्मिक महत्त्व रहेको छ। किनकि नेपाल उपत्यकाका प्रसिद्ध चार नारायणहरूको स्थापना यिनै राजा हरिदत्तले गरेको कुरा गोपालराज वंशावलीले उल्लेख गरेको छ। पछिल्लो समयका लिच्छविकालीन अभिलेखहरूले पनि यसको पुष्टि गरेका छन्। यिनको शासनकाल वि.सं. २५० देखि ३०० सम्म रहेको अनुमान गरिन्छ। यसरी यहाँ वैष्णव धर्मको उत्थानमा राजा हरिदत्तको विशेष देन रहेको हुनाले नेपालको धार्मिक इतिहासमा उनको महत्त्वपूर्ण स्थान रहेको बुझिन्छ।

बीचका बाह्र राजाहरूको नाम जयदेव द्वितीयले किन उल्लेख गरेनन्। यो विचारणीय प्रश्न छ। वास्तवमा

यसको पनि विशेष कारण थियो। त्यसबेला भारतमा गुप्त साम्राज्य स्थापना भएपछि त्यसको प्रभाव नेपालमा पनि पर्न थाल्यो। अझ समुद्रगुप्तले त्यहाँ बलियो साम्राज्य खडा गरेपछि त्यसको प्रत्यक्ष असर नेपालमा पनि पर्‍यो। नेपालले आत्मरक्षाका लागि करको रूपमा केही रकम समुद्रगुप्तलाई बुझाउनु परेको थियो। यस कुराको संकेत समुद्रगुप्तको प्रयागस्तम्भ अभिलेखमा दिइएको छ। जसमा नेपाललाई 'करद राज्य' (कर तिर्ने राज्य) भनेर सम्बोधन गरिएको छ।

यसरी नेपाली शासकहरू भारतीय गुप्त राज्यको छिमेकी देश भएर पनि गुप्तहरूलाई कर तिरेर बसेका हुँदा त्यसबेलाका स्रोतहरूले उनीहरूको चर्चा गर्नु आवश्यक ठानेनन्। जयदेव प्रथमपछि बाह्र राजाहरूलाई छोडेर वृषदेवको उल्लेख भने बडो आदरसाथ गरिएको।

## वृषदेव

वृषदेव प्रसिद्ध लिच्छवि राजा मानदेव प्रथमका जिजुबाजे थिए। मानदेवको चाँगु अभिलेख र उल्लिखित पशुपति अभिलेख दुवैले वृषदेवको वर्णन विशेष रूपमा गरेका छन्। ती दुवै शिलालेखमा एकै स्वरमा उनलाई 'उत्तम राजा' भनेर सम्बोधन गरिएको छ। वास्तवमा वृषदेवभन्दा अगाडिका लिच्छवि शासकहरू भारतीय गुप्त साम्राज्यका अधीनमा थिए। उनीहरू यस अवस्थाबाट मुक्त हुन खोजिरहेका थिए। यस्तैमा उता समुद्रगुप्तको देहावसान भएपछि त्यहाँ गडबडी शुरु भयो। यही मौकामा नेपालले पनि आफूलाई स्वतन्त्र घोषित गर्‍यो। यसरी नेपाललाई गुप्तहरूबाट स्वतन्त्र गराउने श्रेय वृषदेवलाई छ। यताबाट लिच्छविकालको राजनैतिक इतिहासमा वृषदेवको उल्लेखनीय स्थान रहेको बुझिन्छ।

राजा वृषदेव बौद्ध धर्मप्रति विशेष आस्था राख्दथे। गोपालराज वंशावलीमा स्वयम्भू चैत्य, चावहिलको चैत्य आदि धेरै बौद्ध चैत्यहरू वृषदेवको पालामा बनेको उल्लेख गरिएको छ। चाँगु स्तम्भअभिलेखमा वृषदेवलाई 'ब्यायामसंक्षेपकृत' अर्थात् लडाई भिडाई कम गर्ने भनिएको छ, जसबाट यी राजा धर्मानुरागी शान्तिप्रिय राजा थिए भन्ने देखिन्छ।

## शंकरदेव

वृषदेवको मृत्युपछि उनका छोरा शंकरदेव राजा भए। यिनका बारेमा धेरै जानकारी पाउन सकिएको छैन। तैपनि आफ्ना बाबुले स्वतन्त्र पारेको देश नेपाललाई यिनले समृद्ध र समुन्नत बनाए। आफ्नो पराक्रमले गर्दा यिनले निक्कै प्रतिष्ठा कमाएका थिए भन्ने कुरा मानदेवको चाँगु अभिलेखबाट बुझ्न सकिन्छ।

## धर्मदेव

शंकरदेवपछि उनका छोरा धर्मदेव गद्दीमा बसे। यिनले राम्ररी शासन चलाएर आफ्नो राज्यलाई अझ समृद्ध बनाए। यिनी शान्त र धार्मिक प्रकृतिका राजा थिए। यसैले यिनले धर्म र पुण्य प्राप्ति हेतु यज्ञयज्ञादि पनि धेरै गरेका थिए। शस्त्र विद्यामा पनि उतिकै निपुण थिए, जुन कुरा चाँगु अभिलेखबाट थाहा पाईन्छ। तर यिनको अकस्मात मृत्यु भयो। मृत्यु के कारणले भएको हो, त्यो जान्न सकिएको छैन। यसैले इतिहासकारहरू यिनको मृत्यु रहस्यमय मान्दछन्।

यसरी पाँचौ शताब्दीको मध्यसम्मको इतिहास यहाँ उल्लेख गरिएको छ। यसबेलासम्मको इतिहास वास्तवमा भरपर्दो स्रोतहरूको अभावमा त्यति स्पष्ट छैन। छिटफुट रूपमा पाइएका स्रोतहरूको आधारमा मात्र यो युगको वर्णन गर्न सकिएको छ। तर धर्मदेवका छोरा मानदेवको समयदेखि भने नेपालको इतिहासमा ऐतिहासिक युग प्रारम्भ हुन्छ।

## मानदेव

नेपालको इतिहासमा लिच्छवि राजा मानदेवको विशेष उल्लेखनीय स्थान रहेको छ। उनी महान विजेता, कुशल सेनानायक, प्रजापालक, कलाप्रेमी तथा प्रथम ऐतिहासिक राजाका रूपमा इतिहासमा अंकित रहेका छन्। उनका अहिलेसम्म १५ वटा अभिलेख पाइएका छन्, जसमध्ये संवत् ३८६ (वि.सं. ५२१) को चाँगुनारायणको अभिलेख सबभन्दा प्राचीन मानिन्छ। यसैबाट राजा मानदेवका विषयमा विस्तृत रूपले जान्न सकिन्छ। जस्तो मानदेव सानै छँदा उनका बाबु धर्मदेवको अकस्मात मृत्यु हुँदा उनकी आमा राज्यवती आफ्ना पति राजा धर्मदेवसँगै सती जान खोजिन, तर बालक मानदेवले ज्यादै रोइ कराइ गरेर आमालाई सती जानबाट रोके। राज्यवती पनि छोराको अनुरोधलाई स्वीकार गरेर छोरालाई राजकाजमा सहयोग र सल्लाह दिएर बस्न थालिन्। मानदेवले ४१ वर्षभन्दा बढी समयसम्म शासन गरेर नेपालको चौतर्फी विकास गरेका थिए। यसैले उनी इतिहासमा उल्लेखनीय बने। उनको मृत्यु भने वि.सं. ५६२ तिर भएको थियो। उनको राज्यकालमा भएका प्रमुख घटनाहरूमा उनको विजय अभियान महत्त्वपूर्ण मानिन्छ। स्वतन्त्र हुन खोजेका पूर्व र पश्चिमका विद्रोही सामन्तहरूलाई युद्धद्वारा दमन गरेर उनले नेपालको भौगोलिक अखण्डतालाई कायमै राखेका थिए, जुन कुराको वर्णन वि.सं. ५२१ को चाँगु अभिलेखमा विष्तृत रूपले गरिएको छ। उनका अन्य अभिलेखहरूबाट उनका बारेमा धेरै कुराहरू जान्न सकिन्छ। जस्तैः उनी वीर र साहसी योद्धाका अतिरिक्त कुशल प्रजापालक शासक, धर्म र कला मर्मज्ञ, वास्तुप्रिय चरित्र, भाषा र

साहित्यका अनुरागी आदि थिए भन्ने देखिन्छ । उनले आफ्नो नामबाट मुद्रा पनि निकालेका थिए, जसलाई मानाङ्क मुद्रा भनिन्छ । आजसम्म प्राप्त ऐतिहासिक प्रमाणअनुसार मानदेव नै नेपालमा टक चलाउने प्रथम राजाका रूपमा देखिन्छन् । उनी धार्मिक सहिष्णु राजा पनि थिए । यसैलै आफू वैष्णव धर्म मान्ने भएतापनि अन्य धर्म प्रति पनि उनको समान आस्था थियो । पशुपति नजिकको विष्णुविक्रान्त मूर्ति, चाँगुको गरुड स्तम्भ, विभिन्न देवालय, शिवालयहरूको निर्माण, बौद्ध विहारहरूको स्थापना आदिबाट उनको कला तथा वास्तुकलाप्रतिको प्रेम स्पष्ट रूपमा झल्किन्छ । उनले मानगृह नामक एउटा भव्य दरबार पनि बनाएका थिए, जसमा बसेर उनीपछिका लिच्छवि शासकहरूले १५० वर्षसम्म राज्य संचालन गरेका थिए । यसबाट राजा मानदेव अनेक गुणले युक्त शासक थिए भन्ने देखिन्छ ।

**सन्दर्भ ग्रन्थ सूची**


आचार्य, बाबुराम, प्राचीनकालको नेपाल, काठमाडौं : श्रीकृष्ण आचार्य, वि.सं. २०६० ।

झा, हितनारायण, दि लिच्छविज (अफ वैशाली), वाराणसी : चोखम्बा संस्कृत सिरिज, ई.सं. १९७० ।

रेग्मी, जगदीशचन्द्र, प्राचीन नेपालको राजनीतिक इतिहास, काठमाडौं : ने.रा.प्र.प्र., वि.सं. २०३५ ।

......., लिच्छवि संस्कृति, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०२६ ।

रेग्मी, डि. आर., एनसिएन्ट नेपाल, कलकत्ता : के.एल. मुखोपाध्याय, ई.सं. १९६५ ।

वज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, काठमाडौं : ने.ए.अ.केन्द्र, त्रि.वि., वि.सं. २०३० ।

शर्मा, बालचन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, बाराणसी : कृष्णकुमारीदेवी, वि.सं. २०४२ ।

शाह, रिषीकेश, एनसिएन्ट एण्ड मिडियभल नेपाल, न्यू दिल्ली : मनोहर पब्लिसर्स, ई.सं. १९९२ ।


*(डा. कायस्थ भक्तपुर बहुमुखी क्याम्पस भक्तपुरका इतिहास विभागका विभागीय प्रमुख हुनुहुन्छ । (Email:balaram.kayastha@gmail.com) मा उहाँसँग सम्पर्क गर्न सक्नुहुन्छ ।)*


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## भक्तपुर नगरपालिका शिक्षा शाखाको सूचना

विश्व सर्वहारा वर्गका महान गुरु एवं दार्शनिक क. कार्ल मार्क्सको द्विशत वार्षिक जन्म जयन्तीको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा हुने नगरस्तरीय 'निबन्ध प्रतियोगिता' (कक्षा ९ र १०) र 'वक्तृत्त्वकला प्रतियोगिता' (कक्षा ११ र १२) मा नगरभित्रका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयबाट प्रत्येक प्रतियोगितामा १ छात्र र १ छात्रा गरी २ जना सहभागी गराई दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. निबन्ध प्रतियोगिता (कक्षा ९ र १० का विद्यार्थीका लागि)**

**विषय :** क. 'वैज्ञानिक समाजवाद आजको आवश्यकता'
ख. 'कला संस्कृति संरक्षणमा भक्तपुर नगरपालिका'

**प्रतियोगिता हुने स्थान** : बासु मा. वि., कालिघाट, भनपा– २

**प्रतियोगिता हुने मिति** : २०७५।०९।०९ गते, सोमबार

**समय** : बिहान ११ बजे

प्रतियोगीले प्रतियोगिता स्थलमा नै निबन्ध लेख्नुपर्नेछ । निबन्ध ५०० शब्दमा नबढाइकन २ घण्टाभित्र लेख्नुपर्नेछ ।

**दर्ता शुल्क** : रु. ५०।– प्रतिविद्यार्थी

प्रत्येक विद्यालयले हरेक विषयमा १/१ जना विद्यार्थीले सहभागिता गराउनुपर्नेछ ।

**नाम दर्ता गर्ने अन्तिम मिति** : २०७५।०९।०५ बिहिबार

**नाम दर्ता गर्ने स्थान** : नगर शिक्षा शाखा, भक्तपुर नगरपालिका, व्यासी, भनपा– २

**२. वक्तृत्त्वकला प्रतियोगिता (कक्षा ११ र १२ का विद्यार्थीका लागि)**

**विषय** : क. 'समाजवादी शिक्षा व्यवस्था : आवश्यकता र महत्त्व'
ख. 'आधुनिक समाज विकासमा मार्क्सवादी दृष्टिकोण'

**प्रतियोगिता हुने स्थान** : भक्तपुर नगरपालिका भवन, व्यासी, भनपा– २

**प्रतियोगिता हुने मिति** : २०७५।०९।१० गते मङ्गलबार

**समय** : बिहान ११ बजे

प्रत्येक सहभागीलाई आफ्नो विचार प्रस्तुत गर्न ५ मिनेटको समय दिइनेछ ।

**दर्ता शुल्क** : रु. ५०।– प्रतिविद्यार्थी

वक्तृत्त्वको विषय छनोट प्रतियोगिता स्थलमा गोलाप्रथाबाट विद्यालयगत रुपमा गरिनेछ ।

**नाम दर्ता गर्ने अन्तिम मिति** : २०७५।०९।०५, बिहीबार

**नाम दर्ता गर्ने स्थान** : नगर शिक्षा शाखा, भक्तपुर नगरपालिका, व्यासी, भनपा– २

**प्रतियोगितासम्बन्धी अन्य जानकारीको लागि नगर शिक्षा शाखामा सम्पर्क राख्नुहोला ।**

**पुनश्चः प्रत्येक विषयमा उत्कृष्ट हुने सहभागीहरुलाई निम्नबमोजिमको पुरस्कारको व्यवस्था गरिनेछ :**

| | |
|---|---|
| **प्रथम पुरस्कार** | : रु ५०००।– नगदसहित पुरस्कार |
| **द्वितीय पुरस्कार** | : रु ३०००।– नगदसहित पुरस्कार |
| **तृतीय पुरस्कार** | : रु २०००।– नगदसहित पुरस्कार |
| **सान्त्वना पुरस्कार** | : रु १०००।– नगदसहित पुरस्कार (दुई जनासम्म) |

**नगर शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**फोन नं. : ०१६६१४४९४**

# मधुमेह (Diabetes)

सुमि खर्बुजा, स्टाफ नर्स

मानवशरीरमा हुने विभिन्न रसायनिक प्रक्रियाहरूका कारण रगतमा लामो समयसम्म चिनी अथवा ग्लुकोजको मात्रा बढी हुने र परिणामस्वरूप धेरै तिर्खा लाग्नु, मुख सुख्खा हुनु, धेरै भोक लाग्नु र तारन्तार पिसाब लागि राख्नु नै मधुमेह हो । रगतमा सुगरको मात्रा बढी भएपछि यो पिसाबबाट निस्किन थाल्छ । नेपालीमा चिनी रोग भनेर चिनिने यो रोगलाई अङ्ग्रेजीमा "Diabetes Mellitus" भनिन्छ जसमा "Mellitus" को अर्थ 'गुलियो' अनि "Diabetes" को अर्थ 'बाहिर निस्कनु' भन्ने बुझिन्छ । समयमै मधुमेहको उपचार गरिएन भने यसले अन्य अङ्गहरू जस्तै आँखा, मुटु, नशा, मृगौला आदि अङ्गहरूमा असर गरेर थप जटिलता निम्त्याउन सक्छ ।

नगरपालिकाको वडा नं. १ मा वैशाख ९ गतेदेखिको तथ्याङ्कअनुसार ९०६ घरधुरीमा ४,६६० जनसङ्ख्या रहेको छ । त्यसमा ११२ महिला र १११ पुरुष गरेर जम्मा २२३ (४.७ प्रतिशत) मधुमेहको समस्या भएर औषधि सेवन गरिरहेको पाइएको छ ।

### मधुमेह कसरी हुन्छ ?

मानव अङ्गमा हरेक अङ्गको आ–आफ्नै विशेषता हुन्छ । त्यसैगरी हाम्रो शरीरमा प्यान्क्रियाज नामक ग्रन्थी रहेको हुन्छ जसले नियमित रूपमा आवश्यकताअनुसार इन्सुलिन उत्पादन गर्ने काम गर्दछ । कारणवश यस ग्रन्थीले पर्याप्त मात्रामा इन्सुलिन उत्पादन गर्न नसके वा उत्पादित भएको इन्सुलिनप्रति शरीरका कोषहरूले राम्रोसँग प्रतिक्रिया जनाउन नसकेमा मधुमेह हुने गर्दछ ।




### मधुमेहका प्रकार

मधुमेहलाई मुख्यतया तीन प्रकारमा बाँडिएको छ ।

१. Type 1 Diabetes **(प्रकार एक)**

- यो समस्या, मानिसको प्यान्क्रियाजले पर्याप्त मात्रामा इन्सुलिन उत्पादन गर्न नसकेको खण्डमा देखिन्छ ।
- ३० वर्ष अगावै देखिने यो मधुमेह कुन कारणले हुनसक्छ भन्ने तथ्य हालसम्म पत्ता लागेको छैन ।

२. Type 2 Diabetes **(प्रकार दुई)**

- यो समस्या, उत्पादन भएको इन्सुलिनप्रति शरीरका कोषहरूले राम्रोसँग प्रतिक्रिया जनाउन नसकेमा उत्पन्न हुन्छ ।
- वंशानुगत गुण, चिन्ताग्रस्त जीवन, अत्याधिक तौल, लागूपदार्थको प्रयोग, उच्च रक्तचाप, अपर्याप्त शारीरिक व्यायाम र बढ्दो उमेर यसको प्रमुख कारणहरू हुन् ।

३. Gestational Diabetes **(गर्भावस्थामा हुने मधुमेह)**

यस्तो मधुमेह गर्भवती महिलामा पहिला कहिल्यै नभएको भए पनि रगतमा चिनीको मात्रा बढेर अचानक देखा पर्दछ र सो समस्या बच्चा भएपछि ठीक हुँदै जान्छ ।

### लक्षण तथा चिन्हहरू

उपचार नगरिएका मधुमेहका रोगीहरूमा देखिने विशेष लक्षणको रूपमा धेरैपटक पिसाब लाग्नु, धेरै तिर्खा लाग्नु र धेरै भोक लाग्ने समस्या देखिन्छ ।

मधुमेहका बिरामीहरूमा विशेष लक्षण नदेखिए तापनि केही अन्य लक्षणहरूले मधुमेह लागेको जनाउन सक्छन् जसमध्ये सामान्यत तौल घट्दै जाने, चाँडै थकित हुनु, आँखा धमिलो हुँदै जानु, घाउ भएको खण्डमा निको हुन अलि बढी समय लाग्नु, योनीमा संक्रमण हुने जस्ता लक्षणहरू देखिन सक्छ ।

### मधुमेहको नियन्त्रण

मधुमेह (चिनी/सुगर रोग) नियन्त्रणमा स्वयम् व्यवस्थापन विधि सबैभन्दा प्रभावकारी विधि हो । त्यसैले बिरामी आफैले मधुमेहसम्बन्धी धेरै भन्दा धेरै कुराहरू सिक्ने र त्यसलाई व्यवहारमा लागू गर्ने कोसिस गर्नुपर्छ । जसमध्ये निम्न कुराहरू पर्दछन्–

#### १. खानपान

मधुमेह रोगको बिरामीले लागुपदार्थ (चुरोट, जाँड, रक्सी) हरू त्यागेर सकेसम्म गुलियो, नुनिलो र चिल्लो कम खानुपर्छ र प्रशस्त मात्रामा पानी, सागसब्जी र तरकारीहरू खानुपर्छ । साथै खानपानको लागि विशेषगरी पोषणविज्ञसँग परामर्श लिएर सन्तुलित भोजन पनि गर्न सकिन्छ ।

#### २. शारीरिक व्यायाम

मधुमेहको बिरामीलाई हरेक दिन कम्तिमा आधा घण्टा चलायमान खालको व्यायाम गर्नुपर्छ । बिरामीले बिहान व्यायाम गर्नुभन्दा अघि हल्का नास्ता खाएर व्यायाम गरे राम्रो हुन्छ ।

#### ३. औषधी सेवन

बिरामीले चिकित्कको सिफारिसबमोजिम औषधि निरन्तररूपमा सेवन गर्नुपर्छ । औषधिमा केही परिर्वतन गरिएमा आफूखुसी नगरी डाक्टरको सल्लाहबमोजिम गर्दा राम्रो हुन्छ ।

#### ४. तनावबाट मुक्ति

धेरै चिन्ता लिने, मनमा अनावश्यक कुराहरू खेलाउने जस्तो बानीले मधुमेहको असर अझ बढाउँछ । तर निकै तनावमा हुनुहुन्छ भने चिकित्सकको सल्लाह लिंदा राम्रो हुन्छ ।

**५. नियमित जाँच तथा परामर्श**

मधुमेहको बिरामी भएको खण्डमा अथवा आफूलाई मधुमेह हुनुको लक्षणहरू देखिएमा नियमित जाँच र परामर्श लिनुपर्छ ।

**मधुमेहका बिरामीहरूले गर्नुपर्ने जाँचहरू**

मधुमेह आफैं एउटा जटिल समस्या हो जसले अन्य जटिलताहरू पनि ल्याउन सक्छ, त्यसकारण अरु जटिलताहरूबाट बच्न मधुमेहका बिरामीहरूले नियमित जाँच गर्नुपर्ने कुराहरू–

**१. रगतमा सुगरको जाँच**

सुगरको जाँच अन्तर्गत चार प्रकारको जाँच हुन्छन्, जुन निम्न उल्लेखित छन्:

- **Fasting**

यसलाई खालीपेटमा गरिने जाँच भनिन्छ । जसमा बिरामी ७–८ घण्टासम्म खालीपेट हुनुपर्छ । यसको औसत मात्रा ६०–११० ञनमिि मानिन्छ ।

- **Post-Prandial(PP)**

खाना खाएको पहलो गाँसदेखि २ घण्टा पछिको सुगर परीक्षणलाई पी पी भनिन्छ । जसको औसत मात्रा ७०–१४० mgldl मानिन्छ ।

- **Random**

जुनैबेला पनि सुगर परीक्षण गरिने यो जाँचको औसत मात्रा ७०–१४० ञनमिि मानिन्छ ।

- **HBMC**

पछिल्लो ३ महिनाको रगतमा सुगरको औषत मात्रा देखाइने यो जाँचले सुगर नियन्त्रण छ कि छैन भन्ने कुरा देखाउँछ । यसको औसत मात्रा ५.६ प्रतिशत रहेको छ । सुगरको बिरामीले यो जाँच वर्षको ३–४ पटकसम्म गर्दा राम्रो मानिन्छ ।

**२. तौलको नियमित जाँच**

**३. रक्तचापको जाँच**

**४. वर्षमा एकचोटि आँखा फुलाएर नानीको जाँच**

**५. मृगौला सम्बन्धी जाँच**

**६. बोसो सम्बन्धी जाँच**

**७. आवश्यकताअनुसार अरू जाँच**

**मधुमेहका जटिलताहरू**

सबै प्रकारका मधुमेहको लामो अवधिका जटिलता हुने जोखिम बढाउँछन् । साधारणतया यस्ता जटिलताहरू धेरै वर्षपछि (१० – २० वर्ष) विकसित हुने गर्दछन् तर रोग लागेर पनि समयमै रोग पहिचान हुन नसकेका रोगीहरूमा जटिलता नै पहिलो लक्षणको रूपमा देखिन्छ । मधुमेहले मुख्य गरी हाम्रो प्रमुख अङ्गहरूमा क्षति पुऱ्याउँछ जसमध्ये हाम्रो आँखा, मुटु, मृगौला, नशा र मस्तिष्कहरू पर्दछन् ।

**मधुमेहका कारण हुने आकस्मिक समस्याहरू**

पहिलो र दोश्रो प्रकारको मधुमेह लागेका प्राय मानिसहरूमा रगतमा चिनीको मात्रा कम हुने समस्या पनि आकस्मिक रूपमा देखिने गर्दछ । यस अवस्थामा बिरामी आत्तिने, अप्ठ्यारो महसुस हुने, धेरै पसिना आउने, शरीर काम्ने, अलमल हुने, मुर्छा पर्ने (सिजर), व्यवहार परिवर्तन हुने तथा कहिलेकाहीं स्थायी रूपमा मस्तिष्कमा क्षति हुने वा मृत्यु हुने जस्ता समस्या पनि देखिन सक्छ । यस अवस्थालाई "Hypoglycemia" भनेर भनिन्छ ।

मन्द खालको मधुमेह लागेको बेलामा रगतमा चिनीको अभाव भएका धेरै गुलिया खानेकुराहरू खाएर वा चिनीको मात्रा बढी भएका पेय पदार्थहरू पियर घरमै उपचार गर्न सकिन्छ । गम्भीर खालको अवस्थामा बिरामी बेहोस हुन सक्ने हुनाले नसाबाट ग्लुकोज दिएर वा हर्मोनको सुई लगाएर उपचार गर्नुपर्छ ।

समग्रममा भन्नु पर्दा, मधुमेह भन्नाले रगतमा चिनीको मात्रा बढ्नु हो जसको कारणले अन्य जटिल समस्या पनि निम्त्याउन सक्छ । तसर्थ, रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम हो । त्यसकारण वर्तमान समयको जटिल समस्या मानिने यस चिनीरोगको निवारणको लागि जनचेतना फैलाउन अत्यावश्यक देखिन्छ ।



जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ

**फइस्यागु छेंगु पुनाचोंम्ह गुखिचा**

गुगुं काले फइस्यागु छेंगु भुना छम्ह गुखिचा फइ गले द्वाहा वना, कुंका चोन । छुं भतिचा लिपा बुँ थुवा द्वाहा वया फइ छम्ह स्याना नएत फइ बठाने ल्यो बले, भाग्यें वं व गुखिचा हे ल्येल । व स्याना स्वयालि, गुखिचा धका सीवं, वं वइत ककुते खिपतं चिना सिमा कचाए एखाया थकल । उगु लेंलं व बले खंपिं मनुष्यतसें वइके छाए फइ सिमाए एखाया धका नेन । 'मखु जिं फतले ला फइस्यागु छेंगु वस्तं पुना चोम्ह जुसानं, गुखिचा हे जोना स्याना एखाया' धका खुसिजुया ख्यायाना व मनुष्य तेत नेंका छोत ।

छ थअ मखुगु खअ छुना जुए मते ।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

### भक्तपुरमा ब्युँत्याइँदै रानीपोखरी, जीर्णोद्धार गर्न एक करोड बजेट

# सेनाको कब्जामा 'जेठो रानीपोखरी'

• लीला श्रेष्ठ, मकर श्रेष्ठ

...काठमाडौंको रानीपोखरी पुनःनिर्माण बखेडा चलिरहेका बेला भक्तपुरमा गुमनाम भइसकेको रानीपोखरीलाई ब्युँताउने प्रयास थालिएको छ। भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र सर्वसाधारण सल्लाघारीको सैनिक इलाकाभित्र रहेको रानीपोखरी संरक्षण गर्न जुर्मुराएका हुन्। 'भक्तपुरमा समेत रानीपोखरी छ भन्ने धेरैलाई थाहा नहुन सक्छ,' प्रमुख सुनिल प्रजापतिले भने, 'काठमाडौंको भन्दा जेठो यो रानीपोखरी संरक्षण गर्न हामी लागिपरेका छौं।'

सैनिक आवासीय महाविद्यालय परिसरको खेल मैदानसँगै रानीपोखरी छ। ठूलो क्षेत्रमा फैलिएको रानीपोखरी परिसर विद्यार्थी, स्थानीयवासी, जनप्रतिनिधि, सेनाको संयुक्त समूहले मंसिर १ गते सरसफाइसमेत गरे। सफाइ गर्दा चतुर्मुखी शिवलिंग, उमामहेश्वर, लक्ष्मी नारायणलगायतका मूर्ति भेटिएका छन्। पोखरी क्षेत्रमा विभिन्न कालखण्डका इँटा फेला परेका छन्। ढुंगामा कुँदिएका विभिन्न कलात्मक आकृति छरिएको देख्न सकिन्छ।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठले ती मूर्ति नेपाल संवत ७५० मा भक्तपुरका राजा जगज्योर्ति मल्लले रानीपोखरी बनाएकै बेला राखेको पाइएको बताए। यो पोखरी काठमाडौंको रानीपोखरी भन्दा पुरानो भएको उनले उल्लेख गरे। प्रमाणका आधारमा **भक्तपुरको रानीपोखरी काठमाडौंको भन्दा ४० वर्ष पुरानो मानिन्छ।** काठमाडौंको रानीपोखरी नेपाल संवत ७९० अर्थात् विसं १७२७ मा प्रताप मल्लले बनाएका हुन्। 'काठमाडौं रानीपोखरीभन्दा भक्तपुरको रानीपोखरी पुरानो देखिन्छ,' इतिहासविद् श्रेष्ठले भने। कान्तिपुरका राजा प्रताप मल्लले भक्तपुर आक्रमण गर्दा पोखरीमा आक्रमण गरेको पाइएको उनले बताए।

'प्रताप मल्ल चाँगु हुँदै भक्तपुरको उत्तरतिरको महाकाली पीठसम्म आक्रमण गर्दै आए। तर भक्तपुरको पर्खालबाट भित्र छिर्न सकेनन्। त्यहाँ मजबुत गढ थियो। उत्तरबाट नसकेपछि भक्तपुरको पश्चिममा रहेको रानीपोखरीबाट आक्रमण गरेका थिए,' श्रेष्ठले भने, 'प्रताप




रानी पोखरीमा दोस्रो पटक सफाइको क्रममा





रानी पोखरीमा फेला परेका केही प्रस्तर मूर्तिहरू (माथि, तल र अर्को पृष्ठमा)

मल्लले सुन्दर पोखरी बिगारे। यहाँका सुन्दर कलाकृति उठाएर हनुमानढोका दरबारमा सजाउन लगे।' भक्तपुरमा लगातार आक्रमण गरेका प्रताप मल्लले पोखरीका कलाकृति लैजानुले आफ्नो सहरमा त्यसपछि रानीपोखरी बनाएको सहजै अनुमान गर्न सकिने श्रेष्ठले बताए। भक्तपुरका भाजु पोखरी, सिद्धपोखरी, रानीपोखरी देखेपछि प्रताप मल्लले आफ्नो दरबारको पूर्वमा रानीपोखरी बनाएको उनको दाबी छ।

पूर्वमध्यकालमै नेपाल संवत २३९ मा तत्कालीन युवराज इन्द्रदेवले बनाउन लगाएको सिद्धपोखरी र नेपाल संवत २८९ मा राजा रुद्रदेवको पालामा राति गोप्य रूपमा बनाइएको गुह्यपोखरी (नःपुखु) पनि भक्तपुर नगरपालिका १ मा छ। त्यस्तै १६ औं शताब्दीमा बनेको भाजुपोखरी भक्तपुरको दूधपाटीमा छ। यी सबै पोखरी बनेको धेरैपछि मात्र काठमाडौंको रानीपोखरी बनेको पाइएको श्रेष्ठले बताए।

आक्रमणबाट भताभुङ्ग भएको रानीपोखरीलाई ललितपुर र काठमाडौंका राजालाई पनि बोलाएर जीर्णोद्धार गरिएको इतिहास रहेको उनले बताए। जगज्योर्ति मल्लले नगरको शोभा बढाउन, राज्यको प्रतिष्ठा कायम राख्न, संस्कृति जीवन्त बनाउन र जलभण्डारण गर्न पोखरी बनाएको उनले बताए।



पोखरी बनाउनुमा राजनीतिक र कूटनीतिक कारणसमेत पाइएको उनको भनाइ छ। भक्तपुर प्रवेश गर्दा होस् वा बाहिरिँदा यही पोखरी हुँदै जानुपर्छ। 'त्यतिबेला तीनवटै मल्ल राजा र कूटनीतिक व्यक्ति भेट गर्नुपरेमा रानीपोखरीमा भेट गर्ने चलन थियो,' इतिहासविद् श्रेष्ठले भने, 'त्यसैले यो पोखरी राजनीतिक, कूटनीतिक, धार्मिक, सांस्कृतिक रूपमा महत्त्वपूर्ण छ।'

त्यसबेला पोखरीसम्म पुग्न र भित्र छिर्न बनाइएको ढुंगाका सिँढी अझै छन्। त्यस्तै पोखरी छेउमै पाटीसमेत छ। पोखरीको डिलमा पनि पाटी रहेको अनुमान छ। बनाउन प्रयोग गरिने इँटा भेटाइएको आधारमा पाटी भएको अनुमान गरिएको हो। पोखरीसँगै ढुङ्गे धारासमेत रहेको हुनसक्ने अनुमान छ। धारामाथि राखिने ढुंगाका कलाकृति पोखरी छेउमै भेटिएका छन्। पोखरीको दक्षिण दिशाबाहेक चारैतिर प्रशस्त दिगु द्यो (देवता) छन्। अक्षय तृतीयाका दिन भक्तपुरका स्थानीयवासी सिद्धपोखरी र रानीपोखरीमा भेला भएर देवाली मनाउने गर्छन्। सेनाले स्थानीय देवाली पूजाबाहेक अन्य समयमा सर्वसाधारणलाई पोखरी प्रवेशमा रोक लगाएको छ।




उपत्यकामा सीमित स्थानमा मात्रै चमेरो भेटिन्छन्। पोखरी सर्वसाधारणलाई खुला गर्दा सुरक्षा खतरासमेत केही छैन। पोखरीको पश्चिमतर्फ सेनाले कलेज चलाएको छ भने उत्तर पूर्वमा खेल मैदान छ। सल्लाघारी हुँदै दूधपाटी जाने मूल बाटोसँगै जोडिएको पोखरीको बाहिरी भागमा वरिपरि पर्खाल लगाएर सेनाको क्षेत्रमा सर्वसाधारण जान नसक्ने गरी खुला गर्नुपर्ने स्थानीयको माग छ।

## मौलिक शैलीमा पुन:निर्माण गरिने

चर्चामा नरहेको भक्तपुरको ऐतिहासिक रानीपोखरीलाई प्राप्त प्रमाणका आधारमा मौलिक शैलीमा पुन:निर्माण गरिने भएको छ। नगरपालिकाको नियमित कार्यक्रमअन्तर्गत सरसफाइ गर्दै नगर प्रमुख प्रजापतिले मौलिक शैलीमा पुन:निर्माण गर्न पुरातत्त्वविद्, इतिहासविद्हरूसँग छलफल र अन्तरक्रिया भइरहेको जानकारी दिएका हुन्। इतिहास तथा स्वरूपबारे अध्ययन अनुसन्धान र डिजाइनको काम भइरहेको समेत उनले जानकारी दिए।

संरक्षण अभावमा अलपत्र परेको **पुतली बगैंचासहितको रानीपोखरी संरक्षणका** लागि प्रदेश सरकारले बजेट विनियोजन गरेको प्रजापतिले जनाए।

भक्तपुर नगरपालिका-१, सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालयको हाताभित्र रहेको रानीपोखरी संरक्षण अभावमा कुरूप बन्दै गएको छ। २०४० मा सैन्य तालिम केन्द्रका लागि सरकारले पोखरी आसपासका सार्वजनिक र सर्वसाधारणको जग्गासमेत अधिग्रहण गरेको थियो। पुतली बगैंचासहित करिब ३२ रोपनी क्षेत्रफलमा फैलिएको छ।

भक्तपुरका प्रजापति, जोन्छे, धौभडेल, अवाल, मानन्धरलगायत समुदायको दिगु द्यो (कुलदेवता) पूजा गरी देवाली मनाउने स्थानसमेत रानीपोखरी क्षेत्र हो। सेनाको हातामा रहेको रानीपोखरी कुलदेवताका लागि मात्र वर्षमा एक दिन खुल्ने गरेको नगरपालिकाले जनाएको छ। नगरभित्रका पोखरीमध्ये सबभन्दा सुन्दर भएकै कारण रानीपोखरी नामकरण भएको मानिन्छ। प्रताप मल्लले आक्रमण गर्दा क्षति पुगेको पोखरीको नेपाल संवत ७९८ मा जितामित्र मल्लले जीर्णोद्धार गरेपछि **'न्हु पुखु'** नामले पनि यो पोखरी चिनिन थालेको श्रेष्ठले बताए।

## पोखरी जीर्णोद्धार गर्न एक करोड बजेट

इतिहास बोकेको रानीपोखरी संरक्षण गर्न प्रदेश ३ सरकारले यस वर्ष एक करोड बजेट विनियोजन गरेको छ। सात वर्षअघि कान्तिपुरले खिचेको तस्बिरमा पानीले भरिएको पोखरीको संरक्षण नहुँदा अहिले झारले ढपक्कै ढाकेको छ। पोखरीको बीच भागमा मात्रै पानी देखिन्छ। यो पानी कसैले हालेको होइन, प्राकृतिक रूपमा जम्मा भएको हो।

नगरपालिकाले २०७५ मंसिर १ गते गरेको सरसफाइका क्रममा पनि पोखरीको डिलको मात्रै घाँस काटेर सफाइ गरिएको छ। 'पोखरीको सफाइ र जीर्णोद्धार गर्न प्रदेश सरकारले बजेट छुट्याइसकेको छ,' प्रमुख प्रजापतिले भने, 'अब पुरानै रूपमा फर्काउँछौं।' पोखरी नगरपालिकालाई हस्तान्तरण गर्न आग्रह गर्दै नगरपालिकाले रक्षा मन्त्रालयलाई पत्राचार गरिसकेको छ। पोखरी खुला गरिए सर्वसाधारणले पोखरी वरिपरिका रूखमा सधैं बस्ने चमेरोका झुन्डसमेत देख्न पाउने छन्।

*(पुनश्च : रानीपोखरीलगायत पुरातात्त्विक महत्त्वका स्थान जीर्णोद्धार र सर्वसाधारणका लागि खुला हुनुपर्ने भन्दै भक्तपुर नगरपालिकाले सेनालाई पत्र लेखेको सम्बन्धमा 'नगर पालिकाको पत्र आएको हो,' नेपाली सेनाका प्रवक्ता गोकुल भण्डारीले भने, 'पोखरी सैनिक परिसरभित्र पर्छ, त्यसलाई खुला गर्दा उपयुक्त हुन्छ/हुँदैन भनेर छलफल थालेका छौं।' यस विषयमा सेनाले छिट्टै उपयुक्त निर्णय गर्ने उनले बताए भनी कान्तिपुर दैनिकमा समाचार आएको छ।)*

*(कान्तिपुर, २०७५ मंसिर २)*

# सिद्धपोखरीको पुन:जीवन-थप जानकारी

श्यामसुन्दर

'भक्तपुर' मासिक पत्रिका एक संग्रहनीय दस्तावेज हो। यसमा प्रकाशित हुने हरेक लेख रचना नयाँ पुस्ताको निम्ति ऐतिहासिक खुराक बन्नेछ। निरंकुश पंचायती व्यवस्थाको समयमा 'पंचायत' नामबाट प्रकाशित यस मासिकले जनतालाई देश विदेशको राजनीतिक, सामाजिक र आर्थिक परिस्थितिबारे सु-सूचित गर्ने र विभिन्न समाजवादी राजनैतिक व्यक्तित्वहरूको जीवनी प्रकाशित गरेर जनतालाई सचेत गर्दै आएकोमा दुविधा रहेन। २०४६ सालको जनआन्दोलन पश्चात 'भक्तपुर' नामबाट प्रकाशित यस पत्रिका २६० अङ्कसम्म निरन्तर प्रकाशित भएकोमा भक्तपुर नगरपालिकालाई हार्दिक धन्यवाद प्रकट गर्दछु। म यस पत्रिकाको नियमित अध्ययन गर्ने पाठक हुँ। अध्ययन गर्दै जाने क्रममा असोज महिनामा प्रकाशित २६० अङ्कको '३०० वर्ष पुरानो पोखरी ब्युँतायो भक्तपुरले' भन्ने सेतोपाटी अनलाइनबाट साभार गरिएको सविना श्रेष्ठको लेखमा मेरो ध्यान आकर्षित भयो। लेखको निम्ति सर्वप्रथम लेखिकाप्रति आभार व्यक्त गर्दछु। उक्त लेखमा मैले विशेष गरी सिद्धपोखरी सम्बन्धमा कुनै भ्रम सिर्जना नहोस् भनी थप जानकारी दिनुपर्ने अनुभव गर्दछु।

सिद्धपोखरी आजभन्दा ३० वर्ष अगाडि घाँसे मैदानमा परिणत भएको थियो। जुन समय पंचायत व्यवस्थाको अन्त र प्रजातन्त्र स्थापना भई स्थानीय निकायको निर्वाचन सम्पन भैसकेको थियो। लेखमा उल्लेख भएअनुसार घाँसे मैदानमा परिणत भैसकेको पोखरीलाई पुन:जीवित बनाउन विश्व बैंकले होइन यू.एन.डी.पी.को आर्थिक सहयोगमा सम्भाव्यता अध्ययन भएको थियो। मानिसहरू आवतजावत गर्न डरलाग्दो स्थितिमा पुगेको उक्त पोखरीको अध्ययनको लागि रु.२,००,०००।- (दुई लाख रुपैयामात्र) छुट्याई यो सम्भाव्यता अध्ययनमा रु. १,८०,०००।- खर्च भई रु. २० हजार बाँकी रकमसहित तत्कालीन भक्तपुर नगरपालिकामा १ करोड ५० लाखको लागत इष्टिमेटका साथ ३५ बुँदे प्रतिवेदन बुझाइएको थियो। तत्पश्चात तत्कालीन नगर प्रमुख ज्ञानबहादुर न्याइच्याईको संयोजकत्वमा ११ सदस्यीय पुनर्निर्माण समिति गठन गरी यू.एन.डी.पी.को २० हजार र नगरपालिकाको ३० हजार गरी जम्मा रु. ५०,०००।- (पचास हजार रुपैयाँमात्र) को खर्चमा पेटीको घाँस पन्छाउने काम भएको थियो। पोखरी भित्रको घाँस सफा गर्न काभ्रे जिल्ला पाँचखाल निवासी भूतपूर्व सैनिक यमबहादुर लामा सरिक भएका थिए। उनको साहसिक र नियमित कार्यबाट पोखरीको घाँस सफा गर्न सफल भएको थियो भने पोखरीमा रहेका डरलाग्दा विभिन्न प्रकारका सर्पलाई समात्ने काममा भ.न.पा. १ साविक १७ का अर्जुन आचार्यले अहम् भूमिका खेलेका थिए।



मानौ उहाँ एक प्रकारले सर्पपालक जस्तै थिए। त्यसैगरी पोखरीलाई पुन:जीवित बनाउन योगदान गर्ने अर्को एक व्यक्तित्व जगत आचार्य हुन् जसले सिद्धपोखरीको पानी चुहावतलाई रोक्न महत्त्वपूर्ण भूमिका निभाएका थिए। जुन कुरा लेखमा छुटाउँदा वहाँहरूलाई अन्याय होला भन्ने चिन्ताछ। साथै पोखरी सफा गरिसकेपछि पोखरीमा पानी भर्ने काम दोश्रो चरणको हो। लेखमा ५९ दिन लगाएर पानी भरेको भन्ने कुरा यथार्थ होइन। भक्तपुर योङ्ग सर्कलको सकृयतामा २०५३ श्रावणदेखि असोजसम्म डेढ किमी (१५०० मी.) टाढा खासाङ्ग खुसुङ्ग खोला (बहदिप) बाट ठूल्ठूला तीन वटा पानी तान्ने पम्पको सहायताले ७४ दिन निरन्तर पानी भर्ने काम भएको थियो। जुन कामको निम्ति क्लबले दैनिक १०-१५ जनाको १० वटा समूह बनाई हजारौंजनाको श्रम लगानी भएको कुरा उल्लेख नहुँदा भक्तपुर योङ्ग सर्कलबारे लेखिका अनभिज्ञ भएको मानिनेछ। निरन्तर ७४ दिन पानी भर्ने काम सम्पन्न गरी भक्तपुर योङ्ग सर्कलले लगातार ३ वर्षसम्म सिद्धपोखरीमा इन्द्रजात्राको दिन दीपावली र सम्हेबजीसमेतको व्यवस्था गरिएको थियो जुन आजकल परम्परा जस्तै बनिसकेको छ। दीपावली लगत्तै भक्तपुर नगरपालिकाले सो पोखरीमा कमन, सिल्भर, ब्रिगेर र ग्रासकार्भजस्ता ७५० माछाका भूरा छोडेर पोखरीमा आन्तरिक पर्यटक भित्र्याउने काम गरेको थियो। समय परिवर्तनसँगै पोखरीमा दैनिक रूपमा बिहान बेलुका मानिसहरू आवतजावत गर्ने वृद्धि भयो। सो यथार्थलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले २०६१ सालमा पोखरीको पेटी पुनर्निर्माणको कार्य गर्नको लागि कृष्णबहादुर दुगुजुको अध्यक्षतामा उपभोक्ता समिति गठन गरियो भने ३४ लाखको लागत इष्टिमेट भएकोमा जम्मा २९ लाखमा कार्य सम्पन्न भई सिद्धपोखरी हालको अवस्थामा कायम भएको हो। जहाँ दैनिकजसो आन्तरिक र बाह्य पर्यटकहरूको घुइँचो लाग्ने गरेको छ।

ऐतिहासिक सिद्धपोखरीमा अहिले केही सुधार गर्नुपर्ने जनगुनासो छ। जहाँ हजारौ मानिसको आवतजावत हुन्छ त्यहाँ सार्वजनिक शौचालयको अभाव खट्किएको छ। सिद्धपोखरीको क्षेत्रफलसहितको ऐतिहासिक परिचय खुल्ने बोर्डको व्यवस्था गर्न सके सिद्धपोखरीबारेमा सबैलाई जानकार बनाउन सकिनेछ। सिद्धपोखरीमा अव्यवस्थित रूपमा बाँस तेर्स्याएर पानीको फोहरा चलाउनुभन्दा आधुनिक रूपमा फाउन्टेन चलाउनु पर्ने, सुविधा सम्पन्न सुरक्षित खालको डुंगाको व्यवस्था गर्न सके अझ प्रभावकारी हुनेछ। साथै विगत वर्षको अनुपातमा यो वर्ष पानीको सतह नबढ्नुले चुहावत भएको आशंका गरिएको छ भने वृद्धवृद्धाको निम्ति बाटो असजिलो भएकोले सुधार गर्नुपर्ने तथा पोखरी उत्तरपट्टीको गुहेश्वरी मन्दिरसँगैको जीर्ण पाटी पुनर्निर्माण नहुँदा सिद्धपोखरी र भक्तपुर नगरपालिकालाई गिज्याइरहेको छ भने पोखरीमा काम गर्ने बगैंचेलाई तालिमको व्यवस्था गरी त्यहाँको वातावरण सुधार गर्न पहल गर्नुपर्ने देखिन्छ।

**तपाईंको भान्छा**

# लसुनले लखेट्छ यी रोग

धेरैले लसुनलाई खाना स्वादिस्ट बनाउने मसला ठान्छन्। यसको उपादेयता यति मात्रै ठान्नु लसुनप्रतिको ठूलो अन्याय हो। मानव स्वास्थ्यका लागि धेरै लाभदायी गुण हुन्छन् लसुनसँग। कति प्रकारका रोग-ब्याधि लसुनले ढिम्किनै दिँदैन, कतिलाई लखेट्छ। लसुनमा एलिएम नामको एन्टिबायोटिक हुन्छ। जसले प्राकृतिक एन्टिबायोटिकका रूपमा काम गरिरहेको हुन्छ। स्वास्थ्यका लागि फाइदा गर्ने भएकैले विश्वका हरेक ठाउँमा यसको प्रयोग जरुरी ठानिएको हो।

एसिडिटीको समस्यामा यसको प्रयोग असाध्यै लाभदायी मानिन्छ ।

लसुनले उच्च रक्तचाप कन्ट्रोल गर्न मद्दत गर्छ। यसले रगत प्रसारणमा नियन्त्रण गरेर कतिपय अवस्थामा मुटुका रोग लाग्नबाट समेत जोगाउँछ।

पेटका रोग जस्तै डाइरियाका लागि यसको प्रयोग असाध्यै प्रभावकारी ठानिएको छ। त्यसैगरी पाचन प्रक्रियालाई यसले सघाउँछ। आत्तिने वा तनावबाट सिर्जना हुने एसिडिटी कन्ट्रोल गर्न पनि काम आउँछ।

लसुनमा रहेको डिटक्सिफिकेसन गुणका कारण विश्वमै वैकल्पिक चिकित्सामा यसलाई सबभन्दा राम्रो खाद्य सामग्री मानिएको हो। यो यति शक्तिशाली हुन्छ, कतिपय परजीविलाई शरीरभित्रै सिध्याइदिन्छ। मधुमेह र कति प्रकारका क्यान्सरसमेत निको गर्न यसले मद्दत गर्छ।

लसुन श्वासप्रश्वास प्रणालीका लागि पनि राम्रो हुन्छ। यसले टिबी, दम, निमोनिया, रुघालगायतका रोगको रोकथाम गर्न सक्छ।

टीबी रोगको समस्या भएकाहरूले बिहानै खाली पेटमा यसको प्रयोग गर्नु उपयुक्त हुन्छ।

दाँतको दुखाइमा पनि यसको प्रयोग गुणकारी हुन्छ।

'स्वास्थ्य खबरपत्रिका' बाट

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# zx/L xl/ofnL / Joj:yfkg



सबिन ख्याजू

## पृष्ठभूमि

संसारको झन्डै आधा जनसङ्ख्या शहरमा बसोबास गर्छन्, र यो बढ्ने क्रममा छ। संयुक्त राष्ट्र संघको तथ्याङ्कअनुसार सन् १९९० मा विकासशील देशहरूमा ३७ प्रतिशत जनसङ्ख्या शहरमा बसोबास गर्थे भने सन् २०२५ सम्ममा ६१ प्रतिशत पुग्ने अनुमान गरिएको छ। गाउँबाट शहरमा बसाईसराई हुनुमा जनसङ्ख्या वृद्धि, राम्रो स्वास्थ्य व्यवस्था, घट्दो मृत्यु दर, औद्योगिकीकरण, शहरमा अवसरको सम्भावना वृद्धि मानसिकता र ग्रामीण क्षेत्रमा हुने राजनैतिक तथा सामाजिक समस्याहरू आदिलाई प्रमुख कारक मानिन्छ।

विश्व स्वास्थ्य संगठन (WHO) ले शहरमा बस्ने नागरिकको लागि न्यूनतम ९ वर्ग मिटर हरियाली क्षेत्र प्रति व्यक्ति चाहिने मापदण्ड कायम गरेको छ। यसले विकसित देशहरूमा शहरी क्षेत्रमा हरियाली भूभागको आवश्यकता र व्यवस्थापनबारे धेरै अनुसन्धान भएको अनुमान गर्न सकिन्छ।

आधुनिक विश्वमा शहरी हरियालीलाई शहरको दीगो विकाससँग गाँसेको छ। यसले व्यवसायिक रूप धारण गरेको छ। मानव सभ्यताको शुरुवातीदेखि नै हरियाली क्षेत्र अमूल्य पाटोको रूपमा लिइन्छ। वायुमण्डलको तापक्रम वृद्धि (Global Warming) सँगै यो विषय संसारमै तातो विषय बनेको हो। जलवायु परिवर्तन (Climate Change) ले समुन्द्री हिउँ (Iceberg), हिमालय, ध्रुवीय हिउँहरू पग्लिन थालेसँगै समुन्द्री तटीय भूभागहरू डुवानमा पर्ने समस्याहरू उब्जेका छन्। सो क्षेत्रका ठूलो मात्रामा भौतिक संरचनाहरू ध्वस्त भए। तापक्रम वृद्धिले मानव अस्तित्व नै संकटमा पार्न सक्ने वैज्ञानिकहरूको निचोडले विश्वका नेताहरू यसमा चनाखो हुन थालेको सत्य हो।

हरियाली वातावरण मानव जीवनको लागि अत्यावश्यक पक्ष हो। पौराणिककालदेखि नै केही बोटबिरुवाहरू (उदाहरणः तुलसी, वर-पिपल, फुलहरू) घरको आँगन वा चौतारीहरूमा रोप्ने चलन छ। शहरी हरियाली प्रकृति, वातावरण, सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, कानूनीलगायत विषयसँग गाँजिएको विषय हो। विकसित देशहरूको तथ्य हेर्दा यसले शहरी जीवनशैली माथि उठेको संकेत गर्दछ। जैविक विविधताको संरक्षण, हावा र पानीको गुणस्तर सुधार गर्न हरियाली क्षेत्र जरुरी हुन्छ। आकर्षक र स्वच्छ शहरी वातावरण, सुरक्षित यातायात र आगलागीबाट जोगाउन शहरमा यसको महत्त्व निकै धेरै छन्। शहरका भित्ताहरू, भवनका छतहरू, सडकका पेटीहरूमा हरियाली बढाउने कार्य नयाँ प्रविधिको रूपमा उदीयमान भएको हो।

शहरमा बस्तीको योजना बनाउने बेलामा हरियाली क्षेत्र व्यवस्थापनमा ध्यान दिनु पर्दछ। जसरी बस्ती यँजनामा इन्जिनियर, यातायातविज्ञ, व्यापारी, स्थानीय समुदायसँग सल्लाहमा योजना बनाइन्छ त्यसरी नै हरियाली क्षेत्रको योजना बनाउँदा कृषिविज्ञहरू समावेश गरिन्छ। जापानको टोक्योमा सम्पन्न ओलम्पिक र प्याराओलम्पिक खेल-ट्वान्टी ट्वान्टीमा दर्शक र प्रतियोगीहरूलाई गर्मीको चर्को घामबाट जोगाउन नगरको सडकको वरपर रोपिएका रुखहरूको व्यवस्थित काँटछाँट गरिएको थियो।

शहरको हरियाली रुख र बगैंचा मात्र होइन, बरु शहरलाई दीगो बनाउने एक उत्तम उपाय पनि हो। बिरुवाले जैविक विविधता, कार्वन व्यवस्थापन (Carbon sequestration) र शहरको तातोपनाको असर घटाउँछ। बिरुवाले हावालाई चिसो बनाउने, अक्सिजन प्रदान गर्ने, हानिकारक ग्यास तथा धूलोहरू हटाउने र हावामा चिस्यान कायम गर्न मद्दत गर्दछ। बिरुवाले मानव स्वास्थ्य राम्रो बनाउन, विद्यालय र कार्यालयहरूको उत्पादकत्व बढाउन, रोगबाट मुक्त गराउन र चनाखो बनाउनमा सहयोग गर्छ। शहरमा अत्यधिक यातायात, निर्माणलगायतका कार्यले धूलो-धुवाँ बढाउनु स्वभाविक हो। धूलो-धुवाँको मात्रा न्यूनीकरण गर्न बोटबिरुवाहरूले महत्त्वपूर्ण कार्य गर्दछ।

## सार्वजनिक सम्पत्ति

हरियाली क्षेत्र शहरको सार्वजनिक सम्पत्ति हो। हरियालीले शहरलाई आकर्षक बनाउँछ। एक अध्ययनअनुसार हरियालीले गर्दा प्रयोगशालाको काममा १२ देखि १५ प्रतिशतसम्म उत्पादकत्व बढेको देखाएको छ। बगैंचाले जिउन, काम गर्न र खेल्नको लागि आनन्ददायी वातावरण उपलब्ध गराउँछ। मानिसहरू हरियाली भएका स्थानहरूमा घुम्न रुचाउँछन्। अस्पताल, कार्यालय, निवास र बन्दीगृहहरूमा बिरुवाले सकारात्मक प्रभाव पारेको धेरै प्रतिवेदनहरू पाउन सकिन्छ।

## बोटबिरुवाको महत्त्व

♦हावा र पानीको गुणस्तर सुधार गर्न : हरित गृह ग्यास

(Green-house gases) हरूले वायुमण्डलको तापक्रम बढाउँछ। यी ग्यासहरूले ओजन तहमा प्वाल पारेको वैज्ञानिकहरूले धेरै पहिले नै पत्ता लगाएका थिए। हरित गृह ग्यासहरूमा कार्वनडायअक्साइड पनि पर्दछ। यो ग्यास बोटबिरुवाले स्वासप्रस्वासमा प्रयोग गर्ने भएकोले हावामा यसको मात्रा घट्दछ।

- भू-क्षय र बाढी नियन्त्रण : केही शहरहरूमा बाढीको समस्याबाट हुने क्षति न्यूनीकरण गर्दछ।
- जमिनमा पानीको संचय बढाउन : प्राय दुई थरीका बोटबिरुवाहरू पाइन्छन्: पानी निल्ने र पानी ओकल्ने। बिरुवाको छनौट गर्दा पानी स्थानको आवश्यकता र अवस्था हेर्नुपर्छ। मसलाको रुख (Eucalyptus) संसारमा सबैभन्दा बढी पानी निल्नेमा पर्दछ।
- वायु प्रदुषण न्यूनीकरण गर्न : धेरै जसो बिरुवाहरूले हावामा भएका धूलोहरू घटाउने गर्छ।
- ध्वनि प्रदुषण न्यूनीकरण गर्न : औद्योगिक क्षेत्र, यातायातको चाप, सार्वजनिक क्षेत्रहरू रहेका बस्तीहरू ध्वनि प्रदुषणबाट प्रभावित हुने गरेको हुन्छन्। बालबालिकाको अध्ययनमा, कार्यालयका कर्मचारीहरूको काममा, अस्पतालका विरामीहरूमा ध्वनिले नकारात्मक असर पुऱ्याउँछ। बोटबिरुवाले ध्वनिलाई कम गर्ने कार्य गर्दछ। बोटबिरुवाले ध्वनि न्यूनीकरण ५ तरिकाले गर्दछः ध्वनि शोसेर (Absorption), ध्वनि परिमार्जन गरेर (Transformation), ध्वनि फर्काएर (Reflection), ध्वनि ढाकेर (Masking) र ध्वनि निष्कृय (Refraction) बनाएर।
- प्रदूषित पानी सुधार गर्न : हरेक शहरी क्षेत्रमा ढल निकास व्यवस्थापन स्थायी तथा प्रमुख चुनौति हो। सो फोहोरलाई शुद्धीकरण गर्न उपचार पोखरी (Treatment pond) को अवधारणाले राम्रो कार्य गरेको छ। यसबाट मल उत्पादन गरेर आर्थिक फाइदाका साथै उपचार गरिएको पानी पुनःखोलामा मिसाउँदा दोहोरो लाभ हुने भएकाले यसलाई निरन्तरता दिनु राम्रो हुन्छ।
- जंगली पशुपंक्षीको वासस्थान संरक्षण गर्न : शहरको हरियाली क्षेत्र थुप्रै चराचुरुङ्गी र जनावरको लागि वासस्थान हो। जैविक विविधता संरक्षणमा यसले मद्दत गर्दछ।
- स्वस्थ जीवनः वायु, जल र ध्वनि प्रदुषण न्यूनीकरणले मानव स्वास्थ्यमा सकारात्मक नतिजा ल्याउँछ। रोग उपचारको खर्च हुनबाट जोगिन्छ।
- रोजगारीको सिर्जना हुने : हरियाली क्षेत्रहरूको उचित व्यवस्थापनमा रोप्ने, सार्ने, रोगी तथा अनावश्यक हाँगा काँटछाँट, फल टिप्ने, सिंचाई, रोग निराकरण आदि पर्दछन्। यी सबै कार्यको लागि धेरै मात्रामा जनशक्ति आवश्यक हुन्छ। बोटानिकल बगैंचा (Botanical Garden), मनोरञ्जन पार्कलगायतमा पनि सीप भएका मानव संशाधन जरुरी हुन्छ। यसरी शहरमा रोजगारीको सिर्जना हुन्छ।
- मनोरञ्जन क्षेत्रको विस्तार हुने : मानिसहरू शहरी बेफुर्सदी दैनिक कार्यबाट केही समय विश्राम लिन चाहन्छन्। दिनभरिको दौडधुप सकाएर एक समय आरामको लागि खुल्ला, हरियाली स्थानहरूमा भुल्न बगैंचा, मनोरञ्जन पार्क, शहरी जंगललगायत ठाउँहरूतिर लाग्छन्। मानिसको आवश्यकतालाई ध्यानमा राखी सरकार, स्थानीय निकायहरूले यस्ता बगैंचाहरू निर्माण गर्नु जिम्मेवारी हो।
- शैक्षिक गतिविधिको लागि अवसरः विद्यालय र विश्वविद्यालयका विद्यार्थीहरूको पाठ्यक्रम तथा अतिरिक्त गतिविधिहरूमा यो विषय पर्दछ। सो विषयमा व्यवहारिक शिक्षाको लागि भ्रमण र अवलोकन आवश्यक हुने हुँदा विभिन्न स्थानहरूमा हरियाली क्षेत्र निर्माण गर्नु पर्दछ। यसको उपलब्धता अनुसन्धानमा लाग्ने विद्यार्थीहरूको निम्ति त झन् महत्त्वपूर्ण हुन्छ।
- शहरको सौन्दर्यतामा वृद्धि : मानिस सामाजिक मात्र नभई प्रकृतिप्रेमी पनि हो। कंक्रिटको शहरमा हरियाली थपिंदा सौन्दर्यता बढ्छ।

## हरियाली क्षेत्र विस्तार

शहरमा हरियाली बढाउन घरका छतहरू, भित्ताहरू, सडकका किनाराहरू, पर्ती जग्गाहरू आदिलाई उपयोगमा ल्याउन सकिन्छ। जग्गाको क्षमता र सम्भाव्यताको अध्ययन गरी हरियाली क्षेत्रको योजना बनाउनु पर्ने हुन्छ। बिरुवाको प्राकृतिक विशेषताअनुसार व्यवहार गर्नु पर्दछ। रोप्ने समय, मलजल व्यवस्थापन, काँटछाँट आदि कार्यहरू बिरुवा बिरुवाबीच भिन्न हुन्छ। एकबर्षे र बहुबर्षीय गरी दुई किसिमका बिरुवाहरू हुने भएकाले हेरचाह निकै फरक हुन्छन्।

सबै प्रकारका भवनहरूमा : हावाको स्वच्छता प्रदान गर्ने, तनाव कम गर्ने र सहजपन बढाउने, सौन्दर्य वातावरण सिर्जना, एकाग्रता र उत्पादकत्व वृद्धि गर्न, घरको मूल्य बढाउन आदि।

शपिङ तथा व्यापारिक केन्द्र : व्यवसायिक सफलताको निम्ति आवश्यक, ग्राहकहरू लामो अवधि बस्न रुचाउने, बढी मूल्यमा गाडी पार्किङ र वस्तु किन्न रुचाउने। मनोरञ्जनको लागि हरियाली क्षेत्र एक प्रमुख पक्ष रहँदै आएको छ। बालबालिका, युवा, वृद्ध सबैको निम्ति हरियाली वातावरण चाहिन्छ।

कार्यालय : कर्मचारीहरूमा टाउको दुख्ने समस्या घटाउन, उत्पादकत्वमा वृद्धि, एकाग्रतामा वृद्धि।

विद्यालय/क्याम्पस : एकाग्रतामा, मनोभावना सुधार,

मनोवैज्ञानिक तथा व्यवहारिक समस्यामा कमी ।

हरियालीलाई सार्वजनिक सम्पत्तिको रूपमा शहरी बासिन्दालाई न्यायोचित रूपमा पहुँच हुने गरी व्यवस्थापन गर्नुपर्दछ । थोरै बजेट हुने बेला पनि यसको व्यवस्थापन गर्न सकिन्छ ।

स्थानीय निकायहरूले शहरलाई हरियाली बनाउन वा बनाइराख्न मानव स्रोतसाधन, आवश्यक सामग्रीहरू, तालिम आदिको आवश्यकता पर्दछ । हरियाली क्षेत्र विकासका लागि सडकको छेउ, पर्ती जग्गा, धार्मिक स्थान जस्तै मन्दिर, खेर जाने क्षेत्र, हरियाली बगैंचा स्थानहरूको लेखाजोखा चाहिन्छ ।

यसका साथै, सामान्यतया, १० मिनेट भनेको ४५० मिटर बाटो हिंडाई हो । हरियाली क्षेत्रको निर्माण गर्दा डुल्ने लम्बाईको ध्यान दिनु राम्रो हुन्छ । बगैंचाहरूमा विभिन्न आकार प्रकार बनाई लम्बाई बढाउने गरिन्छ ।

वातावरणीय जनचेतनामूलक कार्यक्रमहरू विद्यालय, घर, कारखानालगायतका ठाउँहरूमा संचालन गर्नु उत्तम उपाय मानिन्छ ।

## चुनौतिहरू

- संस्थागत चुनौति (Institutional challenge)
- आर्थिक चुनौति (Financial challenge)
- प्राविधिक चुनौति (Technical challenge)
- जग्गा जमिन व्यवस्थापन चुनौति (Land management challenge)
- स्थानीय जनसहभागिता (Participatory challenge)
- पर्यावरणीय चुनौति (Environmental challenge)
- नीतिगत चुनौति (Policy challenge)

## निष्कर्ष

- शहरको योजना निर्माण गर्दा हरियाली क्षेत्रको अत्यावश्यक पाटोलाई पनि मध्यनजर गरिनु पर्दछ ।
- बोटबिरुवा छनौट गर्दा मौसम, जात, उचाईलगायतका बारेमा ध्यान दिनुपर्दछ ।
- अव्यवस्थित तरिकाले रोपिएका बोटबिरुवामध्ये जरा फैलन ठाउँको अभावका कारण जरालाई चाहिने अक्सिजन र पानीको मात्रामा कमि आउने र बोटबिरुवा अस्वस्थ भई मर्ने समस्या हुन्छ ।
- बिरुवाहरूको राम्रो हेरविचार गर्नु पर्दछ । आवश्यक सिंचाई, मलखाद, काँटछाँटलगायतको व्यवस्थापन गरिनुपर्दछ ।
- शहरमा हरियाली क्षेत्र विस्तारको लागि आवश्यक कृषि र वातावरणका प्राविधिकहरूको सरसल्लाह र तालिम बढाएर अगाडि बढ्नु पर्दछ ।
- स्थानीय जनसहभागितालाई प्राथमिकतामा गरिने कार्यहरू दीगो हुने गर्दछ ।

### भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ्ग सेवाको प्रतिवेदन (२०७५ कार्तिक महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | निधन | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | ९५ | ५७ | २२ | ७ | ११ | ३ | ८ | १० | १ | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० | २ | ३ |
| २ | रजनी सुवाल जरेजू | १०१ | ४४ | २२ | ७ | ० | ० | ३ | २ | २ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | अनु गोसाई | २५६ | ५१ | २५ | १४ | २२ | १३ | ३ | ६ | ० | ४ | १ | १ | २ | ० | १ | २ | ० | ३ | १ | ० |
| ४ | विमला कुम्पाख | २२३ | ७० | २७ | ११ | ११ | ३६ | ५ | ५ | ५ | ४ | ० | ० | २ | ० | १ | ० | ३ | २ | ४ | १ |
| ५ | मञ्जु छुकां | २१६ | ७९ | ४० | १३ | ५ | ५ | ९ | ६ | ४ | १ | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० |
| ६ | सृजना बोहजू | १२५ | ४३ | १७ | १० | ७ | ३ | ३ | १ | ० | ५ | २ | २ | ० | ० | ३ | २ | ० | ६ | १ | ० |
| ७ | सुमित्रा राजचल | २३० | ५१ | १० | १५ | १२ | ८ | ३ | ४ | ४ | ६ | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | ४३ |
| ८ | सरिता गोसाई | १०७ | ४० | १९ | ४ | ० | २ | ० | ५ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ |
| ९ | सविना दुवाल | १५० | ३० | ५ | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ४ |
| १० | मोनिका पही | ५४६ | ३७ | ४ | २ | ० | ० | ८ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५ | १३ |

# eQmk'/sf] hghLjg Ps kl/ro



न्हुछेरत्न बुद्धाचार्य

## प्राचीनकालमा जनजीवन

भक्तपुर एक प्राचीन ऐतिहासिक जिल्ला हो। यहाँको जनजीवनको इतिहास प्राचीन कालदेखि नेपालको इतिहाससँग सम्बन्ध छ।

भक्तपुरको प्राचीन नाउँ 'खोप्रिङ' थियो। यसको अपभ्रंश 'ख्वप' हुन गएको छ। 'ख्वप' अहिलेसम्म कायमै रहेको छ। इतिहासको क्रमअनुसार यहाँको जनजीवनको इतिहासलाई प्राचीन, मध्य र आधुनिककालको रूपमा विभक्त गर्न सकिन्छ।

प्राचीन कालमा काठमाडौं उपत्यकालाई 'नागदह' भनिन्थ्यो। यो दहको पानीको निकास खुलेपछि बस्न लायक ठाउँ बन्यो। अनि विस्तारै उपत्यका छेउछाउमा बस्तीहरू बस्न थाले। त्यही क्रममा खोप्रिङ बस्ती बस्यो। लिच्छविकालमा आएर खोप्रिङ ग्रामको अझ विकास भयो। अब यसालाई 'द्रग' भनियो र व्यापार केन्द्रको रूपमा परिणत भयो।

लिच्छविकालका शासकहरूले विशेष गरेर अंशुवर्माले यस जिल्लाको विकासमा जोड दिए। उनले खोप्रिङ 'द्रंग' लाई स्वशासनसम्बन्धी अधिकार सुम्पेर यहाँका जनतालाई प्रशासनमा बढी सक्रीय गराए। स्वशासनसम्बन्धी अधिकार प्रदान गरेका शिलालेखहरू भक्तपुरमा पाइएका छन्–

*'उनताका भक्तपुरमा केवल दुई गाउँ थिए, जो अचेलको तुलाछें र गोलमढी टोल हुन आएका छन्। अंशुवर्माले इ.सं. ५९५ मा यी दुवै गाउँमा अधिकार पत्रको रूपमा एक एक शिलालेख राखिदिएर दुवै शिलालेखमा 'तीन थरी पोतलिनाको लागि मात्र माल अड्डाका सिपाही आउने छन्। अपराधको निर्णय र लिखितहरूको रजिष्टरी आदि काम ग्रामको मुख्य प्रधान आदि तिमीहरू आफैले गर्नु भन्ने स्थानीय अधिकार प्रदान गरेका थिए।'*

(बाबुराम आचार्य, लिच्छविकालीन राजनीति र संस्कृति, नेपाल पत्रिका, त्रि.वि.)

प्राचीनकालमा भक्तपुरको जनजीवनको अध्ययनको लागि अत्यावश्यक सामग्रीको रूपमा अभिलेख, वंशावलीलाई लिन सकिन्छ। ती सामग्रीहरूको अध्ययनबाट तत्कालीन भक्तपुरको जनजीवनको जानकारी प्राप्त हुन्छ।

भक्तपुरको आर्थिक स्थिति ज्यादै उन्नत अवस्थामा रहेको पाइन्छ। प्राप्त सामग्रीको अध्ययनबाट प्राचीनकालमा कृषि उद्योगधन्दा तथा व्यापारको क्षेत्रमा उन्नति भएको कुरा थाहा पाइन्छ।

त्यसबेला यहाँका खेतहरूमा उत्पादन हुने मुख्य धान र गहुँ हुन्। कृषि उत्पादन वृद्धिका लागि नहर कुलोको पनि त्यस समयमा राम्रो व्यवस्था थियो। त्यसबेला जनतामा वचत गर्ने बानीको विकास भएको थियो। 'अक्षय निधि' अथवा कहिले क्षय नहुने कोष अथवा आधुनिक बैंकले जस्तै लेनदेनको काम पनि गर्दथ्यो भन्ने कुरा वि.सं. ५९७ को एक शिलालेखमा उल्लेख गरिएको छ।

त्यस्तै गाउँ विकासका महत्त्वपूर्ण कामहरू जस्तै पिउने पानीको निमित्त कुवा कुलोको (कूपजल द्रवणिका) प्रवन्ध थियो। फेरि यहाँ पशुपालनको पनि विकास भएको थियो। गाई, भैंसी, बाख्रा, भेडा आदि प्रमुख पाल्तु जनावर थिए। पशुपालन भक्तपुरमा एक पुरक पेशाको रूपमा थियो। हाँस र कुखुरा पाल्ने कार्यमा उत्साह देखिन्थ्यो। काष्ठ उद्योग पनि उन्नत अवस्थामा रहेको थियो। भक्तपुरका घरहरू काष्ठनिर्मित भई तिनीहरूमा काठका मूर्तिहरू सजाइनुको साथै भित्ते चित्रहरू पनि चित्रित गरिने परम्परा भएको उल्लेख गरेको छ। यसरी प्राचीन कालमा आध्यात्मिक उन्नतिमात्र नभई भौतिक उन्नति पनि पर्याप्त मात्रामा भएको थियो।

प्राचीनकालमा जनतामा दान प्रणालीबाट पनि त्यस समयको वैभव तथा सुखी जीवनको अनुमान सजिलैसित गर्न सकिन्छ। धार्मिक संस्थाका विभिन्न कार्यको निमित्त प्रवन्ध समितिको गठन हुन्थ्यो। समितिलाई गोष्ठी र त्यसको सदस्यलाई गोष्ठिक भनिन्थ्यो। गोष्ठी शब्दबाट गुठी शब्द बनेको हो। प्राचीनकालका धेरै गुठीहरू अहिलेसम्म चलेर आइरहेका छन्। गोष्ठीद्वारा गरिने काम जस्तै बटुवालाई बस्न सुविधा होस् भनी पाटी पौवा बनाउने, तिर्खाएका व्यक्तिले पानी पिउन कुवा बनाउँथे।

भक्तपुरको जनजीवनमा प्राचीनकालदेखि यहाँका जनतामा जनसेवा हुने कार्यमा धर्म हुन्छ भने धार्मिक भावनाको छाप परेको पाइन्छ। 'बाटो बढार्ने' गोष्ठी पनि शिलालेखमा

उल्लेख छ। हामीले आफू बस्ने ठाउँ र बाटोहरू बढारेर सफा राख्नु पर्दछ। एक जनाले मात्र गरेर यो काम हुने होइन, एउटा व्यवस्था बाँधी पालोपालो गरी यो काम चलाउनुपर्छ भन्ने भावनाले बाटो बढार्ने गोष्ठी बनेको थियो। भक्तपुरको जनजीवनमा सहकारिताको भावना थियो। सबै मिलेर गर्नुपर्ने काममा कुनैले काम गर्न चाहेन वा सकेन भने कामको सट्टामा आफूसँग भएको अन्न वा कुनै सामान सहायता दिएर मदत गर्दथे।

## मध्यकालमा जनजीवन

प्राचीनकालभन्दा पनि मध्यकालमा आएर भक्तपुरको जनजीवनको महत्त्व बढेको पाइन्छ। मध्यकालको पूर्वार्द्ध आएर भक्तपुरले नेपालको राजधानी बन्ने सौभाग्य पायो। यस राजधानीको नाम 'त्रिपुर' रहन गएको थियो। अब धार्मिक र सांस्कृतिक गतिविधिको पनि केन्द्र भक्तपुर बन्यो। मध्यकालमा भक्तपुरमा शिक्षाको राम्रो व्यवस्था थियो। त्यसैले विद्याको केन्द्र नै भक्तपुर बन्यो।

मध्यकालमा भक्तपुर एक मजबुत गढ थियो। यो गढ तयार गर्न भक्तपुरका सारा जनताले श्रमदान गरेका थिए। भक्तपुरका जनताले किल्लाहरूको निर्माण गर्दा ब्राम्हण, क्षेत्री, वैस्य, शुद्र चारै जातले मन लगाएर काठको भारी, इँटाको भारी आफै बोकी काम गरेको उल्लेख पाइन्छ। शहरलाई चारैतिरबाट ठूलो ठूलो पर्खालले घेरियो। पर्खालमा ठाउँ ठाउँमा किल्लाहरू बनाइए। बीच बीचमा मजबुत ढोकाहरू बनाइए। पर्खाल बाहिर चारैतिर खाडल खनिए। यसरी भक्तपुर शहरलाई आक्रमणबाट जोगाउन पुरापुर बन्दोवस्त भएको गढको रूपमा विकास गरिएको थियो। यो वि.सं. १५१० को यक्षमल्लको भक्तपुर दरबारको अभिलेखमा उल्लेख गरिएको छ। मध्यकालमा नेपाल उपत्यकामा आएका पादरीहरूले त्यसबेला यहाँको जनजीवन यसरी वर्णन गरेका छन्–

घरहरू पायः ३ र ४ तले छन्। घरका झ्याल ढोकाहरू काठका छन् र बाटोमा प्रायः इँटा र ढुंगा छापेका छन्। बाहिर देखिने गरी ढलहरू छन्। शहरका ठाउँ ठाउँमा पाटीहरू बनेका छन्। जनता त्यहाँ बसी आराम लिन्छन्। ढुङ्गेधारा, पोखरीहरू प्रशस्त छन्। सरसफाइको कमी छ तापनि यहाँका बासिन्दाहरू प्रायः राम्रा छन्। मझौला कद र गोरो रूपका छन्। प्रायः जनता हंसमुख मिजासिला छन्। भात मुख्य खाना छ। राँगाको मासु बढी प्रयोग हुन्छ। घ्यूभन्दा तेलको बढी प्रयोग गरिन्छ। जाँड, रक्सी पिउने चलन छ। साधारण लोग्ने मान्छे उत्सव, पर्व आदिमा प्रायः जामा लाउँथे। घरमा बस्दा धेरैजसो लवेदा, सुरुवाल लाउँथे। आइमाईहरू आफ्नै ढंगको चोलो फरिया लाउँथे। पटुका बाँध्दथे। पछेउरा, खास्टो ओढ्ने चलन छ।

भक्तपुरको जनजीवनको वर्णनबाट हामी थाहा पाउँछौ कि त्यस बेला भक्तपुरका मानिसहरू उद्यमी र मिलनसार थिए। मध्यकालमा पनि भक्तपुरका जनताको मुख्य पेशा खेती थियो। यस ठाउँमा घरमै बुनेको कपडा, धातुका भाँडाकुँडा र कलात्मक वस्तुहरू प्रचलनमा थियो। धान, पशु, द्रव्यद्वारा सरकारले कृषकको सहायता गर्दथ्यो। बाली तयार भएपछि सुविस्ताअनुसार दिएको सहायता चुक्ता गर्दथ्यो। कृषकहरू हृष्टपुष्ट रहेमा नै राजकोष बढ्ने हुनाले उनीहरूको स्वास्थ्य बढाउन तथा ब्यायामका निम्ति सरकारको तर्फबाट धन मिल्दथ्यो। मध्यकालमा भक्तपुर उब्जाउ प्रदेश हुँदा र जनसङ्ख्या वृद्धि पनि त्यति धेरै नभएको हुँदा मानिसहरूको जीवन सुखमय थिए।

त्यसबेला भक्तपुरमा मनोरन्जनको मुख्य साधन नाचगान थियो। त्यसबेला जनुसुकै उत्सव आदिमा पनि नाचगानको प्रदर्शन गरिन्थ्यो। नाच देखाउन टोल टोलमा डबलीहरू बनेका हुन्छन्।

उद्योगको विकासमा भक्तपुरमा ढलोटका मूर्तिहरू, भाँडाकुँडाहरू र सुनका गहनाहरू बनाउने उद्योग कायम थियो। यस्ता शिल्पकलामा यहाँका मानिसहरू सिपालु थिए। यसैगरी भक्तपुरमा मध्यकालमा तेल पिंध्ने, रंग बनाउने, रंग छाप बनाउने आदि साना–साना उद्योगहरू पनि चलेका थिए। १८५ वर्ष अघि लुगा बुन्ने अवस्थाबारे लेखिएको डा.केयबेलको पुस्तक 'Cotton manufacture in Nepal' भन्ने पुस्तकमा भक्तपुरमा सबैभन्दा राम्रोसित रंग रोगनको काम हुन्थ्यो। कपडामा राम्रो बुट्टा छाप्न सिपालु भनेर वर्णन गरिएको छ।

यसरी भक्तपुरका जनता उद्योगी मिहिनेतीमा मात्र प्रख्यात नभई देश र जनताको रक्षा गर्न सैनिकको रूपमा ज्यानको बाजी लगाएर भक्तपुरको रक्षा गरेका थिए।

वि.सं. १७८७ मा कान्तिपुर, ललितपुर र गोरखाका राजाहरूले परस्पर मिलेमतो गरी भक्तपुर राज्यको केही भागमा अधिकार जमाए। त्यसबेला भक्तपुरका जनताको सहायताद्वारा शत्रुहरू हराएर आफ्नो राज्य फिर्ता लिएको खुसियालीमा जनतालाई विशेष सहुलियत प्रदान गरेको कुरा भक्तपुर दरबारको एक ताम्रपत्रमा उल्लेख गरिएको छ। यसरी भक्तपुरका जनताले संकटकालीन स्थितिमा तनमनले सहायता गरेको भक्तपुरको जनजीवनको इतिहासमा ठूलो महत्त्व रहेको छ।

## आधुनिक कालमा जनजीवन

परिवर्तन विकासको सोपान हो । आधुनिक कालमा आएर भक्तपुरको जनजीवनमा धेरै नै परिवर्तन आयो । नेपालको एक ऐतिहासिक प्राचीन शहर भक्तपुरको जनजीवन आफ्नै प्रकारको छ । काठमाडौं र ललितपुरसित यहाँको जनजीवन धेरै कुराहरूमा समानता छ । तापनि भक्तपुरको रहनसहन, बोली र चाड पर्वहरू भिन्नै प्रकारको छ । भक्तपुरमा नेवार जाति नै बहुसङ्ख्यक रूपमा यत्रतत्र छरिएर रहेका छन् ।

भक्तपुर दरबार क्षेत्रको ५५ झ्याल दरबारसहित अरु मन्दिरहरू डातापोल मन्दिर, दत्तात्रय मन्दिरको संस्कृतिको दृष्टिकोणले यो जिल्ला एउटा नमुनाको रूपमा लिन सकिन्छ । यहाँको जनजीवन कला र संस्कृतिको आपसी सामन्जलस्यलाई लिएर विदेशी पर्यटकहरूले मुक्तकण्ठले गुणगान गरेका छन् । विशेष गरी भक्तपुर शहरलाई कसैले नेवार जातिहरूको कलाको अमर कृतिहरूको भण्डार भन्दछन् । भक्तपुर शहर र यहाँको जनजीवनको प्रशंसा गर्दै एकजना अमेरिकी पत्रकार इ.ए.पावेल (E.A.Powell) ले आफ्नो पुस्तक 'The Last Home of Mystery' मा लेखेका छन्–

'Whence There nothing else in Nepal saves the Durbar Square of Bhadgaun. It would still be amplyworth making a journey half way round the globe to sea it. It is treasure of Newari Art' अर्थात नेपालमा अरु केही नरहे पनि भादगाउँको दरबार क्षेत्र बचाउनु पर्छ । पूरै विश्व घुमे पनि यसको भ्रमणले आधा विश्व हेरे जतिकै महत्त्वपूर्ण हुन्छ । यो नेवारी कलाको ढुकुटी हो ।

यसरी पर्यटकहरूले समेत भक्तपुरको कलाकृतिको मुक्तकण्ठले प्रशंसा गरेका छन् । भक्तपुर काष्ठकलाको लागि प्रख्यात छ । यहाँ पेशाकै रूपमा उत्पादन गरिने भादगाउँले टोपी, जुजुधौ, माटाका भाँडाकुँडाहरू, आफ्नै हातले बुनेका नेपाली घर बुना कपडा अतीतदेखि यस जिल्लामा फस्टाउँदै आएको घरेलु उद्योगको प्रतीकको रूपमा मान्न सकिन्छ । यसलाई यस जिल्लाको खासगरी भक्तपुर शहरको जनजीवनलाई विचार गर्दा एउटा सभ्यताको संज्ञा दिनु अत्युक्ति नहोला । नेवार जाति बहुसङ्ख्यक रूपमा रहेको भएता पनि जिल्लाको वरपरका गाउँहरूमा तामाङ्ग, क्षेत्री, गिरी, बाहुन आदिले बसोवास गरेको पाइन्छ । यिनीहरूको आफ्नो संस्कार, परम्परा र मान्यताहरू विभिन्न पेशामा लागेर बसेका छन् ।

भक्तपुरमा प्रायः नेवारहरूका घरहरू एकै नासकै छन् । विशेष गरी ३ देखि ५ तल्लासम्मका घरहरू बनाउँछन् । बाक्लो जनसङ्ख्या भएको हुनाले घरहरू एकै ठाउँमा गुच्चमुच्च परेका छन् र एक अर्कासित जोडिएको भई आउने–जाने बाटो, मूल बाटाहरूसमेत पनि साँगुरा छन् । नेवारहरूमा विभिन्न जात अथवा थरहरू एकै टोलमा रहने परम्परा अद्यापि छँदैछ ।

भक्तपुरका नेवार जातिको मुख्य पेशाको रूपमा कृषिलाई लिन सकिन्छ । यसबाहेक यसको पूरक पेशाको रूपमा ब्यापार र घरेलु उद्योग पनि हुन् । घरेलु उद्योगको हकमा नेवारहरू आफूलाई चाहिने घर बुना कपडा आफैले उत्पादन गर्ने गर्दछन् । कृषि बालीमा आधारित चिउरा कुटने, परालबाट सुकुल र डोरी आदि बनाउने कामहरू पनि गर्दछन् । त्यस्तै दूधबाट बनाइने जुजु धौ पनि प्रख्यात छ । भक्तपुरका नेवार जातिको माटाका भाँडाहरू बनाउने आर्थिक स्रोतमध्ये एक हो । नेवारहरू व्यापारमा त्यतिकै सिपालु छन् । देशका कुना कुनासम्म पनि भक्तपुरका नेवारहरू व्यापार गर्दछन् । पछिल्लो समयमा परम्परागत जनजीवनमा विभिन्न परिवर्तनहरू दृष्टिगोचर हुन थालेको छ ।

अहिले भक्तपुर दिनानुदिन प्रगतिपथमा लम्बिरहेको छ । 'एक घर एक स्नातक' को आह्वानले शिक्षा क्षेत्रमा भक्तपुरले ठूलो प्रगति गरिरहेको छ ।

काठमाडौं उपत्यकामा तुलनात्मक रूपमा भक्तपुर हराभरा र सफा सहर देखिन्छ । भक्तपुरका निवासीहरूले स्वस्थ जीवन बिताइरहेका छन् । 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला संस्कृति' को सन्देश ले भक्तपुरको कला संस्कृतिको रक्षाले यो शहरको काँचुली नै फेरिएको छ ।

यसरी भक्तपुरको प्राचीन, मध्य र आधुनिककालमा जनजीवनको विकास तीव्रतासाथ भइरहेको पाउँछौं । नेपालको एक प्राचीन शहर भक्तपुर एक कलाकृति पूर्ण भएको ठाउँ हो । यसरी भक्तपुरको जनताको एकता, स्वाभिमानी, मिलनसार, सहकारिता सहअस्तित्वको भावनाले भक्तपुरको विकास निरन्तर रूपमा तीव्रतासाथ हुनेछ ।

### सहयोग सामग्री

१. Ancient Nepal– D.R. Regmi
२. Medieval Nepal– D.R.Regmi
३. पूर्व मेचीदेखि पश्चिम महाकाली (मध्यमाञ्चल ग्रन्थ)
४. मध्यकालीन नेपाल– सूर्य विक्रम ज्ञवाली
५. 'नेपाल' पत्रिका–त्रिविवि–लिच्छविकालीन राजनीति र संस्कृति– बाबुराम आचार्य
६. नेपाल परिचय –त्रि.वि. (प्राचीन र मध्यकाल)

# Nxf;f Kjf ;/:jtL:yfgsf] kl/ro



प्रेमप्रसाद काफ्ले

वागीश्वरी क्षेत्र चाँगुनारायण न.पा.-८ मा प्रसिद्ध सरस्वती स्थान रहेको छ । यस पावन स्थललाई महामण्डलेश्वर पहाड पनि भनिन्छ । विशाल चट्टानमा एक अलौकिक गुफा रहेको छ । वैदिक सनातन धर्मावलम्बीहरूले यसलाई महामण्डलेश्वरी सरस्वती गुफा भन्दछन् । नेपालभाषामा 'ल्हासा प्वा सर्व मा द्यो' भनिन्छ । यसको अर्थ सरस्वती गुफा हो ।

ब्रम्हा स्वरुपिणी वाणीको देवी सरस्वती भएकाले पनि यस पावन स्थानलाई वाक् ईश्वरी अर्थात् वागीश्वरी भन्ने गरिन्छ ।

बौद्ध धर्मावलम्बीहरूका अनुसार काठमाडौं उपत्यकामा बस्ती बस्नुभन्दा पहिले एक विशाल तलाऊ थियो । महाचीनबाट महामञ्जुश्री बोधिसत्व यस उपत्यकामा आउनु भई यसै वागीश्वरी क्षेत्रमा बसेर साधना तल्लीन रहनुभएको र स्वयम्भू भगवान् प्रसन्न भई उहाँलाई दर्शन दिनुभएको तत्पश्चात् यो काठमाडौं उपत्यका मानव बस्ती योग्य ठानी चोभारको डाँडो काटेर सबै जल तर्काइ दिनुभई मानव बस्तीको सुरुवात भएको भन्ने कुरा सुनिन्छ । श्री लीलाभक्त मुनंकर्मीद्वारा लिखित **'नेपालको सांस्कृतिक ऐतिहासिक दिग्दर्शन'** भन्ने पुस्तकमा यस स्थानलाई महामण्डल पर्वत भनिएको छ । हिमवत्खण्ड नेपाल महात्म्यमा रत्नचूड पर्वत भनिएको छ । वागीश्वरी महादेवको प्रसङ्गमा यसलाई भद्रा पर्वत भनिएको छ ।

२०३१ सालमा प्रकाशित सम्पादक वर्ष क्रिया पद्धति नामक ग्रन्थको पृष्ठ ४६ मा यस प्रकार उल्लेख भएको छ । (भूतमाली वोध के गुमा)

*मासे आस्व भुजे चैव मञ्जू देवेन श्रीमताः ॥*
*पतङ्गं धनुषाकारं निर्मित्वाकर्गले पुराः ॥*
*भरभराय बोधाय उटित्वा खे प्रदशैयेत ॥*
*तस्मात् सर्व मनुष्याणां सुखानन्दो भविष्येति ॥*

अर्थात्

महागुरु मञ्जुश्रीले श्री धर्माकरलाई यस उपत्यकाको राजा बनाए पश्चात् ल्हासा प्वा पर्वतबाट धनुषाकारको चङ्गा बनाई त्यसैमा चिठ्ठी लेखी ल्हासाको सरथपुरमा सन्देश पठाएको प्रसिद्धि छ । यो स्थान वागीश्वरी महामण्डल पर्वत 'ल्हासा प्वा' हो ।

सनातन धर्मावलम्बीहरूले यस पर्वत गुफामा रहेको शिलालाई सरस्वतीको स्वरूपमा र बौद्ध धर्मावलम्बीहरूले मञ्जुश्रीको रूपमा नित्य पूजा अर्चना गर्ने गर्दै आएका छन् ।

वि.सं. २००२ सालसम्म यस सरस्वती गुफामा कुनै मानव निर्मित रूप थिएन । त्यसै सालमा भादगाउँका शाक्यहरूले गुफाको द्वारमा एक सानो मन्दिर निर्माण गरिदिए । त्यसपछि स्थानीय जनता र शाक्यहरूको संयुक्त सहयोगमा मन्दिरको दायाँबायाँ दुईवटा सत्तल निर्माण भए । २०२४ सालमा गुफाद्वारमा अन्दाजी १८ इन्च अग्लो मञ्जुश्रीको मूर्ति निर्माण गरी माझमा प्रतिष्ठापित गरिदिएको छ । त्यसले गर्दा गुफाको मुख साँघुरो देखिन्छ ।

यहाँका निवासीहरूको भनाइअनुसार पुर्ख्यौली चलन



ल्हासा प्वा सरस्वतीस्थान

सरस्वती गुफामाथि घर हुनेले गुफामाथि घर भन्ने र गुफामुनि घर हुनेले गुफामुनि घर भन्ने चलन पनि छ।

*सिंह जस्तै तिमी उस्तै पापी संघार गर्दछ्यौ।*

*सिंह नाम पवित्रै हो भक्तमा भक्ति भर्दछ्यौ।*

त्यसैले पनि होला बेलाबेलामा यहाँ सिंह बाघको स्वर सुनिने गरेको। बाघ कराउँदै हिँड्ने र कहीँ कतै कसैको हानी नोक्सानी भने भएको सुनिंदैन।



ल्हासा प्वा को मुखमा मञ्जुश्रीको मूर्ति

यसबाट म यस्तो महसुस गर्दछु यस पावन स्थलको गाउँ, वन, खेती एउटै शब्दमा एकै अक्षर 'ब' बाट उच्चारण भएको छ, वागीश्वरी, बहालवन, बहालफाँट, आदि। यी शब्दले यो स्थान वाग् सिद्ध वा बाघ तीन रूपमा सिद्ध छ।

सरस्वती मन्दिर क्षेत्रको विकास क्रममा अहिले केही नयाँ कार्यहरू भएका छन्। जीर्णशीर्ण सत्तलहरू बौद्ध धर्मावलम्बीहरूको सहयोगमा पुनर्निर्माण भएका छन् भने गाउँबासीहरूबाट पनि सरस्वती मूर्ति मन्दिर प्रवेश द्वारमा निर्माण गरिएको छ।

यस सरस्वती गुफाको उत्तर भागबाट पवित्र सुवर्ण नदी बगेको छ। नदीको बहावभएको चट्टानमा प्राकृतिक स्वरूप निर्माण भएको छ। हेर्दा यो साह्रै सुन्दर र मनमोहक र मजबुत देखिन्छ। यस सरस्वती गुफाको आसपासमा रहेका अनेकौं वस्तुहरू साँच्ची नै जीवित जस्तै भान हुन्छ। यस गुफा माथिसम्मको भागमा सुवर्ण नदी मिश्रित भई प्रवाहित भएको छ। यही सीमा चौरको मिलन स्थललाई त्रिवेणी अर्थात् तिला, बोधिनी र सरस्वतीको सङ्गमस्थल भनिन्छ। त्यस सङ्गमस्थलबाट सुवर्ण नदी प्रवाहित भएको छ।

सरस्वती मन्दिरको केही माथि गौखुरेश्वर महादेवको मन्दिर रहेको छ। पत्थरमाथि गाईका खुरका चिन्ह देखिन्छन्। त्यसैले गौखुरेश्वर महादेव भनेको छ। त्यहाँका पहरालाई काटेर बाटो बनाइएकाले सो मार्ग ठाडो परेको देखिन्छ। ठाडै झरैको सुवर्ण नदी जो सरस्वतीस्थान र गौखुरेश्वरको बीचमा २-३ सय वर्ष पहिले प्रबुद्ध समाजसेवी जिम्मे दमाईले एक, सुन्दर आकर्षक उच्च कोटीको मजबूत ढुङ्गाको साँघु निर्माण गरिदिएका थिए जो अद्यापि मौजुद रहेको छ।

यिनै जिम्मे दमाईले गुफामुनि भादगाउँ जाने मार्गमा सुवर्ण नदीमा पनि मजबूत अर्को साँघु बनाइदिएका छन्। यस साँघुमा गाईका खुरको चिन्ह भएको एक सुन्दर ढुङ्गो पनि रहेको छ। यसैको दायाँपट्टि सूर्यकुण्ड नामक एक पोखरी रहेको छ। यस पोखरीको बारेमा यस प्रकारको किम्बदन्ती रहेको पाइन्छ–

प्राचीनकालमा समुद्र मन्थनबाट निस्केको कालकूट विष भगवान् शिवले पान गर्नुभए पश्चात् विषको डाहा शान्तगर्न यत्रतत्र भ्रमण गर्दै यस स्थलमा आइपुगे पश्चात् भगवान् सूर्य नारायणले प्रभुलाई प्रसन्न तुल्याउन यो तलाऊ निर्माण गर्नुभएको र पछि भगवान् शिव केही समय यस तलाऊमा विराजमान भै विष डाहा शान्त गर्न केही मद्दत पुगेकोले सूर्यदेखि प्रसन्न भई यस तलाऊको नाम सूर्यकुण्ड रहेको आख्यान रहेको छ। तदनन्तर भगवान शिव रत्नचूड पर्वतको शिखर तलाऊमा गई विराजमान हुनु भएको भन्ने भनाइ छ। यस कुण्डको दृश्य रमणीय देखिएता पनि जलको अभावमा अहिले बाँझो चौरमा परिणत भएको छ। यस कुण्डमा आउने जल अन्यत्रै लगिएकाले यो अवस्था हुन गएको हो। यस्तो धार्मिक महत्त्व भएको सूर्य कुण्ड पूर्ववत् कुण्डकै रूपमा रहन सम्बन्धित क्षेत्रको ध्यान आकर्षित गर्न चाहन्छु। यस क्षेत्रको आसपासमा रहेको ठाउँलाई जितपुर भनिन्छ।

सूर्यकुण्डको समीपबाटै उपत्यकामा तिनै सहरबाट सरस्वतीको दर्शन गर्न आउनेजाने मार्ग पर्ने र विशेष गरी श्रीपञ्चमी, तीज पर्वमा यहाँ ठूलो मेला लाग्ने गरेको छ। भक्तजनहरूले आफ्ना बालबालिकाहरूलाई सरस्वती मन्दिरमा ल्याएर अक्षराम्भ गराउने चलन पनि अद्यापि छँदैछ। सरस्वती गुफाको मुख हाँसले 'आँ' गरेको जस्तो देखिने र वाणीका चारचरण परा, पश्यन्ति, मध्यमा र बैखरीलाई समेत इङ्कित गरेको आभास हुने हुनाले पनि यो गुफा सरस्वतीको साकार

रूप भएको महसुस गरिन्छ। दिशा दर्शनलाई दृष्टिगत गर्दा स्वयम्भू सरस्वती र यी सरस्वतीको तादात्म्य रहेको पनि भान हुन्छ। सरस्वतीको स्वरूप सत्वो गुण सेतो हंसवाहण भएकोले पूजा आराधनालाई सेतो वस्त्र, चाँदीका गहना लावा, फलफूल, दही, दूध, अक्षता आदि सेतै प्रयोग गरिन्छ।

यो सरस्वती गुफाभित्र ल्हासा प्वाबाट आएको चिसो हावाले शरीर स्पर्श गरेको अनुभव हुन्छ भन्ने भनाइ यहाँका बुढापाका र पुजारीको छ। सरस्वती गुफाको सान्निध्यबाट प्रवाहित भएको सुवर्ण नदी ठाडो छहराको रूप लिंदै समथर भागमा पुगेको ठाउँलाई गुथली सहर भनिन्छ। यी सुवर्ण नदी ढलेर बगेपछि नै सुढाल नामाकरण भएको अर्को प्रसङ्गमा यस स्थानलाई सुढाल 'डाबुँ' पनि भनिन्छ। यहाँ चट्याङ्ग पर्दा आकासबाट माछाहरू खस्छन् भन्ने भनाइ छ। हुन पनि यहाँ विशेष गरेर माछा पाइने गरिन्थ्यो।

यस गुथलीमा उत्खनन गर्दा पुराना ऐतिहासिक ४"x६"x८" इन्चका सुन्दर पुराना इँटाहरू पनि पाइएकोले प्राचीनकालमा यहाँ सहर रहेको अनुमान गर्न सकिन्छ।

धेरै वर्ष पहिले सरस्वती मन्दिरमा भाजुरत्न बज्राचार्य भन्ने पुजारी थिएरे। यिनको परिवारमा भेडा पालिने गरिन्थ्यो। यिनकी धर्मपत्नी बिहान भेडा चराउन लैजाने गर्थिन्।

पुजारीले हरेक दिन सरस्वतीको बिहानको पूजा पश्चात् भोलिपल्टको पूजाको लागि सरस्वतीको पादुकासहित प्रसादसमेत थालीमा राखी गाउँमा प्रसाद वितरण गर्दै सामग्री सङ्कलन गर्ने गर्दथे।

एक दिनको कुरा हो। पुजारी घरमा आइपुगेका थिएनन्। श्रीमती चाहिँ भेडा चराई घर आइपुगिन्। अन्दाजी बिहान ९ बजेतिर एक यस्तो दिव्य ध्वनि आयो- उठ, उठ पूर्वतिर जाऊ भेडा निकाली लैजाऊ भन्ने शब्द धर्म पत्नीको कानमा परेछ। यसलाई त्यति वास्तै नगरी घर भित्रै बसिन्। पटक पटक ध्वनि आएकोले छिमेकीहरूले पनि सुनेछन्। अकस्मात् सरस्वती गुफालाई ओत दिएको एक विशाल ढुङ्गो खसेछ र टुक्राटुक्रा भएछ। यो ढुङ्गाले पुजारीको घर, गाउँको बस्तीलाई समेत कुनै हानी नोक्सानी नपुऱ्याई गुफा परिसरमा नै टुक्राटुक्रा भएर छरिएछ। यसका अवशेषहरू अहिले पनि यत्रतत्र देखिन्छ। वयोवृद्ध ९२ वर्षीय श्री रघुनाथ तिमल्सिनालगायतका अन्य वृद्ध महानुभावहरूबाट मुखामुख सुनिएको छ। सरस्वती गुफामुनि रहेको प्राचीन ढुङ्गेधारामा सरस्वतीको पाउबाट निस्केको जल पेय लायक अत्यन्त स्वादिलो रहेको छ भन्ने आगन्तुक अतिथिहरूबाट समेत सुनिएको छ।

२५-३० वर्ष अगाडिको घटना मलाई याद छ, पुजारी बाघरत्न बज्राचार्यले सरस्वतीको पादुका लिएर किसानहरूका खेतमा धानका खलाखलामै पूजाको थालीमा धान संकलन गरेको र श्रद्धाभक्तिपूर्वक किसानहरूले दिने गरेका थिए। कथंकदाचित् पादुकामा प्रसाद लिएर पुजारी नआएमा किसानहरू दु:ख मान्दथे। यस्तो धार्मिक सामाजिक महत्त्व भएको साक्षात् सरस्वतीको स्थानको चौतर्फी विकास र प्राचीन परम्परागत व्यवस्थापनको संरक्षण संवर्द्धनमा सबै सचेत र क्रियाशील रहन र हरेक धार्मिक तथा अन्य पर्यटकहरूलाई जानकारी पुऱ्याउन यहाँहरूमा आग्रह गर्दछु।

*(चाँगुनारायण नपा-७, वागिश्वरी, भक्तपुर)*

तस्बिरहरू : चाँगुनारायण फोटोग्राफी

# मौलिकतामा हस्तक्षेप

विश्व सम्पदा क्षेत्रमा सूचीकृत भक्तपुर दरबार क्षेत्रस्थित मल्लकालमा निर्मित चारधामअन्तर्गतको रामेश्वरको शिवलिङ्गमा मंसिर ४ गते राती अज्ञात समूहले सिमेण्ट प्लाष्टर गरी ऐनाको टुक्रा टाँसिएकोमा भक्तपुर नगरपालिकाले उक्त सिमेण्टको प्लाष्टर सफा गरी पूर्ववत स्वरूप दिइएको छ।



अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# eQmk'/df hg} kl0f{dfsf]dxŒj



प्रा.डा.शिवप्रसाद धौभडेल

भक्तपुरको तिल माधवनारायण मन्दिरमा परापूर्वकालदेखि बिहान र बेलुकी पश्चिमपट्टिको फलेचामा भजन गर्ने गुठी छ। बेलुकाको भजनमा गुठीका सदस्यहरू सबै भजन गाउन आउँछन्। यदि गुठीका कोही सदस्य आएन भने उसले एक पैसाको बं (जरिवाना) तिर्नुपर्ने हुन्छ। अतः त्यो गुठीको सदस्यमा मेरा बाजे बराजुदेखि नै बसेर आएको हो। मेरा बुबा पञ्चलाल धौभडेलको फुर्सद नभएको समयमा मलाई जान भन्नुहुन्थ्यो। बं (जरिवाना) बचाउनलाई म १० वर्षको छँदादेखि बुबाले मलाई भजनमा सामेल गराउनुहुन्थ्यो। भजनमा पञ्च भजन पहिले गर्थ्यौं। त्यसको सुरुको बोली यस्तो थियो–

'पाप दहन पंचायण मूर्ति, सकल सरासूर बन्दीत हे प्रभु'

त्यसबेला भजनीयाहरूले सो भजनको हस्तलिपी किताबमा लेखेको कुरा मलाई भन्नुहुन्थ्यो। उपरोक्त भजन हाम्रो भक्तपुरका मल्ल राजा रणजित मल्लका बाजेले कैलाशमा गाएको महादेवको प्राथना स्तुति हो भन्नुहुन्थ्यो। सो भजन गाएर मल्ल राजा कैलाशबाट जनै पूर्णमाको दिन भक्तपुरको कालदह पोखरीबाट निस्केको थियो।

त्यस दिनदेखि जनै पूर्णिमाको दिन कालदहमा मेला लाग्छ। भक्तहरू नुहाउँछन्, महादेवको पूजा गर्छन्। यसरी जनै पूर्णिमाको ठूलो महत्त्व छ भक्तपुरमा। रणजित मल्लका बाजे मल्ल राजा कैलाश कसरी पुग्यो त्यसको एउटा किम्बदन्ती कथा छ। जनै पूर्णिमाको दिन गोसाईकुण्डमा मेला भर्न गएका भक्तजनहरू फर्कन्छन्। गोसाईकुण्डमा जाने भक्तजनहरूले आफ्नो गक्षअनुसार दहमा पैसा चढाएर आउँछन्। एक साल नेपाल खाल्डोमा तीन राजाहरू मेला भर्न गएछन्। कान्तिपुरका राजाले सुनको गोरु (महादेवको बाहन) बनाएर दहमा खसालेछन्। ललितपुरका राजाले तामाको गोरु खसालेछन्। भक्तपुरका राजा (रणजित मल्लका बाजे) ले ढुङ्गाको गोरु बनाएर खसालेछन्। गजबको घटना भएछ। सुनको र तामाका गोरुहरू दुवै दहमा डुब्यो तर ढुङ्गको गोरु पानीमा डुबेन। भक्तपुरका राजाले आफ्नो बेइज्जत भएको सम्झे– महादेवले स्वीकार गरेनन् भनेर। तब लाज र दुःखले राजा आफै उक्त पोखरीमा हाम फालेर ढुङ्गाको गोरुमा बस्न गएछन्, राजा र गोरु दुवै तल पानीमा डुबेछन्। राजा कैलाशमा पुगेछन्। महादेवले दर्शन दिएर भने – तिमीलाई मैले यहाँ बोलाउनलाई यसो गरेको मात्र हुँ। राजा महादेवका ठूलो भक्त थिए, उनले उपरोक्त पाप दहन गर्न भजन गाएका थिए।

महादेव खुशी भएर भनेछन् – तिम्रो राज्य अब धेरै टिक्नेछैन। 'तिमीले मेरो भजन गरेबापत् तिम्रो राज्य ३ पुस्तासम्मको लागि थमाइदिन्छु।' त्यसपछि राजाले दर्शन गरेर फर्केर आउन महादेवले उनलाई काल दहबाट निस्कने गरिदियो भन्ने कुरा कथन छ।

उनले गाएको भजन उक्त भजनमण्डलमा उल्लेख छ। अतः जनै पूर्णिमाको साँझ भक्तपुरको दरबार क्षेत्रमा अवस्थित पशुपति मन्दिरको दक्षिणमा एउटा चोक छ, त्यहाँबाट जनैपूर्णिमाको दिन घिन्ताङघिसिको दफाले साँझमा देशभरि घुम्दछ र भोलि सापारुको दिनमा घिन्ताङघिसि नाच गर्ने खुल्दछन्।

घिन्ताङघिसि भनेको महादेवले पठाएको यमराजका दूतहरू हुन् भन्निछ। जसले देशभरि मरेका मानिसका ताहा साँ, दोक साँको रूपमा पठाएको गाईले मरेका मानिसको बैतर्नी तर्नलाई मद्दत गरेको हुन्छ। त्यसैले ताहा साँको अगाडि घिन्ताङघिसि नाचेर आएको हुन्छ। घिन्ताङघिसि भक्तपुरको एउटा महत्त्वपूर्ण सांस्कृतिक कार्यक्रम हो।

त्यसको प्रमाण छ। दुई बाजाहरू – १. 'घिनीत्वां घिनीत्वां घिन्ताङघिसि त्वां, नाघिनाना घिनीत्वां घिन्ताघिसि त्वां' खीं ढलकको बाजा बज्दछ, २. त्यसपछि नेपाली कनाथ बाजा माँहाली बाजा बज्दछ, 'ताहामचा गनातय् ग्वाखंप्वाले तय्, ग्वाखंप्वाले मन्हेसा खुसीं चुइका छोय्'। १ र २ नं. को बाजाहरू एक पछि अर्को गरी नियमले बाजा बजाउँदै ताहा साँका साथ घिन्ताङघिसि नाचेर आउँछन्। यो एउटा विशेष संस्कृति भक्तपुरको विशेषता हो। यसले भक्तपुरको नेवारी संस्कृतिमा ठूलो देन रहेको छ भन्ने प्रमाणित गर्दछ र यसबाट भक्तपुर एउटा श्रेष्ठ नगर हो भन्ने कुरा पनि देखिन्छ। यसरी भक्तपुरमा जनै पूर्णिमा र सापारुको ठूलो महत्त्व छ।

# भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण

यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपंको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ – 'भक्तपुर'

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| **वडा नं. १० (हाल वडा नं. २)** | | | | | | | | |
| १७० | चोछेंव्यासी | बाटो | बाटो | ढुंगेधारा | बाटो | चोछें बस्ने शेरबहादुर थुसासमेतको पाटी | दक्षिण मोहडा कवल ३, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४२ अंक ५ |
| १७१ | चोछेंव्यासी सँगैको | बाटो | बाटो | किसव्वारको घर | बाटो | चोछें बस्ने लतंकुमार राजचलको दत्तपाटी | दक्षिण मोहडा कवल ५, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४२ अंक ५ |
| १७२ | चोछेंव्यासी सँगैको | बाटो | गणेशबहादुरको बगैंचा | बाटो | धारा | | पूर्व मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १७३ | चोछेंव्यासी सँगैको | बाटो | गणेशबहादुरको बगैंचा | बाटो | धारा | यालाछें भजनगुथिले मर्मत गरी आएको | दक्षिण मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १७४ | विष्णुमती पाटी | बाटो | बाटो | बाटो | बाटो | सुकुलढोका बस्ने मिनबहादुर लालबहादुर भजुको दत्त | धाप भएको | वर्ष ३, २०४२ अंक ५ |
| १७५ | छ्वास पाटी | बाटो | चन्द्रबहादुर लाखेको घर | किसंबहादुर लाखेको घर | बाटो | माथि ३ तले घर हरि बासुकलाको | दक्षिण मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १७६ | छ्वास पाटी | बाटो | नन्दलालको सागाल | कृष्णबहादुरको घर | ढुंगेधारा र बाटो | सार्वजनिक पाटीमाथि नन्दलाल बसीआएको | दक्षिण मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १७७ | द्वाक फल्चा | बाटो | बाटो | जीतबहादुरको बगैंचा | बाटो | यालाछें व्यासीको भजनगुथिबाट मर्मत गरी आएको | दक्षिण मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १७८ | द्वाक फल्चा | बाटो | गोपी कोजुको घर | बाटो | बाटो | जमिन तल छिंडीमाथिको पाटी सार्वजनिक, माथि २ तले घर गोपी कोजुको। | दक्षिण मोहडा कवल ५ | वर्ष ३, २०४२ अंक ५ |
| १७९ | द्वाक फल्चा | बाटो | बाटो | बाटो | बाटो | जगतमाया खोतेजानीको र जसबहादुर कोजुको दत्त | पूर्व मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १८० | माधचाको पाटी | किसंकुमारको घर | दबु | बाटो | महादेवको मन्दिर | भजनगुथिको पाटी | पश्चिम मोहडा कवल ५ | वर्ष ३, २०४२ अंक ५ |
| १८१ | माधचाको पाटी | स्कूल | बाटो | जितबहादुर कोजुको घर | बाटो | सार्वजनिक, हाल पाटीमाथि रा.प्रा.स्कूल | दक्षिण मोहडा कवल ५ | वर्ष ३, २०४२ अंक ५ |
| १८२ | शारदा मा.वि. | चोक | बाटो | लतंबहादुरसमेतको घर | गलीबाटो | मुनंकर्मी दाजुभाइ जवान २५ को दत्तपाटी | पश्चिम मोहडा कवल ३ | वर्ष ३, २०४२ अंक ५ |
| १८३ | खिछें | बाटो र इनार | सत्यबहादुर समेतको साझा चोक | आगंघर | राधेश्याम च्यूंच्यू को घर | सत्यबहादुर कर्माचार्य र इश्वरी प्रसादको | पूर्व मोहडा कवल ३X३ | वर्ष ३, २०४२ अंक ५ |
| १८४ | यालाछें बालाखु | माधवलाल र उद्धवलालको घर | बाटो | माधवलाल र उद्धवलालको घर | बाटो | माथि निजको र माथि घरमा निजनै बसीआएको | पश्चिम मोहडा | वर्ष ३, २०४२ अंक ५ |
| १८५ | यालाछें बालाखु | माधवलाल र उद्धवलालको घर | बाटो | माधवलाल र उद्धवलालको बगैंचा | बाटो | उद्धवलाल माधवलालको दत्तपाटी | दक्षिण मोहडाको १ तले | वर्ष ३, २०४२ अंक ५ |
| १८६ | यालाछें बालाखु | बाटो | किसलाल प्रधानाङ्को घर | दासको पाताल | दासको घर | कृष्णपिया समेत ३ जनाको दत्त पाटी माथि कीसलाल प्रधानाङ बसिआएको | पश्चिम मोहडा | वर्ष ३, २०४२ अंक ५ |
| १८७ | यालाछें बालाखु | सरकारी बगैंचा | बाटो | बाटो | सरकारी बगैंचा | कृष्णपिया समेत ३ जनाको दत्तपाटी | उत्तर मोहडा कवल ४ | वर्ष ३, २०४२ अंक ५ |
| **वडा नं. १५ (हाल वडानं. २)** | | | | | | | | |
| २६३ | इताछें | भगवतराम झाको घर | गणेश मन्दिर | द्योछें घर | मूल सडक | सार्वजनिक पाटीमाथि गणेशको द्योछें घरमा आसमरु कोजु बसिआएको | दक्षिण मोहडा ७ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २६४ | इताछें | पाटी | गणेश मन्दिर | गणेशको पाताल | मूल सडक | सार्वजनिक पाटी | दक्षिण मोहडा १ क्वल, पूर्व पश्चिम १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २६५ | इताछें | गणेशको मन्दिर | गणेश बहादुर सुवाल समेतको घर | गणेशको पाताल | मूल सडक | कारंजितहरुको पाटी | दक्षिण मोहडा १ कवल, पूर्व पश्चिम १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २६६ | इताछें सुकुको | संघरत्न शाक्यको घर | विकुबहादुर जोशीको घर | संघरत्नको पाताल | मूल सडक | पूर्व २ कवल गणेशबहादुर कसलवत समेत पश्चिम १ विकुं बहादुरको दत्त। | दक्षिण मोहडा ३ कवल, पूर्व पश्चिम १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २६७ | इन्द्रायणीको घर | बाटो | सार्वजनिक स्थान | इनद्रायणीको द्योछें घर | मूल सडक | गुठी संस्थामा दर्ता भएको पाटी | पूर्व र दक्षिण मोहडा १२ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २६८ | पीठको | बाटो | बाटो | बाटो | बाटो | विज्ञानबहादुर समेतको दत्त | उत्तर मोहडा ५ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २६९ | पीठको | स्कूलको बगैंचा | बाटो | बाटो | बाटो | इताछें भजन गुथिको पाटी | पश्चिम मोहडा ५ कवल, दक्षिण १ | वर्ष ४, २०४३ अंक ९/१० |
| २७० | पछाडिको | बाटो | सार्वजनिक स्थान | सार्वजनिक जग्गा | बाटो | सार्वजनिक पाटी | पूर्व मोहडा ५ कवल, दक्षिण ३ | वर्ष ४, २०४३ अंक ९/१० |
| २७१ | लस्का भगवानको | खुसुहरुको साझा बगैंचा | बाटो | बाटो | पाटी | हर्षलाल मानन्धरको दत्त पाटी माथि भजन घर | दक्षिण मोहडा ४ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २७२ | लस्का भगवानको | रत्नको बगैंचा | बाटो | घर | बाटो | भजनको नाईके बुलाल मानन्धरसमेतको दत्तपाटी | पश्चिम मोहडा ५ कवल, उत्तर दक्षिण १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २७३ | लस्का भगवानको | बाटो | रत्नबहादुरको सागल | भगवानको मन्दिर | विष्णु मानन्धरको घर | रत्नबहादुर मानन्धरको दत्त पाटी माथि ३ तले घरमा निज नै बसिआएको | उत्तर मोहडा ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २७४ | लस्का भगवानको | बाटो | बाटो | आसनारांको घर | श्रीलाल(?) | पुष्पराज शाक्यको दत्त पाटी | दक्षिण मोहडा ३ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २७५ | मेठीवारीको | बाटो | चौर | पाटीको धाल्मा (अं.४ हात खेत) | बाटो | धौभडेलहरुको दत्त पाटी | दक्षिण मोहडा ५ कवल, पूर्व पश्चिम १-१ | वर्ष ४, २०४३ अंक ९/१० |
| २७६ | कुमलाचा ध्वंजुको पाटी (१४) | पुनलाल ग्वाछाको घर | धारा र बाटो | बाटो | राधे ध्वंजुको नै घर | जीतेन्द्र जोन्छेको निजी पाटी | पश्चिम मोहडा ३ कवल, उत्तर १ | वर्ष ४, २०४३ अंक ९/१० |
